लेखापरीक्षण प्रतिवेदन

खजुरा गाउँपालिका, बाँके

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

खजुरा गाउँपालिका, बाँके

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/569

श्रीमान अध्यक्षज्यू,
खजुरा गाँउपालिका,
गाँउ कार्यपालिकाको कार्यालय,
बाँके ।

विषय- लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/569

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान अध्यक्षज्यू ,

खजुरा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

बाँके।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिमको ढाँचामा वित्तीय विवरण तयार तयार गर्नु पर्नेमा यस पालिकाले अन्तरसरकारी अख्तियारी तर्फको आर्थिक कारोबारको विवरण समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. गाउँपालिकाको आय- व्यय तर्फ रु१ अर्ब ९३ करोड ७८ लाख ३२ हजारको लेखापरीक्षणबाट रु.४ करोड ६४ लाख ७३ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु २९ लाख ९२ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रू १२ लाख ६८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड १० लाख ५० हजार, नियमित गर्नुपर्ने रु.३ करोड ११ लाख ६२ हजार बाँकी समेत रु ४ करोड ३४ लाख ८० हजार रहेको छ।. गत वर्षसम्म रु.३० करोड ७९ लाख ७९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.३५ करोड १४ लाख ५९ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत खजुरा गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम							
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
८३	८२	४,६४,७२,५०७	०	४१	२९,९२,४२२	०	८३	४१	४,३४,८०,०८५	१२,६८,२४२	३,११,६२,३०९	१,१०,४९,५४४	०	०	४,२२,११,८५३	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
बाँके	३०,७९,७९,०००	-	-	३०,७९,७९,०००	-	४,३४,८०,०८५	३५,१४,५९,०८५

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	९६	वित्तीय साक्षरता कार्यक्रम सञ्चालन	७,५००
२	२०८१/८२	५६.२	वडा नं ३ खजुरा बजारभित्र नाली निर्माण कार्य ठेनं (४-०७९।०८०)	१,०२,८०८
३	२०८१/८२	३९	वडा नं २ मा सामुदायीक भवनमा थप पुर्वाधार निर्माण:-(०८०।०८१-२४)	३,५९,२६९
४	२०८१/८२	९४	लेखापरीक्षण प्रतिवेदन	५,०७,७६७
५	२०८१/८२	२७	रोयल्टी कट्टी नगरेको	६,५०९
६	२०८१/८२	६५	पोशाक भत्ता	२,४८,६५०
७	२०८१/८२	७८।७२	बढी भुक्तानी	६,३५०
८	२०८१/८२	७६	पेश्की	१५,००,०००

९	२०८१/८२	८८	पाठ्यपुस्तकमा बढी निकासा	१,३८,०७६
१०	२०८१/८२	९२	तलब बढी निकासा	९९,९८३
११	२०८१/८२	७९	सवारी साधन भाडा	१५,५००
प्रतिक्रियाबाट सम्परीक्षण जम्मा				**२९,९२,४१२**

खजुरा गाउँपालिका, बाँके

(८०५५७५०१३००)

खजुरा गाउँपालिका , बाँके

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्न र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्न पालिकाको उद्देश्य रहेको छ।यस पालिकामा ८ वटा वडा, १०१.९१ वर्ग किलोमिटर क्षेत्रफल तथा ६४९०८ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०८।०६ देखि २०८२।०८।१० सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय – व्ययतर्फ रु.१ अर्ब ९३ करोड ७८ लाख ३२ हजार ५२ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ एकीकृत आर्थिक विवरण

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले पेश गरेको आर्थिक वर्ष २०८१।०८२ भएको खर्चको एकिकृत आर्थिक वित्तीय विवरण देहायबमोजिम रहेको छ ।

विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात		८८८५४०७३	चालु खर्च		५२०५३६७७४
१.संचित कोष	५९६६४६४०		१. पालिका तर्फ	२०३५०५२११	
२.धरौटी	२१००६०८७		२. संघीय सशर्त	३११६५०६१४	
३.कार्यसञ्चालन कोष	११५२६१६		३. संघीय विशेष	४४१८८५५	
४. अन्य कोष प्रकोप	७०३०७३१		४. प्रदेश सशर्त	९६२०९४	
यस वर्षको आय			५. प्रदेश विशेष	०	
१.आन्तरिक आय	२०४८९१७२	२०४८९१७२	पुँजीगत खर्च		१७९४४३२९७
२. वित्तीय हस्तान्तरण (संघ)			१. पालिका तर्फ	१४८८१२९४९	
क) समानीकरण अनुदान	१३६९९७६८०	५८३७८३२३५	२. संघीय सशर्त	१९६२६०७३	
ख) राजस्व बाँडफाँट	११०९६१४६२		३. संघीय विशेष	०	
ग) सशर्त अनुदान	३३१२७६६८७		४. संघीय समपुरक	०	
घ) समपुरक अनुदान	०		५. प्रदेश सशर्त	४४४९७२९	
ङ) विशेष अनुदान	४४१८८५५		६. प्रदेश विशेष	१९९९७००	
च) रोयल्टी	१२८५५०		७. प्रदेश समपुरक	४५५४८४६	
छ) अन्य			अन्तर सरकारी अख्तियारी (संघ)		२७२४९८७४०
३. वित्तीय हस्तान्तरण (प्रदेश)		५२८९४८३४	क) सामाजिक सुरक्षा	२४३६९९५६७	
क) समानीकरण अनुदान	१०४७६०००		ख) स्थानिय पुर्वाधार सहयोग कार्यक्रम	२२३०३३६३	
			ग)स्थानिय तह प्रशासकिय भवन पुर्वाधार विकास कार्यक्रम	१२७०४८३	
ख) राजस्व बाँडफाँट	३०४५२८२५		घ)श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	३०००००	
			ङ)स्वास्थ क्षेत्र सुधार कार्यक्रम	४९२५३२७	
ग) सशर्त अनुदान	५४११८२३		अन्तर सरकारी अख्तियारी (प्रदेश)		
घ) समपुरक अनुदान	४५५४४८६		ऋण फिर्ता(साँवा)		
ङ) विशेष अनुदान	१९९९७००		ऋणको ब्याज भुक्तानी		
च) रोयल्टी	०		धरौटी फिर्ता तथा सदर स्याहा	५०१३५५५	५०१३५५५
छ) अन्य	०		कार्यसञ्चालन कोषबाट भएको खर्च	०	०

			विविध खर्च खाताबाट भएको खर्च	४५३६६२०	४५३६६२०
४. अन्तर सरकारी अख्तियारी (संघ)		२७२४९८७४०	प्रकोप व्यवस्थापन कोषबाट खर्च	६०६३०७४	६०६३०७४
क) सामाजिक सुरक्षा	२४३६९९५६७		गैरसरकारी संस्थाबाट सञ्चालित योजना		
ख) स्थानीय पुर्वाधार सहयोग कार्यक्रम	२२३०३३६३		अन्य सहयोगमा सञ्चालित योजना		
ग)स्थानीय तह प्रशासकिय भवन पुर्वाधार विकास कार्यक्रम	१२७०४८३		अन्य खर्च भएमा		
घ)बालश्रम न्यूनीकरण कार्यक्रम	३०००००				
ङ)स्वास्थ क्षेत्र सुधार कार्यक्रम	४९२५३२७				
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)			अनुदान फिर्ता		
क)स्वास्थ क्षेत्र सुधार कार्यक्रम	०				
६. ऋण/ वित्तीय व्यवस्था			१. संघ तर्फ		
७. धरौटी आय	८०८१०३०	८०८१०३०	क) सशर्त अनुदान		
८. विविध खर्च खाता	४५३६६२०	४५३६६२०	ख) विशेष अनुदान		
९. प्रकोप व्यवस्थापन कोष	७३३७९०३	७३३७९०३	ग) समपुरक अनुदान		
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना			२. प्रदेश तर्फ		
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना			क) सशर्त अनुदान		
१२. अन्य आय भएमा		११८४५९	ख) विशेष अनुदान		
			ग) समपुरक अनुदान		
			अन्तिम मौज्दात		५०५०२००५
			१. संचित कोषको मौज्दात	१६९७०२६८	
			२. धरौटी	२४०७३५६२	
			३. कार्यसञ्चालनकोष	११५२६१६	
			४. प्रकोप व्यस्थापन कोष	८३०५५६०	
जम्मा		१०३८५९४०६५	जम्मा		१०३८५९४०६५

३ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०)तयार गर्नुपर्छ। पालिकाले अन्तरसरकारी अख्तियारी तर्फ सामाजिक सुरक्षा र संरक्षणमा रू. २४,३६,९९,५६७/-, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा रू. ४९,२५,३२७/-, स्थानीय पूर्वाधार सहयोग कार्यक्रममा रू.२,२३,०३,३६३.३४, स्थानीय तह प्रशासकिय भवन पुर्वाधार विकास कार्यक्रममा रू.१२७०४८३/- र बालश्रम न्यूनीकरण कार्यक्रम वापतको रू.३,००,०००/- गरी जम्मा रू.२७,२४,९८,७४०.३४ सुत्रमा लेखाङ्कन गरेको छैन। पालिकाले अनुसूची १४ मा अन्तरसरकारी अख्तियारी समावेस गरी एकिकृत बजेट तथा खर्च विवरण तयार गरेता पनि सो समावेश भएको रकम (म.ले.प.फा.नं. २७०) को वित्तीय विवरणमा समावेश हुँदैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र प्रणली मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४ **बैंक हिसाब**

स्थानीय तह सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। आय व्यय लेखा प्रणाली तथा राजस्व र खर्च शिर्षकको वर्गीकरण अनुसार लेखाकंन र बैंक हिसाव मिलान विवरण (म.ले.प. फारम नं २७०) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। स्थानीय संचित व्यवस्थापन प्रणाली (सुत्र) बमोजिम बैंक तथा श्रेस्ता बाँकीको प्रतिवेदन देहाय बमोजिम रहेको छ।

बैंकको नाम	खाता नं	खाताको प्रकार	श्रेस्ता अनुसार बाकी रु	बैंक अनुसार बाकी रु
एन आई सि एशिया बैंक लि.	B१४१४९८६२१५२४००४	ग ३.१, स्थानीय तह धरौटी खाता	२,४०,७३,५६१.७५	२,४०,७३,५६१.७५
एन आई सि एशिया बैंक लि.	B१४१४९८६२१५२४००१	ग ४.१, स्थानीय तह सञ्चित कोष खाता	१,६९,७०,२६७.५५	१,६९,७०,२६७.५५
एन आई सि एशिया बैंक लि.	१११२०५००२९३१४००२	ग ५.१, स्थानीय तह विविध कोष खाता	११,५४,६१६.००	११,५४,६१६.००
एन आई सि एशिया बैंक लि.	B1CA१४९८६२१५२४०१	ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	८३,०५,५५९.७३	८३,०५,५५९.७३
जम्मा			५,०५,०४,००५.०३	५,०५,०४,००५.०३

५ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८१।३।१० मा रू.७८ करोड ९२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।३१ मा पारित भएको छ। यसैगरी स्थानीयतहका अध्यक्षले मिति २०८१।०४।०४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

६ **योजनाको प्राथमिकिकरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागु गर्नुपर्ने उल्लेख छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमुलक रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकासमा हुनुपर्ने उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ।

पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ८ वडाको लागि वडागत र पालिकास्तरका कुल ४२५ योजनामा बजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाख माथिका योजनासङ्ख्या	रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाख भन्दा कमका योजनासङ्ख्या	कार्यान्वयन भएका योजनासंख्या	कार्यान्वयन नभएका योजनासंख्या	कैफियत
१	पालिकास्तरीय	१३७	३१	३६	६६	१३७	०	
२	वडास्तरीय	२८८	०	११५	१३३	२८८	०	
जम्मा		४२५	३१	१५१	१९९	४२५	०	

उपर्युक्त विवरण अनुसार ४२५ वटा योजनामा ५ लाखभन्दा न्युन योजना संख्या १९९ अर्थात ४६.८२ प्रतिशत रहेको, ५ देखि २० लाखसम्म १५१ वटा अर्थात ३५.५२ प्रतिशत रहेको तथा २० लाखभन्दा ठुला ३१ अर्थात ७.२९ प्रतिशत मात्र रहेको देखिन्छ। पालिकाको नीति तथा कार्यक्रममा टुक्रे आयोजना संचालनलाई निरुत्साहित गर्दै न्युनीकरण गरिने उल्लेख भएतापनि अधिकांश योजना बजेट छर्ने प्रबृत्ति अनुरुपको रहेको देखिन्छ। यसरी न्युन बजेटको योजना कार्यान्वयनले योजनाबाट प्रतिफल प्राप्त नहुन सक्ने, लागत प्रभावी नहुने, सुपरीवेक्षणमा ध्यान दिन कठिनाइ हुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण तथा छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

७ लक्ष्य प्रगति विवरण

आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । नियमानुसार जुनसुकै कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । पालिकाले उपलब्ध गराएको विवरण अनुसार खर्च तथा प्रगति स्थिति देहाय बमोजिम छ ।

कार्यक्रम/ योजना संख्या	खर्च रकम रू. हजारमा	वार्षिक प्रगति स्थिती			
		शून्य प्रगती	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
४५०	१७९४४३	०	०	१००	३५०

उपरोक्त अनुसार विश्लेषण गर्दा १०० वटा योजनाहरुमा ५० प्रतिशतसम्म प्रगति भएको, तथा ३५० योजनाहरुमा ७५ प्रतिशत प्रगति भएको विवरण पेश भएकोमा रुग्ण योजनाहरु भएको कारण शत प्रतिशत प्रगति हुन नसकेको कार्यालयको भनाई रहेको छ ।यस सम्बन्धमा कार्यालयले कार्यक्रमको कार्ययोजना समेत तयार गरी शतप्रतिशत प्रगति हुनेगरी कार्य सम्पादन गर्नुपर्ने देखिन्छ।

८ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागी क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ

यस बमोजिम सबैभन्दा बढी विनियोजन सामाजिक विकास क्षेत्रमा भएको र सबैभन्दा कम आर्थिक विकास क्षेत्रमा भएको देखिन्छ । पालिकाले स्थानीय आवश्यकता समेत विश्लेषण गरी कार्यसंचालन तथा प्रशासनिक खर्चमा मितव्ययिता कायम राख्दै पुर्वाधार विकास तथा आर्थिक विकासमा स्रोत वढाउनुपर्ने देखिन्छ ।

सं.	क्षेत्रगत विवरण	बजेट	खर्च	कुल बजेटमा प्रतिशत
1	आर्थिक विकास	३,६१,१६,८८०.00	३,०८,४७,६३०.५०	४.४१
2	सामाजिक विकास	४१,२४,०४,२७५.४४	३८,५१,९६,०१०.१२	५५.०३
3	पुर्वाधार विकास	१९,१६,५९,९३८.९६	१५,७८,५०,१८९.२९	२२.५५
4	सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र	२,८६,३७,२९७.००	२,५६,८४,०७०.०६	३.३७
5	कार्यालय संचालन तथा प्रशासनिक	११,१२,७४,३६४.१७	१०,०४,०२,१७१.३१	१४.३४
	जम्मा	७८,००,९२,७५५.५७	६९,९९,८०,०७१.२८	१००

९ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

अनुदानवाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
६२३२४८१४७.४८	२०४८९१७१.५०	३.२८

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.२८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१० त्रैमासिक खर्च विश्लेषण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालय र केन्द्रीय निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाको त्रैमासिक खर्चको विवरण यस प्रकार रहेको छ। रकम रु हजारमा

क्र.स	बजेट	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिना
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	
१	कुल खर्च रकम	६९९९८०	१२३००४	१४३५९८	२०३४७०	३१५१३६	१३९१६८
२	पूँजिगत खर्चतर्फ	१७९४४३	१७१४७	३९८९९	५८०९३	१०२३१८	५७०८४
प्रतिशत		२५.६४	७.९८	१८.५७	२७.०३	४६.६१	२५.५६

• पालिका पुँजीगतमा रू.२१,४९,०९,००० विनियोजन भएकोमा खर्च जम्मा रु.१७,९४,४३,००० मात्र भएको देखिन्छ।जुन कुल बजेटको ८३.४९ प्रतिशत रहेको छ।

• खर्चको प्रवृत्ति हेर्दा कुल खर्चको तुलनामा पालिकाको पहिलो त्रैमासिकमा ८% खर्च भएको, दोस्रो त्रैमासिकमा १८% खर्च भएको, तेस्रो त्रैमासिकमा २७% खर्च भएको, छ भने चौथो त्रैमासिकमा ४६% खर्च भएको देखिन्छ।

• यस वर्ष पनि पालिकामा वर्ष अन्तिममा मात्र खर्च गर्ने परिपाटी कायम रहेको देखिन्छ।

• असार महिनामा कुल खर्चको २६ प्रतिशत खर्च भएको देखिन्छ।

यसरी आर्थिक वर्षको अन्त्यमा मात्र खर्च गर्ने गर्दा हतारमा गुणस्तरीय कार्य नहुन सक्ने, अनुगमन प्रभावकारी नहुन सक्ने लगायतको समस्या देखिने हुनाले समानुपातिक रुपमा खर्च गर्नुपर्ने तथा आर्थिक वर्षको अन्तमा मात्र खरिद गर्ने परिपाटीमा सुधार गर्नुपर्दछ।

११ नीति तथा कार्यक्रम कार्यान्वयनको स्थिति

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ मा (१) गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने तथा स्थानिय तहले पालिकावाट पारित नीति तथा कार्यक्रम अन्तर्गत रहि योजना कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।पालिकावाट प्राप्त विवरण अनुसार नीति तथा कार्यक्रमलाइ बजेटले समेटेको मुख्य ५ कार्यक्रम देहाय अनुसार रहेको छ।

क्र.सं.	नीति तथा कार्यक्रमका मूख्य ५ व्यहोरा	नीति तथा कार्यक्रमलाई बजेटले समेटेको विवरण		
		बजेटको कार्यक्रम	विनियोजन रकम	खर्च रकम
१	अतिरिक्त क्रियाकलाप मार्फत प्रतिभाको खोजी कार्यक्रम गरि पालिका स्तरमा अन्तरपालिका मेयर रनिग शिल्ड प्रतियोगिता संचालन ।	खजुरामा प्रतिभाको खोजी कार्यक्रम	१000000	१000000
२	बसपार्क निर्माण कार्य अगाडी बढाइने ।	खजुरा बसपार्कको बाउण्ड्री वाल माटो पटान कार्य	११५११४४७	१०५८००७९
३	उपाध्यक्ष संग उत्कृष्ट समुह पुरस्कार कार्यक्रम लागु गरिने ।	बढी अन्न उत्पन्न गर्ने प्रतियोगित उत्कृष्ट कृषकलाई पुरस्कार	१५0000	१५0000
४	पशुनश्ल सुधारका लागि भैरहेको निशुल्क कृत्रिम गर्भाधारण सेवालाइ निरन्तरता दिइने ।	कृत्तिम गर्भाधान मिसन कार्यक्रम	१८0000	१८0000
५	डिजिटल साक्षरता र साइवर सुरक्षा कार्यक्रम संचालन गरिने ।	डिजिटल साक्षरता र सूचना प्रविधि सम्बन्धी तालिम	५00000	४९१५५०

१२ कानुन निर्माण तथा कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार पालिकामा आ.व २०८०।८१ मा १२ र यो वर्ष ८ कानुन स्वीकृत भएको देखियो । उक्त कानुन तथा नियमको प्रभावकारी कार्यान्वयन भए नभएको सम्बन्धमा पालिकाले अनुगमन प्रतिबेदन तयार गरेको देखिदैंन।

१३ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ।यस आ.ब मा १४८ वटा उजुरी गत वर्षबाट जिम्मेवारी सरेको, ११० यस वर्ष प्राप्त भएको, २०१ वटा उजुरी फर्स्यौट गरी ५७ वटा फर्स्यौट हुन बाँकी रहेको छ ।

१४ खर्च बिश्लेषण

पालिकाले यसवर्ष चालु तर्फ रू.५२,०५,३६,०००/- र पूँजीगत तर्फ रू.१७,९४,४३,०००/- गरी रू.६९,९९,८०,०००/- खर्च गरेको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.५ प्रतिशत रहेको छ ।पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७४.३६ प्रतिशत चालु र २५.६३ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१५ सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था रहेको छ । पालिकाबाट यस आ.व मा निम्नानुसारको सेवा प्रवाह भएको विवरण प्राप्त भएको छ । सेवा प्रवाह र कार्यसम्पादन सूचक पेश नभएकोले सेवा प्रवाहको थप विश्लेषण गर्न सकिएन । पालिकाले वार्षिक लक्ष्य तोकी लक्ष्य अनुसार कार्यसम्पादन गर्नुपर्दछ ।

बिवरण	जम्मा
नागरिकता सिफारिस	११४६
नाता प्रमाणित	९६९
व्यक्तिगत घटना दर्ता	२८०४
अन्य सिफारिस	४४५५

१६ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४) मा सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र ५५ वटा सहकारी संस्था रहेका मध्ये ३८ सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण दाखिला नगरेको तथा १५ वटा समस्याग्रस्त सहकारी संख्या रहेको पालिकाले जनाएको छ।पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१७ समग्र चालु खर्चको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाको विगत २ वर्षको खर्चको तुलना गर्दा देहाय अनुसार देखिएको छ।

खर्च शिर्षक	यो वर्ष		गत वर्षको		खर्च वृद्धि (प्रतिशत)
	वजेट	खर्च	वजेट	खर्च	
पदाधिकारी सेवा सुविधा	८९४७१५०	८९०३५८०	८८६३०००	८८६३०००	०
पदाधिकारी भ्रमण	५०००००	१२५२५०	५०००००	८१२५०	५४
पदाधिकारी इन्धन	१६०००००	१५९६७०९	१००००००	८७८०००	८२
पदाधिकारी वैठक	२१०००००	२०९८३१३	२२०००००	२०३२०००	३
अतिथी सत्कार	२०००००	१७१७००	२०००००	१५५०००	११
कार्यालय संचालन	४००००००	३९६४५६१	४५०००००	४४४५०००	-११
इन्धन	३३०००००	२७३८२१९	१७०००००	१५०००००	८३
मर्मत	१५०००००	१३१३७५८	१५०००००	१२६९०००	४
धारा पानी विधुत	११०००००	९५८०००	१५०००००	१२०००००	-२०
सामाजिक सेवा अनुदान	७७००००	४९००००	६८२०००	५५८०००	-१२
आर्थिक सहायता	१००००००	६६२५००	५०००००	५०००००	३३
विविध खर्च	१३३७०००	१३३१०००	१५०००००	१३९१०००	-४
जम्मा	५६५१८३२६९	५२०५३६७७४	५५५४९७६३२	४९७४९३९०५	

खर्चमा मितव्ययीता कायम गर्नुपर्नेः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । यसरी खर्च लेख्दा आवश्यक्ता र औचित्यका आधारमा आवश्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेकोमा देहाय बमोजिम पाईयो ।

पदाधिकारीको भ्रमण, ईन्धन, बैठक तथा सेवा सुविधावापत पालिकाले यो वर्ष रू.१,२७,२३,८५१/- खर्च लेखेको छ।पालिकाले भ्रमण खर्च, इन्धन, बैठक लगायतका चालु प्रकृतिका खर्च लेख्दा आवश्यकता समेत बिश्लेषण गरी अनिवार्य रुपमा पुष्ट्याई हुने कागजात संलग्न गरेर मात्र खर्च लेखि मितव्ययीता कायम गर्नुपर्ने देखिन्छ ।

इन्धन खर्च- सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७५ को बुदा नं.७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोबिल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी गर्नुपर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ।कार्यालयले यो बर्ष इन्धन खर्च शिर्षकबाट रू.२७,३८,२१९।-खर्च समेतबाट इन्धन खर्च भुक्तानी गरेको छ। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत अद्यावधिक गरी खर्च मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ।

विविध खर्चः सार्वजनिक खर्चमा मितव्ययीता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुलेसमेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले विविध खर्च तर्फ यस वर्ष रू.१३,३१,०००/-खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा

आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान बमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो। सामानको आवश्यकता तथा परिमाण सुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

सवारी मर्मत र अन्य मर्मत खर्च - लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धीत कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष मर्मत शिर्षकबाट रू.१३,१३,७५८/- समेत खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र सवारी मर्मतको म.ले.प.फा.नं. अद्यावधिक गरेको छैन। सवारी मर्मत सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वियन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

उपरोक्त अनुसार गत आर्थिक वर्षको खर्च समेतको विश्लेषण गर्दा पदाधिकारी भ्रमण खर्चमा ५४ प्रतिशत, पदाधिकारी इन्धनमा ८१ प्रतिशत, अतिथि सत्कारमा १० प्रतिशत र आर्थिक सहायतमा ३२ प्रतिशत वढोत्तरी भएको देखियो । यस्तो प्रकारको खर्च लेख्दा आन्तरिक आय समेतको विश्लेषण गर्नुपर्ने, विविध खर्चको भुक्तानीमा पर्याप्त पुष्ट्याइ संलग्न गर्नुपर्ने, इन्धन खर्चमा लगबुक व्यवस्थित गर्नुपर्ने, आर्थिक सहायताको रकम सहितको मापदण्ड निर्धारण गर्नुपर्ने लगायतका विषयमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

१८ **आन्तरिक आय तथा राजश्व**

यस कार्यालयले पछिल्लो दुई आर्थिक वर्षमा असुल गरेको राजश्वको स्थिति निम्न अनुसार रहेको छः

अनुसुची खण्डमा उल्लिखित विववरण अनुसार आर्थिक वर्ष २०८०/८१ को तुलनामा आर्थिक वर्ष २०८१।८२ राजश्व रू.४,८५,३७९.९७ (२.३१ प्रतिशत) कम राजश्व संकलन भएको देखियो। पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याई राजश्व अभिवृद्धि गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा १८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

१९ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सो को निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ को जिन्सी निरीक्षण गरेको छैन । नियमकानुनको परिपालना गरी जिन्सी निरीक्षण गर्नुपर्ने तथा सार्वजनिक सम्पत्तिको संरक्षणमा जिम्मेवार पदाधिकारीले ध्यान दिनुपर्दछ ।

२० **योजना तथा वजेट कार्यान्वियन**

योजना तथा बजेटमा सम्वन्धमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दिगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागु गरेको समेत छैन।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.१७ करोड ९४ लाख ४३ हजारको खरिद गुरुयोजना तयार नगरी खरिद व्यवस्थापन गरेको देखियो ।

उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन। तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ।

२१ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्न सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• पालिकाकामा कार्यरत सबै कर्मचारीको कार्य विवरण बनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन।

• करार तथा ज्यालादारीमा ठुलो सङ्ख्यामा कर्मचारी भर्ना गरेको देखिन्छ। ज्यालादारीमा रहेको कर्मचारीलाई समेत कार्यालयको महत्वपुर्ण काम तथा शाखाहरुमा जिम्मा दिएको देखिन्छ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमनको अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धीको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले खर्च गर्ने मापदण्ड निर्धारण गरेको देखिएन। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामाग्री, लघुउद्यम विकास सम्बन्धी सामाग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश गरी स्पष्ट आधार तथा विवरण राखेको छैन।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता तथा नवीकरण शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• अर्थ मन्त्रालयले जारी गरेको आर्थिक वर्ष २०८१।८२ को बजेट कार्यन्वयन मार्गदर्शनले तोकेअनुसार बैंकखातामार्फत मात्र भुक्तानी दिनुपर्नेमा विभिन्न कर्मचारीले भुक्तानी लिई खर्च लेख्ने तथा खर्च गरी शोधभर्ना लिने गरेको देखियो।

• आन्तरिक आम्दानीको यथार्थमा आधारित अनुमान गरेको देखिएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महसुलको स्थानीय न्युनतम दररेट तोकेको पाईएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्नसक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन।

• वातावरणको संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको पाइएन।

• शहरीकरण भैरहेका स्थानको पहिचान गरी फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा हालसम्म ऐन, नियमावली, कार्यविधि, निर्देशिका र नर्म्स तयार गरेको देखिएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार ठुलो रकम बेरुजु कायम रहेकोमा फस्यौटको लागि पर्याप्त पहल गरेको देखिएन।

तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२२ **कृषि सामाग्री अनुदान** (३११/2082-03-05):

विशेष अनुदानतर्फ खजुरा गाउँपालिकामा खाद्य सुरक्षा सुनिश्चित गर्न व्यवसायिक कृषि उत्पादन शिर्षकबाट वाटर पम्प, मिनी ट्रिलर,मिनी ट्रेक्टर लगायतका सामाग्री खरिद वापत सावित्री ट्रेड लिंकलाई रू.१९,४५,८७७/- भुक्तानी गरेको छ।पालिकाले खरिद गरिएका सामाग्रीहरु कृषि फार्म तथा पाठशाला कृषक समूहलाई सामान वितरण गरेको देखियो।लाभग्राही छनौट प्रक्रिया पारदर्शी वनाउनुपर्ने देखिन्छ। पालिकाले अनुदान वितरणको अधिकांश कार्यक्रम अन्तिम चौमासिकमा सञ्चालन गरेकोमा सोको अनुगमन समेत प्रभावकारी हुन सकेको छैन । पालिकाले अनुदान वितरणको कार्यविधि बनाई यस प्रकारका कार्यक्रम धेरै भन्दा धेरै किसान लाभान्वित हुने गरी सामूहिक लाभ तथा अधिक लागत साझेदारी मार्फत सञ्चालन गर्नुपर्दछ।

२३ **उपभोक्ता समितिवाट खरिद व्यवस्थापन**

पालिकाले यस वर्ष संचालित भएका केहि निर्माण कार्यको उपभोक्ता समितिबाट कार्य गराई भुक्तानी दिएको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिमार्फत खरिद व्यवस्थापन सम्बन्धमा व्यवस्था रहेकोमा सो अन्तर्गत देखिएका सैद्धान्तिक व्यहोराहरु निम्नानुसार रहेका छन्।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राहि समुदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिको आमभेला गठनको लागी प्रस्तावको सुचना संलग्न , आमजनले पेश गरेको प्रस्ताव लगायतको कागजातहरु पेश गरेको देखिएन। विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक भएको देखिने प्रमाणकागजातहरु व्यवस्थित गर्नेतर्फ ध्यान दिनपुर्ने देखियो ।

• खर्च अनुमोदन;- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन

गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । नमुना छनौट गरि परीक्षण गरिएका पालिकावाट संचालित आयोजनाहरु उपभोक्ता समिति मार्फत संचालन योजनाको विल भुक्तानीको लागि प्राविधिक मूल्यांकन पेश गर्ने गरेको भएतापनि अन्य विल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु समितिवाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण पेश गर्ने गरेको छैन । नियमको प्रावधान बमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी बनाउनेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

• नमुना छनौट गरी परीक्षण गर्दा उपभोक्ता समितिले केही योजनाहरुमा पेश गरेको ग्राभेल ,माटो, बालुवा गिटी लगायतका सामग्रीहरु खरिद गर्दा भरपाई मार्फत भुक्तानीको लागि पालिकामा पेश गर्ने गरेको देखियो। यसरी खरिद भरपाई संलग्न गर्दा केही योजनाहरुमा परिमाण खुल्ने देखिंदैन। सम्भव भएसम्म निर्माण सामग्रीहरूको आधिकारिक बिल पेस गर्न लगाउने तर्फ पालिकाले ध्यान दिनुपर्छ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो अनुसार दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची तयार गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । पालिकाले आयोजना हस्तान्तरण कार्यविधि तयार नगरेको तथा सम्पन्न भएका कुनै पनि योजनाहरु उपभोक्ता समितिलाइ हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समितिसँगको छलफल , योजना सम्पन्न पश्चातको प्रतिकृया , आगामी दिनमा योजनाबाट सिक्नुपर्ने सिकाई लगायको व्यहोरा सहित अपनत्व कायम हुने गरि सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षणको कार्यबिधि तयार गरी सम्पन्न भएका आयोजनाहरु हस्तान्तरण गर्नुपर्ने देखिन्छ।

• उपभोक्ता समितिको न्युन योगदान -पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा योजनाहरुमा उपभोक्ता समितिको लागत साझेदारीको लागी पालिकाले तोकेको लागत सहभागितको निर्णय लेखापरीक्षणको क्रममा पेश हुन आएन। श्रेस्ता परीक्षणको अधिकाँश सम्झौतामा उपभोक्ता समितिको योगदान १० प्रतिशत मात्र राखी सम्झौता गर्ने निर्णय गरेको र सोही अनुसार भुक्तानी गर्ने गरेको देखियो । न्यून लागत सहभागिता राखी कार्य गराएकोले पुनर्विचार गरी उपभोक्ता समितिको लागत सहभागिता अधिकतम वनाउनुपर्ने देखिन्छ ।

• निर्माण कार्यको समय र गुणस्तर – सार्वजनिक निकायले कुनै पनि निर्माण कार्य गर्दा सो पुरा गर्न लाग्ने अवधि, गुणस्तरियता लगायतको बिचार गरी निर्माण समयाबधी कायम गर्नुपर्दछ । पालिकाले उपभोक्ता समितिहरुसंग सम्झौता गरी निर्माण कार्य गर्दा सडक, भवन निर्माण लगायतमा न्युन अवधिभित्र सम्पन्न गर्नेगरी सम्झौता गरेको तथा सोही अबधिभित्र उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरेको देखियो । कोटेसन तथा सिलवन्दी समेतको कार्य गराएकोमा PCC लगायतको कार्य गराएको नापी संलग्न भएकोमा नमुना छनौट अनुसारको परीक्षण गर्दा लाभग्राही समुदायवाट गरिएको योजनाहरुको गुणस्तर परीक्षणको प्रमाण श्रेस्तासाथ संलग्न गरेको देखिएन। केहि योजना अन्तर्गत सडक निर्माण गर्दा 1:1/2:3 को कार्य गरेको देखिएकोमा गुणस्तर कायम भएको स्पष्ट पार्ने प्रयोगशाला परीक्षण प्रतिवेदन संलग्न गरेको देखिएन । उपभोक्ता तथा प्रतिस्पर्धात्मक तवर तथा अन्य खरिद विधि अपनाइ गरिएका सम्पुर्ण पुर्वाधारजन्य खरिद व्यवस्थापनको प्राविधिक परीक्षण गर्नुपर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

• नापी किताब प्रबिष्टी एवं अभिलेख:- पालिकाले नापी सम्बन्धी अभिलेख नापी किताबमा नराखी लुज सिटमा तयार गर्ने गरेको पाईयो । ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा पछिल्लो थप निर्माण कार्य गराउंदा आवश्यक सूचना लिन र अभिलेख व्यवस्थापन गर्न कठिन पर्ने तथा अघिल्लो रनिङ बिलको रकम भुक्तानी गर्दा दोहोरीने सम्भावना रहने देखिन्छ नापी अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ।

• सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७(१४) बमोजिम श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन। हेभि मेसिनरी प्रयोग गरी गर्नुपर्ने कार्यमा प्रतिस्पर्धामक तवरवाट कार्य गर्नुपर्नेमा उपभोक्ता समितिवाट न्युन कार्य गरेको प्रमाण संलग्न गरी भुक्तानी दिएको देखियो । सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

• लागत अनुमान अनुसारको विल भरपाई यकिनको स्थिति - उपभोक्ता समितिहरुले योजना सम्पन्न पश्चात पेश गरेको विल भरपाई लागत अनुमान तथा नर्म्स अनुसार लाग्नेभन्दा घटीबढी वा वास्तविक छ/छैन सो सम्वन्धमा यकिन गर्ने गरेको देखिएन । उपभोक्तालाइ रनिङ वलि समेत भुक्तानी भएको देखिएकोमा पेश भएका बिल भरपाईहरूको पालिकाबाट नर्म्स अनुसारको गणना तथा परीक्षण भएको देखिएन ।लागत अनुमान अनुसार वास्तविक बिल भरपाई यकिन भएको नदेखिएकोले वास्तविक परिमाणको गणना गरि भुक्तानी गर्नेतर्फ ध्यान दिनुपर्दछ।

२४ **स्थलगत निरीक्षण तथा योजनाहरुको अनुगमन**

पालिकाले यसवर्ष सडक निर्माण, कटिङ, ग्राभेल, पुर्वाधार निर्माण लगायतको योजनाहरुको भुक्तानी गरेको छ । यसरी भुक्तानी गरिएका योजनाहरुको अनुगमन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को (ख) को उपदफा ४ (ख) बमोजिम उपाध्यक्षवाट योजना अनुगमन गर्ने तथा ७८(३) अनुसार पालिका प्रमुख र जिल्ला समन्वय समितिका प्रमुखले वा उक्त पदाधिकारीहरुले तोकेको अधिकारीले आन्तरिक नियन्त्रण ब्यबस्था प्रभाबकारी पार्ने व्यवस्था छ ।

•स्थानीय तहवाट निर्माण र सम्पादन हुने कार्यमा स्थलगत रुपमा स्थानीय तहको उपप्रमुख/उपाध्यक्ष संयोजक रहेको अनुगमन/मूल्याकन समितिले अनुगमन गरी जाँचपास गरी भुक्तानी प्रकृया अपनाउनु पर्नेमा वडा स्तरिय योजनाहरुमा वडा अनुगमन समितिको फर्म्याट राखि दस्तखत गरिएको तथा पालिका स्तरिय योजनाहरुको अनुगमन प्रतिवेदनमा उपाध्यक्ष तथा पदाधिकारिले दस्तखत गर्ने गरेको श्रेस्ता परीक्षणवाट देखियो । अनुगमन फारममा आयोजना संचालनको क्रममा देखिएका समस्याहरु, समितिको सुझाव, भुक्तानी दिन मनासिव देखिएको/ नदेखिएको उल्लेख नगरेको, निष्कर्ष लगायतको खण्डमा कुनै पनि बेहोराहरु उल्लेख नगरेको देखिन्छ । वडा स्तरिय अनुगमन फारममा सम्झौता मिति, सम्पन्न गर्नुपर्ने मिति, लगायतको विवरणहरु अनुगमन फारममा भर्ने गरेको र केहि योजनाहरुमा केवल नाम तथा दस्तखत मात्र संलग्न भएको देखियो । उपभोक्ता समितिले गरेका मुख्य कार्यहरुको विवरण लगायतको व्यहोरा उल्लेख नगरेको देखियो ।

•कानूनवमोजिम अनुगमन समिति गठन गरी अनुगमन प्रतिवेदन साथ योजनाहरुको पुष्टयाई गर्ने तस्वीर, योजना अनुगमन गरेको मिति, अनुगमनका क्रममा देखिने त्रुटी औल्याई गर्नुपर्ने सुधार सहितको टिप्पणी लगायतको कुराहरु उल्लेख गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाएर मात्र भुक्तानीको व्यवस्था मिलाई कानूनी परिपालना गर्नुपर्ने देखिन्छ।

पालिका स्तरबाट हुने सम्पुर्ण पूर्वाधारका योजना, तालिम कार्यक्रम , वितरणमुखी कार्यक्रम, लाभग्राहीमुखि कार्यक्रम तथा क्षमता विकास कार्यक्रमहरुको समेत अनुगमन तथा निरीक्षण गरी श्रोत साधनको सदुपयोग सम्बन्धमा विश्लेषण गर्नुपर्दछ । ऐन कानूनले व्यवस्था गरेअनुसार कामको गुणस्तर कायम भए नभएको सम्बन्धमा प्राविधिक एवं अनुगमन कार्यलाई जिम्मेवार बनाई निर्माण तथा अन्य कार्यको गुणस्तर कायम हुनुपर्दछ ।

२५ **उपभोक्ता समितिवाट हेभि मेसिनको प्रयोग**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम १३(क) मा उपभोक्ता समितिले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायी संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसंग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाइ भविस्यमा कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाइ कालो सूचीमा राख्न सार्वजनिक खरिद

अनुगमन कार्यालयलाई सिफारीस गर्नुपर्ने व्यवस्था छ ।तर यस पालिकाले हेभी मेसिनरी प्रयोग गरी तथा प्रतिस्पर्धात्मक तवरवाट गुणस्तरियता समेतमा ध्यान दिनपर्ने ग्रेडिङ कार्य खन्ने कार्य लगायतमा उपभोक्ता समितिवाट सम्झौता गराइ सम्पन्न गरेको देखियो । खरिद नियमावलीको नियम ९७(९) अनुसार उपभोक्ता समितिवाट हेभी इक्युपमेन्ट प्रयोग गर्नुपर्ने भए सम्बन्धित प्राविधिकको सिफारिसमा मात्र प्रयोग गर्नमिल्ने व्यवस्था रहेको छ । निर्माण योजनाहरुमा उपभोक्ता समितिमार्फत कार्य गर्दा हेभी इक्युपमेन्ट प्रयोगको लागी अनुरोध नगरेको तथा सम्बन्धित प्राविधिकवाट समेत सिफारिस गरेको देखिएन ।नमुना छनौट गरी परिक्षण गर्दा अत्यन्त न्युन रकमको डोरहाजिरी संलग्न भएको, निर्माण व्यवसायीहरुको हेभि इक्युपमेन्टको विल संलग्न भएको तथा उपभोक्ता समितिवाट तेश्रो व्यक्तिले कार्य गरि भुक्तानी लिएको देखियो । तसर्थ कार्यसम्पन्न अंक वरावरकै रकममा हेभि मेसिनको प्रयोग गरी सो अनुसार भुक्तानी दिएको देखिएको अनियमित रु

मिति	भौन	योजनाको नाम	लागत अनुमान	मुल्याङ्कन	भुक्तानी रकम	हेभि मेसिनको भुक्तानी	निर्माण व्यवसायी
१०/२२/२०८१	१०१	छ नं वडा कार्यालय देखि राजाकुलवा सम्म जाने बाटो नयाँ ट्र्याक निर्माण	२२५११५७	२०४४४८	१८१६०५	२०००००	नखुलेको / भरपाइ संलग्न
०३/२३/२०८२	२७२	मैटहवा माविको खेलमैदानमा माटो पटान वडा नं १	३३९५००	३३७०१६	३३७०००	१३५१७६	विआइपि कन्सट्रक्सन एण्ड सप्लायर्स
						३३५१७६	
						अनियमित भएको	३,३५,१७६

२६ **उपभोक्ता समितिवाट भवन संरचना लगायतको कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) अनुसार श्रममूलक प्रकृतिको काम हुनुपर्ने, रोजगारी सृजना गर्ने खालको तथा जटिल प्रकृतिको नहुने कार्य गर्नुपर्ने उल्लेख छ । नमुना छनौट गरि परीक्षण गर्दा ठुलो लागतको भवन निर्माण लगायतको कार्य उपभोक्ता समितिवाट गराएको देखियो । यस्तै प्रकृतिको केही कार्य प्रतिस्पर्धात्मक तवरवाट गराउंदा गुणस्तर परीक्षण, त्रुटि सच्याउने प्रावधान लगायतको व्यवस्था हुने देखिएकोमा उपभोक्ता समितिवाट कार्य गराउंदा तोकिएको गुणस्तर नहुन सक्ने, विमा, त्रुटी सच्याउने अबधि नहुने भएको र जटिल प्रकृतिको समेत हुन सक्ने देखिन्छ । पालिकाले विभिन्न शिर्षकमा विद्यालयवाट व्यवस्थापन समिति तथा उपभोक्ता समितिवाट कार्य गराइ भुक्तानी भएको देखियो । ठुलो लागत अनुमानको भवन तथा संरचना निर्माणको कार्य जटिल प्रकृतिको समेत हुने हुनाले गुणस्तरीयता समेतमा ध्यान दिइ प्रतिस्पर्धात्मक तवरवाट खरिद व्यवस्थापन गर्दा उपयुक्त हुने देखिन्छ।

शिर्षक	मिति	भौन	योजनाकोनाम	लागतअनुमान	मुल्याँकन	भुक्तानीरकम	कैफियत
पालिकापुजीगत	०७/१२/२०८१	३२	प्रशासनिकभवन नजिक ट्रस्ट सहितको भवन निर्माण	३०२०५५८	३०२०५५८	२८०००००	उपभोक्तासमितिवाट कार्य
पालिकापुजीगत	०३/२२/२०८२	२५९	वडाकार्यालयमा रंगरोगन,रेलींग,पालिका नक्सा,शैल्फि प्वाइन्ट,शौचालय तथा प्रतिक्षालयनिर्माण तथा मर्मत	१६७४३७०	१६६७९४३	१४९९६४८	उपभोक्तासमितिवाट कार्य
पालिकापुजीगत	०३/२५/२०८२	३०३	प्रशासनिकभवन नजिक ट्रस्ट सहितको भवन निर्माण	३०२०५५८	२९७५११९	२६७५१४२	उपभोक्तासमितिवाट कार्य
पालिकापुजीगत	०८२/०३/२५	३४०	वडा नं ५को सामुदायीक भवन निर्माण	६०८४११५	५०९९८४५	४४७१०००	उपभोक्तासमितिवाट कार्य
संघीयपुजीगत	०३/०३/२०८२	२२	नेपालराष्ट्रिय मावि गोदहना सोनपुर	७२९९७९२	७२२८९९८	६४३६९६२	विद्यालयव्यवस्थापन समितिवाट कार्य
संघीयपुजीगत	०३/१५/२०८२	२३	अमरमाध्यमिक विद्यालय गौतम वस्ति	७२९९७९२	७२२४७७१	६४३२९३६	विद्यालयव्यवस्थापन समितिवाट कार्य
संघीयपुजीगत	०३/२५/२०८२	२९	श्रीजनकल्याण माध्यमिक विद्यालय खजुरा ६	७२९९७९२	६६३४७२४	५९०७७९८	विद्यालयव्यवस्थापन समितिवाट कार्य

२७ **रोयल्टी कट्टी नगरेको** (२०-2081-06-21):

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **६,५०९**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२८ **लागत अनुमान तथा दर बिश्लेषण**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० को उपनियम (१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नु पर्ने व्यवस्था रहेको र उपनियम २ मा उक्त लागत अनुमान तयार गर्दा प्रयोग गरिने नम्स सम्बन्धी व्यबस्था रहको छ । पालिकाले सञ्चालन भएका योजनाहरुको लागि आफ्नै छुट्टै नम्स भएको नदेखिएको र लेखापरीक्षणको क्रममा आर्थिक वर्ष २०८१।८२ फरक फरक नम्स प्रयोग भएको देखिएको, सम्वन्धित कार्यको लागी सम्बन्धित विभाग अन्तर्गतको नम्स नभइ फरक नम्स प्रयोग भएको(सडक, भवन , सिचाइ,) जस्ता बेहोरा देखिएका छन ।

जिल्ला दररेटमा वालुवा,ग्राभेल तथा गिट्टीको विभागिय नम्स अनुसार हुने उल्लेख भएकोमा लागत अनुमानमा प्रयोग गर्दा प्रतिआइटम दरको आधार उल्लेख गरेको देखिएन। लागत अनुमानको आधारमा रहेको दरविश्लेषणमा ढुवानी समेत समावेश गरेकोमा सामाग्री उपलव्ध हुने स्थान तथा योजनाको स्थानको दुरी निर्धारण हुनुपर्ने देखिन्छ ।

निर्माण कार्य गर्दा नम्स प्रयोगमा एकरुपता हुनुपर्ने तथा सडक, भवन लगायतको संरचना निर्माणको लागि सम्बन्धित कार्यमा सम्बन्धित निकायको बैज्ञानिक नम्स प्रयोग गर्नुपर्ने तथा स्थानीय स्रोत साधन, श्रमशक्ति तथा निर्माण सामाग्रीको उपलब्धता समेत बिश्लेषण गरी किफायती, बैज्ञानिक तथा गुणस्तरीयता समेत कायम हुने नम्स प्रयोग गर्नुपर्दछ ।

२९ **मसलन्द खरिद ठेक्का नं. ०८१।०८२-०९** (१५४-2081-07-27):

सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले निर्माण वा मालसमान खरिद गर्दा प्रतिस्पर्धात्मक रुपमा मितव्ययी विधिबाट खरिद गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष मसलन्द तथा कार्यालय सामाग्री खरिद शिर्षकमा रु.४० लाख बजेट विनियोजन गरेकोमा रु.३९,६४,५३१ खर्च गरेको छ । पालिकाले मिति २०८१।०७।०४ मा सालघारी ईन्टरप्राईजेज प्रा.लि. सँग रु.१५,६७,३२६ लागत अनुमान भएका ३६ वटा मसलन्द आईटम रु.७,७०,७५० खरिद गर्ने सम्झौता गरी भुक्तानी गरेको पाईयो । पालिकाले सम्पूर्ण मसलन्द तथा कार्यालय सामाग्री ठेक्का मार्फत गर्नुपर्नेमा जम्मा रु.७,७०,७५० को मात्र खुल्ला प्रतिस्पर्धाबाट खरिद गरी बाँकी रु.३१,९३,७८१ को सोझै खरिद गरेको पाईयो । यसरी सोझै खरिद गरेका केही भौचरहरु नमुना छनौट गरी परीक्षण गर्दा सोही आईटमा बोलपत्रबाट खरिद गरेको दर भन्दा बढी लागतमा सोझै खरिद गरेको देखिन्छ । तपसिल बमोजिमका भौचरबाट मसलन्द खरिदमा भुक्तानी भई बढी व्ययभार परेकोले प्रतिस्पर्धा हुने सिमित हुने गरी भएको खरिद व्यवस्थापन कार्यमा नियन्त्रण हुनुपर्दछ ।

प्रगति ट्रेडिङ्ग एण्ड जनरल अर्डर सप्लायर्स					
सामाग्रीको विवरण	**परिमाण**	**खरिद दर**	**बोलपत्रबाट खरिद दर**	**फरक**	**बढी व्ययभार**
फोटोकपी पेपर ८० ग्राम	१०० रिम	७५०	४४०	३१०	३१०००
फोटोकपी पेपर ७५ ग्राम	१०० रिम	६५०	४२५	२२५	२२५००
जम्मा रु.					**५३,५००**
प्रगति ट्रेडिङ्ग एण्ड जनरल अर्डर सप्लायर्स (७९५-०८२।०३।२२) भुक्तानी रकम रु.२,५८,१६६					
फोटोकपी पेपर ७५ ग्राम	२५० रिम	६२०	४२५	१९५	४८,७५०
जम्मा रु.					**४८,७५०**
कुल जम्मा रु.					**१,०२,२५०**

३० **परामर्श सेवा खरिद**

सार्वजनिक खरिद नियमावलीको परिच्छेद ६ मा परामर्श सेवा खरिद सम्बन्धी व्यवस्था गरेको छ । सार्वजनिक खरिद ऐन, २०६३ मा बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराएको छ । यस्तो कार्य गराउँदा लागत अनुमान रु ४६,४१,०१३ बमोजिम नै हुनेगरी रु ४६,२७,३०६ मा सम्झौता गरि पेश भएको विल अनुसार रु ४६,२५,७४० खर्च लेखेको छ । अध्ययन प्रतिवेदन तयार भएका सवै योजना तथा प्रतिबेदनहरु कार्यान्वियन गएको नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन:-

मिति	भौ न	योजनाकोनाम	लागतअनुमान	सम्झौतारकम	भुक्तानीरकम	परामर्शदाता
०६/२०/२०८१	१५	सडकनिर्माण वडा नं ३,४,६,७,८	१३४८५८९	१३३९३१३	१३३८४८९	एसियाव्रीजइन्जिनियरिङ कन्सट्रक्सन प्राली
१०/०७/२०८१	९१	सामुदायीकभवन निर्माण डिपिआर खजुरा ५	७९९९००	७९८१९७	७९८११७	इनोभेटिमआर्किटेक्टस एण्ड इन्जिनियर्स प्राली
११/११/२०८१	१०८	वडा नं ७सिमलघारी मान खोला किनारमा फोहोर व्यवस्थापन निर्माणको लागी डिपीआर	९९९१७९	९९६६६०	९९६०००	एम एसमोर्डन स्ट्रक्सचर कन्सट्रक्सन एण्ड कन्सल्टेन्ट प्रालि
०८१/११/१८	११०	जनकल्याणमाविको डिपीआर	४९६२८१	४९६०७०	४९६०७०	ग्लोवल एलएम इन्जिनिरिङ कन्सल्टेन्ट प्राली
१२/२७/२०८१	१४२	मनकामनामा.वि. ई गाउँको फिल्ड माटोपटान तथा स्कुलको भवन डिपिआर	५९८९७६	५९८९७६	५९८९७६	ओशियनइन्जिनियरिङ कन्सल्टेन्सी प्राली
०३/२२/२०८२	२६६	प्रशासनिकभवन सभाहल तथा वडा नं १ को भवनको विद्युतिय मुल्याँकन	२४८०८८	२४८०९०	२४८०८८	इनोभेटिमआर्किटेक्टस एण्ड इन्जिनियर्स प्राली
०३/२५/२०८२	३२२	प्रशासनिकभवनमा कन्ट्रोल प्वाइन्ट स्थापना	१५००००	१५००००	१५००००	पेन्टागन इन्जिनियरिङ कन्सल्टेन्सी
			४६४१०१३	४६२७३०६	४६२५७४०	

• परामर्श सेवाको लागि लागत अनुमान तयार गरेकोमा सो को स्पष्ट आधार संलग्न गरेको देखिएन। विभिन्न नम्स लिएको देखिएकोमा सम्बन्धित कार्यको लागी उस्तै प्रकृतिको नम्सको आधार लिनुपर्ने देखिन्छ। लागत अनुमान यथार्थपरक तयार गरेको सम्बन्धमा स्पष्ट नुहुने खरिद कार्य मितव्ययी भएको छ भनी एकिन गर्न सकिएन ।

• कार्यालयका प्राविधिक जनशक्तिले गर्न नसक्ने योजनामा मात्र आउट सोर्सिङ्ग गरी कार्य गराउन पर्नेमा अध्ययन प्रतिवेदनहरु परामर्शदातबाट गराउने गरेको देखियो साथै कार्यालयभन्दा बाहिरका कर्मचारीबाट परामर्श सेवा लिनपर्ने कारण सम्बन्धमा निर्णय गरेको देखिएन ।

• परामर्शदातावाट तयार गरिएका सवै प्रतिबेदनहरु कार्यान्वयनमा आएको नदेखिएकोले आबश्यकता समेतको विश्लेशण गरी कार्य गर्नुपर्ने देखिन्छ।

३१ औषधी खरिदमा प्रतिस्पर्धा

सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले निर्माण वा मालसमान खरिद गर्दा प्रतिस्पर्धात्मक रुपमा मितव्ययी विधिबाट खरिद गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष स्वास्थ्य संस्थाका लागि औषधी तथा औषधीजन्य उपकरण खरिद शिर्षकमा रु.२० लाख, आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि औषधी खरिदमा रु.११,३२,००० विनियोजन गरी खर्च गरेको छ ।पालिकाले सिर्जना मेडिसिन सप्लायर्सँगसँग रु.२४,९९,८४१ लागत अनुमान भएका ६६ वटा औषधी रु. ७,१८,३५१ खरिद गर्ने सम्झौता गरी भुक्तानी गरेको पाईयो । पालिकाले पुन: ठेक्का नं.१८।०८१।८२ बाट सिर्जना मेडिसिन सप्लायर्ससँग रु.६,९६,४८९ को औषधी खरिद गर्न २०८१।१२।२० मा सम्झौता गरी गो.भौ.नं. २२४-०८२।०३।०२ बाट भुक्तानी भएको पाईयो। सोको अतिरिक्त बचत रकमबाट विभिन्न फर्मसँग सोझै औषधी खरिद गरेको छ । यसरी खरिद गर्दा ठेक्का मार्फत कायम भएको दरमा लागत अनुमान बनाई मितव्ययी तरिकाले खरिद गर्नुपर्नेमा सो गरेको पाईएन् । यसरी तपशिल बमोजिम सोझै खरिद गरेका केही भौचरहरु नमुना छनौट गरी परीक्षण गर्दा सोही आईटमा बोलपत्रबाट खरिद गरेको दर भन्दा बढी लागतमा सोझै खरिद गरेको पाईएकोले मितव्ययी हुने गरी खरिद व्यवस्थापन हुनुपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ३१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३२ पाठ्यपुस्तक छपाई

पालिकाले कक्षा १ देखि ८ स्थानीय पाठ्यपुस्तक सि.आर.सी निर्माणका लागि रु.१५,००,००० विनियोजन गरेकोमा कक्षा १ देखि ५ सम्मको पाठ्यपुस्तक एक पटक तथा ६ देखि ८ सम्मको पाठ्यपुस्तक एक पटक गरी बजेटलाई दुई टुक्रा पारी खरिद गरेको सम्बन्धमा देखिएको व्यहोरा देहायबमोजिम छ ।

सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले निर्माण वा मालसमान खरिद गर्दा प्रतिस्पर्धात्मक रुपमा मितव्ययी विधिबाट खरिद गर्नुपर्ने व्यवस्था गरेको छ । पालिका र सिटिएफ नेपाल प्रा.लि. बिच कक्षा ६ देखि ८ सम्मको पाठ्यपुस्तक छपाई गर्न मिति २०८२।०१।०७ मा रु.६,५०,००० को सम्झौता भएको छ । उक्त फर्मले यस भन्दा अगाडी कक्षा १ देखि ५ सम्मको पाठ्यपुस्तक छपाई गर्न मिति २०८१।११।०५ मा दरभाउपत्र पेश गरि प्रतिस्पर्धामा सामेल भएको देखिन्छ । सो अनुसार कक्षा ६ देखि ८ सम्मको पाठ्यपुस्तक छपाई गर्न पेश गरेको दर कक्षा १ देखि ५ सम्मको पाठ्यपुस्तक छपाई गर्न मिति २०८१।११।०५ मा पेश भएको दररेट भन्दा बढी देखिन्छ । एउटै फर्मले समान प्रकृतिको कार्य गर्न फरक फरक दर पेश गर्दा सो को नियन्त्रण नभई लागत बढ्न गई खरिद मितव्ययी भएको पाईएन् । फर्मले कक्षा १ देखि ५ सम्मको पाठ्यपुस्तक छपाईमा पेश गरेको दर भन्दा कक्षा ६ देखि ८ सम्मको पाठ्यपुस्तक छपाईमा तपसिलका समान आईटममा बढी दर पेश गरि बढी व्ययभार परेको देखिन्छ । यस सम्वन्धमा पालिकासंग छलफल गर्दा एउटै फर्मवाट कार्य गर्दा लामो समय लाग्ने र २०८२ बैसाख देखि नया शैक्षिक सत्र सुरु भइ पुस्तक उपलव्ध गराउन ढीलो हुनाले फरक फर्मवाट कार्य गराउन मिति २०८१।०९।२९ को कार्यपालिकाको ४६ औ वैठकले निर्णय गरेकोले सोही अनुसार कार्य गरेको जनाएको छ ।

कक्षा १ देखि ५ सम्मको पाठ्यपुस्तक छपाई		**कक्षा ६ देखि ८ सम्मको पाठ्यपुस्तक छपाई**	**फरक दर**	**बढी व्ययभार**
विवरण	**प्रति कक्षा दर**	**प्रति कक्षा दर**		
पाठ्यपुस्तक लेखन कार्य	७७,०००	१०६०००	२९०००	८७०००
पुस्तक टाईपिङ्ग	११०००	१५७४०	४७४०	१४२२०
प्रूफ रिडिङ्ग	१५०००	२००००	५०००	१५०००
डिजाईनिङ्ग	१२०००	२००००	८०००	२४०००
बढी व्ययभार				**१,४०,२२०**

३३ विपद व्यवस्थापन कोष

पालिकामा विपद व्यवस्थापन कार्यको लागी विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन गर्न वनेको कार्यविधि २०७५ को व्यवस्था रहेको छ । यस शिर्षक अन्तर्गत पालिकाले यस आर्थिक वर्षमा रु ६०,६३,०७४ भुक्तानी गरेको दखियो । सो अन्तर्गत देखिएका बेहोराहरु देहाय अनुसार रहेका छन:-

• कार्यविधिको बुंदा नं ८ मा राहत सहायता वितरण तथा मापदण्ड सम्वन्धमा व्यवस्था रहेकोमा राहत उपलव्ध गराउंदा मापदण्ड तयार गर्नुपर्नेमा सो तयार गरेको देखिएन। लाभग्राहीको निवेदन संलग्न गरी विपदजन्य कार्यमा आर्थिक सहयोग गरेको देखियो। विपद वापतको रकम भुक्तानी गर्दा लाभग्राहीको आर्थिक स्थिति समेतको आधारमा मापदण्ड निर्धारण गरेको नदेखिएकोले यस सम्बन्धमा पालिकाले ध्यान दिनुपर्ने देखन्छ ।

• कार्यविधिको बुंदा नं १२(४) मा पालिकाले कम्तीमा वर्षको एक पटक कोषको सामाजिक र सार्वजनिक लेखापरीक्षणको व्यवस्था गराउनुपर्नेमा सो कार्य गरेको देखिएन। कार्यविधिको व्यवस्था अनुरुप कार्य गरी वितरणमुखी कृयाकलपाको पारदर्शिता, पहुँचता लगायतको बिषयमा पालिकाले ध्यान दिनुपर्दछ।

• कार्यविधिको बुंदा नं १७ मा समितिको कोष परिचालन सम्बन्धमा गरेको निर्णय र अन्य काम कारवाहीको अभिलेख दुरुस्त राख्नुपर्ने व्यवस्था रहेकोमा गत विगत देखि वितरण भएका लाभग्राहीहरुको अभिलेख व्यवस्थित राखेको देखिएन। यस सम्बन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

• विपद व्यवस्थापन अन्तर्गत दाउरा खरिद गरि वितरण समेत गरेको देखिएकोमा सो को स्पष्ट विवरण तथा अभिलेख राखेको देखिएन। सम्बन्धित प्रमाणकागजात व्यवस्थित राख्नतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

३४ **कार्यसम्पन्न पछिको निर्माण सामाग्री परीक्षण शुल्क** (८८७-2082-03-25):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२२(२) मा उपनियम (१) बमोजिम बिल वा बिजक प्राप्त भएपछि सार्वजनिक निकायले त्यस्तो बिल वा बिजक खरिद सम्झौतामा उल्लिखित प्रावधान बमोजिम भए नभएको जाँच गरी सो अनुरुप नभएमा सोको जानकारी सम्बन्धित आपुर्तिकर्ता, निर्माण व्यवसायी, सेवाप्रदायक वा परामर्शदातालाई तुरुन्त दिनुपर्ने व्यवस्था रहेको छ । हारद्धार प्रसाद पथिकको घरदेखि गजाधर रैदासको घर हुँदै भिमसेन बर्माको घरसम्म पिसिसि बाटो निर्माणको लागि मिति २०८२।०१।१० मा २०८२।०२।३० सम्म सम्पन्न गर्ने गरी रु.३,३२,९८३ को निर्माण व्यवसायी शुभशान्ति निर्माण सेवासँग सम्झौता भएकोमा PS आइटममा Additional Test for materials शिर्षकमा रु.१५,००० भुक्तानी भएको देखिन्छ । २०८२।०३।१६ देखि असार २३ गते सम्म नमुना संकलन गरी बागेश्वरी सिभिल ल्याब प्रा.लि.मा परीक्षण गरेको आधारमा उक्त पार्टीको मिति २०८२।०३।२५ को बिजक संलग्न गरी निर्माण व्यवसायीलाई भुक्तानी भएको छ। निर्माण व्यवसायीले २०८२।०२।३० मा कार्य सम्पन्न गरी बिल पेश गरेको तर ईटाँको परीक्षण २०८२।०३।२३ मा गरेको पाईयो। कार्यसम्पन्न पछि ल्याब परीक्षण गरी भुक्तानी भएको प्रयोगशाला परीक्षण शुल्क निर्माण कार्यसँग सम्बन्धित नदेखिएकोले निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रकम रू.

असुल गर्नुपर्ने	१५,०००

३५ **संचार प्रवर्द्धन कार्यक्रम**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार यो ऐन र अन्तर्गत बनेको नियम बमोजिम प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। पालिकाले संचार प्रवर्द्धन कार्यक्रम अन्तर्गत रु.३०,००,००० बजेट विनियोजन गरी रु.२९,९९,९२८ खर्च गरेको देखिन्छ ।उक्त खर्च परीक्षण गर्दा जनचेतनामूलक सूचना, पालिका गतिविधी तथा भिडियो रिपोर्टिङ्ग गर्ने कार्य ४ वटा टुक्रा पारी दरभाउपत्र मार्फत खरिद गरेकोले गो.भौ.नं.७८३,७४०,५०३,३६३ लगायतबाट भुक्तानी भएको रु.१९,९७,८३० नियमसम्मत नदेखिएको रू.

अनियमित भएको	१९,९७,८३०

३६ **कृषि उपज संकलन केन्द्र स्थापना सुधार** (४-2082-03-16):

बजेट कार्यान्वयन मार्गदर्शन अनुसारको खरिद व्यवस्थापन नभएकोः लुम्बिनी प्रदेश सरकार आर्थिक योजना तथा मामिला मन्त्रालयको आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयन मार्गदर्शनको बुंदा (क) अख्तियारी, कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट अन्तर्गत सि. नं २. मा प्रदेश सरकारको स्रोतमा देखा परेको चापको कारणले गर्दा आ.व. २०८१/८२ मा रु. ५ लाख वा सो भन्दा बढीको स्वीकृत सबै कार्यक्रमहरु प्याकेजिङ गरी अनिवार्य रुपमा सार्वजनिक प्रतिष्पर्धा गराएर मात्र कार्यक्रम कार्यान्वयन गराउनुपर्ने उल्लेख छ। पालिकाले कृषि उपज संकलन केन्द्र स्थापना सुधार कार्यक्रममा विनियोजित वजेटवाट वडा नं २ मा निर्माण कार्यको लागी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(४) बमोजिम हुने व्यहोरासहितको टिप्पणी संलग्न गरी ३ वटा खुल्ला कोटेशन अनुसार खजुरा युवाशक्ति निर्माण एण्ड सप्लायसंग रु ९,७३,८८२ को लागत अनुमानमा ९,६८,६७५ मा सम्झौता गरी मुल्याँकन अनुसार रु ९,६२,०९४ भुक्तानी गरेको देखियो । यसरी सोझै खरिद कार्य गर्नाले नियमकानूनको परिपालनमा भएको देखिएन । अत: बजेट कार्यान्वयन मार्गदर्शनको पालना नभएकोले उक्त खर्च नियमसम्मत नदेखिएको रु

अनियमित भएको	९,६२,०९४

३७ **कन्टेन्जेन्सी खर्चको अभिलेख**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानमा कन्टिजेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयानुसार खर्च गर्दा पुँजीगत प्रकृतिको वर्कचार्ज स्टाप तर्फ २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशत कट्टा गर्ने गरेको देखिएतापनि सोको आयोजनागत कन्टिजेन्सी खर्चको अभिलेख तयार गरी राख्नुपर्नेमा सो राख्ने गरेको छैन । प्राप्त विवरण अनुसार यस बर्ष रु ५१,८९,३०३ खर्च गरेकोमा सुचना प्रकासन , अनुगमन; फिल्ड भत्ता लगायतमा खर्च लेखेको देखिन्छ । ।अत: यस्तो खर्च नियन्त्रण गरी योजनासंग सम्वन्धित आवश्यक खर्च मात्र कन्टेजेन्सीवाट खर्च गरी नियमकानुन अनुसार खर्च लेख्नेतर्फ ध्यान दिनुपर्दछ ।

३८ **संचालनमा नआएको** (१९२-2082-02-29):

स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानीय तहले आफ्नो कार्यक्षेत्र तथा अधिकार क्षेत्र अन्तर्गत मात्र सार्वजनिक श्रोत साधन उपयोग गर्नुपर्ने तथा दफा ७३ मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले उद्यमशिलता प्रवर्दन कार्यक्रम अन्तर्गत कोशेली घरको संचालनको लागी रु ५ लाखको फर्निचर व्यवस्थापन कार्यको लागी खर्च गरेको देखियो । उक्त कोशेली घर संचालनमा आएको देखिएन। सार्वजनिक श्रोतको उपयोग अनुसारको प्रतिफल हासिल हुनेगरी कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ।

३९ **वडा नं २ मा सामुदायीक भवनमा थप पुर्वाधार निर्माण:-(०८०।०८१-२४)** (६-2081-06-08):

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **३५९,२६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४० **सिचाइ समरसेल कार्यक्रम**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० को उपनियम (१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नु पर्ने व्यवस्था रहेको र उपनियम २ मा उक्त लागत अनुमान तयार गर्दा प्रयोग गरिने नर्म्स सम्बन्धी व्यबस्था रहको छ । पालिकाले सिचाइ समरसेल कार्यक्रम अन्तर्गत विभिन्न कृषकहरुलाई सिचाइ समरसेल कार्यक्रम अन्तर्गत विभिन्न दरले अनुदान रकम भुक्तानी दिएको देखियो । लाभग्राहीहरुले पेश गरेको विल तथा डोरहाजिरीको आधारमा मुल्यॉंकन रकम कायम गरि अनुदान भुक्तानी दिएको देखियो । कार्यालयले भुमिगत जलश्रोत सम्बन्धि कार्यविधि तयार नगरेको तथा सम्पन्न कार्यको जिपिएस डाटावेस समेत तयार गरेको देखिएन । केवल लाभग्राहीको खरिद विल संलग्न गरी लागत अनुमान तथा मुल्यॉंकन संलग्न नगरी भुक्तानी पेश गरेको विलको ५० प्रतिशत रकम भुक्तानी गरेको अनियमित देखिएको रु

भौन	योजनाको नाम	लाभग्राही संख्या	सम्झौता रकम	अनुदान रकम	खर्च लेखेको रकम
२०४।०८२।०३।०१	सिचाइ समरसेल कार्यक्रम	२१	१८९००००	१३६५०००	१३६४९०५
२०९।०८२।०३।०३	,,	७	६३००००	४१५०००	४१४९६५
२५३।०८२।०३।२०	,,	३	२७००००	१९५०००	१९५०००
					१९७८४८०

अनियमित भएको	१९,७८,४८०

४१ **पालिका प्रशासनिक भवन निर्माण (ठेनं ३९।०७७।०७८)**

पालिकाको प्रशासनिक भवन निर्माणका रु.५,३६,०४,८१५। एस.के.जुगल जे.भी. सँग २०७८।२।१४ मा २०७९।८।१५ भित्र कार्य सम्पन्न गर्ने गरी खरिद सम्झौता भएकोमा समयमा सम्पन्न हुन नसकेको जनाइ २०८२।३।३१ सम्म म्याद थप भएकोमा गत वर्षसम्म रु

३,४२,९३,४३७ को कार्य भएको देखिएकोमा यो वर्ष आठौ र नवौ रनिङ विल को कार्यमुल्याँकन भएको देखिएकोमा सो अन्तर्गत देखिएका बेहोराहरु देहाय अनुसार रहेका छन:-

म्याद थप:- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० (१) मा ऐनको दफा ५६ बमोजिमको निर्धारित प्रकृया अनुसार म्याद थप गर्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको लागी म्याद थपको टिप्पणीसाथ सार्वजनिक खरिद नियमावलीको संसोधनमा भएको व्यवस्था अनुसार हुने म्याद थप गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको बखत वर्क सेड्युल पेश गरेको देखिएन। म्याद थप गर्दाको बखत स्पष्ट प्राबिधिक कारण लगायतको विवरण संलग्न नगरी म्याद थप गरेको देखिएकोले नियममा भएको व्यवस्थाको पालना गरेर मात्र म्याद थप गर्नुपर्ने देखिन्छ।

न्युन प्रगति एवं पुर्वनिर्धारित क्षतिपुर्ती :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० (१) मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा एक्काइस दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु ब्यवस्था रहेको र सार्वजनिक खरिद नियमावली २०७७ को नियम १२१ मा व्यवसायीको ढिलाईका कारणले सम्झौता अनुसारको काम समयमा हुन नसकेमा ०.०५ % प्रतिदिन पूर्व निर्धारित क्षतिपुर्ति असूल गर्नुपर्ने व्यवस्था छ । यस निर्माण कार्यको २०८२।३।२४ मा नवौं रनिङ विलसम्म अध्याबधिक रु ३,७७,२२,५२८ भुक्तानी अनुसार ७२ प्रतिशत मात्र वित्तिय प्रगति भएको देखिन्छ। अत: २०८२।३।३१ पश्चात म्याद थप समेत भएको नदेखिएकोले नियमानुसार खरिद सम्झौताको अबधि थप हुनुपर्ने अन्यथा क्षतिपुर्ति लगाइ कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ।

४२ **स्थानिय पुर्वाधार सहयोग कार्यक्रम**

नेपाल सरकार र वेलायत सरकारको सहकार्यमा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम को लागी स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ को व्यवस्था रहेको छ। उक्त कार्यविधिको परिच्छेद ३ दफा नं ७ (१) बमोजिम (बमोजिम स्थानीय तहले 'स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८' को प्रक्रियाबमोजिम आयोजनाको छनौट गरी आफ्नो वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्ने, रणनीति तथा स्थानीय तहको परियोजना बैंकलाई आधार लिनु पर्ने, उपवुंदा (५)मा संघीय र प्रदेश सरकारबाट प्राप्त अनुदान, आन्तरिक राजस्व र अन्य अनुदान लगायतका श्रोतबाट पूर्वाधारजन्य आयोजनाहरूको लागि विनियोजन गरिएको रकम तथा यस कार्यक्रमबाट प्रत्येक आर्थिक वर्षमा विनियोजित सहलगानीको रकम समेतलाई आधार मानी पूर्वाधार रणनीति अनुसार एवं सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली अर्थात् (SUTRA) मा प्रविष्टि गर्नुपर्नेछ लगायतको व्यवस्था छ । पालिकाको बजेट बक्तव्यसाथ पेश भएको योजना अन्तर्गत यस कार्यक्रममा सुरुमा ७ वटा योजना उल्लेख भएकोमा योजना छनौटको मापदण्ड अनुसार ५ वटा मात्र स्वीकृत भएको देखिन्छ । पालिकाले यस शिर्षकमा विनियोजित कुल वजेट रु २८०८३६४० रहेकोमा ५ योजनाको कार्यान्वियन पश्चात वचत रकमवाट थप ४ योजना संचालन गरी भुक्तानी गरेको देखिन्छ ।बचत रकमवाट थप योजना कार्यान्वियन गर्ने व्यवस्था कार्यविधिमा रहेको देखिंदैन। अत: कार्यविधिको व्यवस्था अनुरुप खर्च नगरी वचत रकमवाट थप निम्न योजनाहरुमा खर्च गरेको देखिएकोले नियमसम्मत नदेखिएको रु

भुक्तानीभौन	योजनाकोनाम	सम्झौतारकम	निर्माणव्यवसायी
३९।०८२।०३।२२	सपनारसाइलिको घरदेखी नारी उत्थान हुदै आदर्श मावि गेट सम्म सडक स्तरोन्नती	२६७७२०४	पुननिर्माण सेवा
२१, ४६।०८२।०३।२४	वडा नं २को प्रताप वराइलिको घरदेखी पदम गिरीको घरसम्म ग्रामिण सडक स्तरोन्नती	२५२२००३	सविनाकन्सट्रक्सन एण्ड सप्लायर्स
३७।०८२।०३।२२	चमकदार पुरदेखि दक्षीण आपको वगैचासम्म ग्रामिण सडक स्तरोन्नती	१६२०४४६	यज्ञेश्वरीश्रेष्ठ जेभी
४१।०८२।०३।२९	सागरकोघरदेखी जनक शिक्षा सामाग्री केन्द्र सम्म वाटो स्तरोन्नती	७२९८८२	बुलबुलेकन्सट्रक्सन
	जम्मा सम्झौता रकम	७५४९५३५	
	यस शिर्षकवाट भुक्तानी (८० प्रतिशत)	६०३९६२८	

अनियमित भएको	६०,३९,६२८

४३ **उढरापुर देखी वडा नं ६ को वडा कार्यालय जाने वाटो स्तरोन्नती (६-०७९।०८०)**

यस निर्माण कार्यको लागी मूल्य अभिबृद्धि कर र प्रोभिजनल सम समेत रु ३९,०९,०४६,/- मा प्रेम निर्माण सेवा गुलरिया ४ वर्दियासंग मिति २०७८।०७।०४ गते सम्झौता भएकोमा सुरु सम्झौता मितिमा कायम अबधि अनुसार मिति २०७८ चैत्र मसान्त सम्म निर्माण कार्य सम्पन्न गर्नेगरी सम्झौता भएकोमा विभिन्न पटकको निर्णयले म्याद थप गरी २०८१।०२।३० सम्म म्याद थप गरेको देखियो । सो अन्तर्गत देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन:-

४३.१ न्युन प्रगति एवं पुर्वनिर्धारित क्षतिपुर्ती :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० (१) मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा एक्काइस दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु ब्यवस्था रहेको र सार्वजनिक खरिद नियमावली २०७७ को नियम १२१ मा व्यवसायीको ढिलाईका कारणले सम्झौता अनुसारको काम समयमा हुन नसकेमा ०.०५ % प्रतिदिन पूर्व निर्धारित क्षतिपुर्ति असूल गर्नुपर्ने व्यवस्था छ । तोकिएको अबधिमा म्याद थप गर्दा समेत निर्माण कार्यको अबधी २०८१।०२।३१ सम्म निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा निर्माण व्यवसायीले २०८२।६।२२ मा ठेक्काको अन्तिम मुल्यांकन गर्न कार्यालयलाइ पत्र लेखेको सम्वन्धित फाइलवाट देखिन्छ। तर कार्यालयवाट सो उपर कुनै कारवाही भएको देखिएन। यसरी लेखापरीक्षण अबधिसम्म दोश्रो रनिङ विल सम्म अध्याबधिक रु ३०,२०,८१० भुक्तानी भएकोमा निर्माण कार्यको बित्तिय प्रगति ७७.७२ प्रतिशत मात्र देखिन्छ। सुरु सम्झौता अनुसार कार्य सम्पन्न नभएको जनाइ २०८१।०२।३१ सम्म मात्र म्याद थप भएकोमा सो पश्चात म्याद थप उपर कुनै कारवाही नभएको, तथा म्याद थप समेत नभएको देखिएकोले सार्वजनिक निकायको कारण वाट म्याद अपुग नभएको देखिन्छ । निर्माण व्यवसायीले अन्तिम नापजाँच गर्न पत्र लेखेको मितिलाइ आधार मान्दा समेत निर्धारित अवधिमा कार्य सम्पन्न नभएको देखिन्छ। अत: यस सम्बन्धमा पालिकाले यकिन गरी क्षतिपुर्ति लगाई खरिद ब्यवस्थापन गर्नुपर्ने देखिन्छ।

४३.२ कार्यसम्पादन जमानतको म्याद नभएको :- निर्माण व्यवसायीले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० अनुसार कार्यसम्पादन जमानत पेश गर्नुपर्ने तथा सो को म्याद खरिद सम्झौताको GCC मा उल्लेख भए अनुसार त्रुटि सच्याउने अबधि सम्मको हुनुपर्ने उल्लेख छ । यस खरिद सम्झौताको तोकिएको अबधिमा पुरा नभएकोले थप अबधि समेत ठेक्का सम्पन्न गर्ने अबधी २०८१।०२।३१ सम्म रहेको देखिन्छ ।पालिकाले सो पश्चात म्याद थप समेत नगरेको तथा कार्यस्वीकार समेत गरेको छैन ।कार्यसम्पादन जमानत रु १४,७०,५०० को म्याद मिति २०८२।०३।३० सम्म मात्र रहेको देखिएकोले नियमानुसार म्याद थप गर्नुपर्ने देखिएको रु

प्रमाण पेश नगरेको	१४,७०,५००

४३.३ विमाको म्याद:-निर्माण व्यवसायीले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ अनुसार विमा गर्नुपर्ने , तथा ससम्झौताको GCC १९.१ मा उल्लेख भए अनुसार त्रुटि सच्याउने अबधि सम्मको हुनुपर्ने उल्लेख भएकोमा पालिकाले मिति २०८१।०२।३० सम्मको

म्याद थप गरेकोमा १३ महिनासमम्म त्रुटि सच्याउने अबधि सम्म विमाको म्याद हुनुपर्नेमा २०८१।०३।३१ सम्मको मात्र म्याद रहेको देखिएकोले खरिद नियमावली तथा सम्झौताको सर्त अनुसार त्रुटि सच्याउने अबधिसम्मको रु १३,१५,६१,३०१ को बिमा पोलसिको म्याद हुनुपर्ने देखिन्छ ।

४४ **सुरक्षित नागरिक आवास कार्यक्रम**

सुरक्षीत नागरिक आवास सम्बन्धि कार्यविधि २०७५(संसोधन सहित २०७६) को दफा ५ को उपदफा (८) बमोजिम प्राप्त पहिलो किस्ताको रकमबाट जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनी सम्वन्धित स्थानीय तहको प्राविधिकवाट अनुसूची-३ बमोजिमको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा सम्बन्धित स्थानीय तहवाट लाभग्राहीलाई दोस्रो तथा अन्तिम किस्ता बापत चालिस प्रतिशत अनुदान रकम उपलब्ध गराइने व्यवस्था छ ।पालिकावाट प्राप्त विवरण अनुसार यस आर्थिक वर्षमा ६४ जनालाइ प्रथम किस्ता उपलव्ध गराइएकोमा कार्यसम्पन्न भएको नदेखिएकोले नियमानुसार कार्यसम्पन्न प्रमाण पेश गर्नुपर्ने रु

मिति	भौन	संख्या	रकम रु	कैफियत	
०१/०२/२०८२	१३	४०	१६०००००	४०००० जनही को दरले	
०१/२३/२०८२	१४	१७	६८००००	४०००० जनही को दरले	
०२/०९/२०८२	१८	६	२४००००	४०००० जनही को दरले	
०३/०१/२०८२	२१	१	४००००		
		६४	२५६००००		

प्रमाण पेश नगरेको	२५,६०,०००

४५ **खरिद सम्झौताको कार्यान्वयन गर्नुपर्ने**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२८(१) मा खरिद सम्झौतामा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकले खरिद सम्झौताको उल्लङ्घन गरेमा सार्वजनिक निकायलाई प्राप्त हुने उपचार उल्लेख गर्नु पर्ने ब्यवस्था छ।निम्नानुसारको निर्माण कार्य पुरा नभएको देखिएकोमा निर्माण व्यवसायीले निर्माण कार्य पुरा नगरेमा सृजना हुने दायित्व सम्बन्धमा खरिद सम्झौताको सर्त GCC १२ र १३ मा उल्लेख गरेको देखियो । पालिकाबाट प्राप्त विवरण अनुसार खरिद सम्झौता भएका योजनाहरुको तोकिएको समयमा सम्पन्न नभएको तथा म्याद थपपश्चात समेत सचेत गराएकोमा समेत कार्य पुरा नभएको देखिएकोले मिति २०८२।०८।०२ मा ठेक्का सम्झौता रद्द गरि कालो सुचीमा राख्ने सुचना समेत प्रकासित गरेको देखियो । तसर्थ नियमानुसार कार्यसम्पादन गरेको नदेखिएकोले कार्यसम्पादन जमानत जफत गरी अन्य प्रकृया सार्वजनिक खरिद नियमकानून अनुसार परिपालन गर्नुपर्ने देखिएको रु

सि.न	ठेक्का न	कार्यप्रकृति	योजनाको नाम	ठेक्काको कबुल अंक	ठेकेदारको नाम ठेगाना	अध्यावधिक भुक्तानी रकम	कार्यसम्पादन गर्न बाँकी रकम	यस आवमा भुक्तानी	सम्झौता मिति	म्याद थप समेत कायम अवधी	कार्यसम्पादन जमानत रकम
१	१८/०७७/०७८	सडक कालोपत्रे	एन अईसी एसिया बैंक देखी मनकामना जाने सडक नालि निर्माण र बाटो स्तरउन्नति	१९०६७५४	अमन कन्स्ट्रक्सन कम्पनि गुलरीया बर्दिया	१३३८४१४	५६८३४०	०	२०७७।०९।१३	२०८१।०३।३१	५७१०००
२	१९/०७७/०७८	पक्की नाली निर्माण	गोपाल सिंङ आलेको घरदेखी लाल बहादुर रजालिको घर सम्म बाटो स्तरउन्नति	१०४९३८४	अमन कन्स्ट्रक्सन कम्पनि गुलरीया बर्दिया	४९७७१६	५५१६६८	०	२०७७।०९।१३	२०८१।०३।३१	४०८०००
३	२४/०७७/०७८	सडक कालोपत्रे	वडा नं ४ ई गाँउ ने.रा. मनकामना आधरभुत नि.मा.वि देखी पुर्व एफ गाँउ जाने बाटो	२०६७१८४	अमन कन्स्ट्रक्सन कम्पनि गुलरीया बर्दिया	९१२५२८	११५४६५६	०	२०७७।११।१२	२०८१।०३।३१	५६४०००
४	२७/०७७/०७८	सडक स्तरउन्नति	वडा न ३ बि गाँउ ८० नं देखी १०५ नम्बर सम्म	२३२६९२८	अमन कन्स्ट्रक्सन कम्पनि गुलरीया बर्दिया	१११५०८२	१२११८४६	०	२०७७।११।१२	२०८१।०३।३१	५४८५००
५	२८/०७७/०७८	सडक स्तरउन्नति	वडा न ४ ई गाँउ देखी एफ गाँउ जाने बाटो	१५२४४१०	अमन कन्स्ट्रक्सन कम्पनि गुलरीया बर्दिया	६९८९७९	८२५४३२	०	२०७७।११।१२	२०८१।०३।३१	३६००००
											२४५१५००

प्रमाण पेश नगरेको	२४,५१,५००

४६ कोटेशनवाट खरिद

४६.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढिको कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्राटुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा रु.२० लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान, सेवा खरिद वा निर्माण कार्य, गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्न सकिने व्यवस्था छ । नमुना छनौट गरि परिक्षण गर्दा पालिकाले विभिन्न योजनाहरुमा सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४१ तथा नियमाबली ८५ को उपनियम १(क) बमोजिम हुने बेहोराको टिप्पणी संलग्न गरी ३ वटा दररेट संलग्न गरी कोटेशनवाट खरिद गरेको छ । यसरी खरिद योजना नबनाएको, सम्भाबित प्याकेज तयार नगरेको, केहि योजनाको प्याकेज तयार गरेतापनि खुल्ला कोटेशनवाट खरिद भएकोमा प्रतिस्पर्धा नदेखिएको तथा टुक्रे योजना अनुसार खरिद कार्य गरेकोले (उस्तै प्रकृतिका प्रदेश तथा संघीय वजेट विनियोजन भएका सिलवन्दि दरभाउपत्रबाट खरिद गरिएका योजनामा ४० प्रतिशतसम्म घटिमा कार्य भएको देखिएको) मितव्ययी नदेखिएको र प्रतिस्पर्धा सिमित हुने गरी खरिद गरेको देखियो तसर्थ पालिकाले खरिदजन्य कार्य गर्दा खुल्ला कोटेशन वाट गर्ने कार्य नियन्त्रण गरि खरिदको प्रतिस्पर्धात्मक विधि अपनाउनुपर्ने देखिन्छ ।

४६.२ **खुल्ला कोटेशनवाट खरिद गरिएका खरिद योजनाहरु** :- नमुना छनौट गरी परीक्षण गर्दा निम्नानुसारको ६४ वटा निर्माण योजनाहरुमा रु ३ करोड ५ लाख ११ हजारको लागत अनुमानमा रु ३ करोड १ लाख १६ हजारको खरिद सम्झौता गरी मुल्याँकनको आधारमा २ करोड ९६ लाख ७० हजार भुक्तानी गरेको देखियो । यसरी लागत अनुमानको तुलनामा अधिकत योजनामा १ प्रतिशत भन्दा न्युन मात्र घटेर सम्झौता भएको देखियो । लागत अनुमानकै हाराहरीमा खरिद सम्झौता भएको खरिद कार्य मितव्ययी देखिदैन । सम्भावित प्याकेज समेत तयार गरि प्रतिस्पर्धात्मक तवरवाट खरिद कार्य हुनपर्दछ।

उपरोक्त अनुसारको खरिद कार्यहरु लागत अनुमानकै दरमा तथा न्युन घटेको अवस्थामा खरिद सम्झौता गरी भुक्तानी गरिएकोले खरिद कार्य प्रतिस्पर्धी तथा नियमसम्मत देखिएन। सम्भावित प्याकेज तयार गरि खरिद गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ४६.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४७ कोटेसनवाट गरिएको योजनामा म्याद थप

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० (१) मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा एक्काइस दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु ब्यवस्था छ । पालिकाले आव २०८०।०८१ मा कोटेसन विधिवाट सम्झौता गरेको केही योजनाको भुक्तानी यस आर्थिक वर्षमा गरेको देखियो।आर्थिक वर्षको अन्तमा सम्झौता भइ छोटो अबधि रहेको कारण म्याद थप गर्नुपरेको देखिन्छ। खरिद सम्झौताको अबधी योजनाको प्रकृति तथा गुणस्तरियता समेतमा ध्यान दिइ सार्वजनिक खरिद कानुनको परिपालनमा ध्यान दिनुपर्ने देखिन्छ।

मिति	भौन	योजनको नाम	लागत अनुमान	सम्झौता रकम	भुक्तानी कम	भुक्तानी पाउने	सम्झौता मिति	अन्तिम विल पेश मिति / म्याद थप मिति
०६/२०/२०८१	१६	अशफाकको घर देखि झोतु खांको घर सम्म आर.सी.सी	९७३८५८	९६३२१३	९५००००	एपि निर्माण सेवा	२०८१।०२।११	२०८१।०६।१५
०७/०१/२०८१	२३	वडा नं २ सामुदायिक भवन अगाडी सोइलिंङ्ग र आ.र.सि. कार्य	९७३५०८	९७०२९९	९६८२९०	सौरभ कन्सट्रक्सन	२०८१।०३।१४	२०८१।०६।२०
०७/१२/२०८१	३०	गापा भित्रका विपन्न वर्ग भवन स्तरोन्नती कार्य	२४५२२५	२४४५७५	२३७६०३	जय गुरुदेव कन्सट्रक्सन	२०८१।०३।१०	२०८१।३।२०
			२१९२५९१	२१७८०८७	२१५५८९३			

४८ **पुजीगत शिर्षकवाट बितरणमुखी कार्यक्रम**

महालेखा नियन्त्रक कार्यालयले जारी गरेको एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४(दोश्रो परिमार्जन) अनुसार खर्च लेख्ने व्यवस्था रहेको छ। सो अतिरिक्त स्थानीय तहले पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवं उपयोगिता सृजना हुने गरी योजना तथा कार्यक्रम छनौट गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले पुँजीगत शिर्षक अन्तर्गत चालु प्रकृतिको वितरणमुखी कार्यमा बजेट विनियोजन गरी खर्च लेखेको देखियो । बजेट वर्गिकरण व्यवस्था अनुसार रहेको नदेखिएको, लाभग्राही छनौटको आधार नराखिएको , यस्ता प्रकारको खर्च अन्य संघिय तथा प्रदेश तहवाट समेत हुने देखिएकोमा अन्तरतह समन्वय गरेको नदेखिएको आवधिक अनुगमन समेत नभएकोले उक्त खर्च नियमसम्मत देखिंदैन । पालिकाको आन्तरिक आयले प्रशासनिक खर्च समेत व्यहोर्न नसकिएको अवस्थामा यस्तो प्रकारको वितरणमुखी कार्य गर्दा नियमकानुन समेतको परिपालनमा ध्यान दिनुपर्ने देखिन्छ ।

भौन	मिति	योजनाको नाम	भुक्तानी रकम	कैफियत
०३/११/२०८२	२१७	विपन्न नागरिकलाइ खानेपानी टुटि जडान खजुरा ६	४९४०००	सापकोटा ट्रेडर्सलाइ धाराको सामाग्री खरिद गरेको भुक्तानी गरेकोमा ६८ जनाको भरपाइ संलग्न
०३/१७/२०८२	२४३	खाने पानि धारा वितरण वडा नं ८	२९९९०३	सावित्रा ट्रैड लिकवाट धाराको सामाग्री खरिद गरिएकोमा विभिन्न ३९ भरपाइ संलग्न
०३/२४/२०८२	२७९	खाने पानि धारा बितरण खजुरा ७	१९९८०५	सावित्रा ट्रैड लिकवाट धाराको सामाग्री खरिद गरिएकोमा विभिन्न २६ भरपाइ संलग्न

४९ **खजुरा वसपार्कमा वाउन्ड्रिवाल निर्माण तथा माटो पटान कार्य (ठेनं ८-०८१।०८२)**

यस निर्माण कार्यको लागी मूल्य अभिबृद्धि कर र प्रोभिजनल सम समेत रु १,३०,००,६७७/- मा स्ट्रेटलाइन एन्जल जेभी खजुरा ३ संग मिति २०८१।०७।०९ गते सम्झौता भएकोमा सुरु सम्झौता मितिमा कायम अबधि अनुसार मिति २०८२।०२।३१ सम्म निर्माण कार्य सम्पन्न गर्नेगरी सम्झौता भएकोमा यस आर्थिक वर्षमा तेश्रो रनिङ विलससम्म भुक्तानी दिएको देखियो ।सो अन्तर्गत देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन:-

४९.१ न्युन प्रगति :- निर्माण व्यवसायीसंग भएको सम्झौता अनुसार जेठ मसान्त सम्म कार्य सम्पन्न गर्नुपर्नेमा ७८ प्रतिशत मात्र प्रगति भएको देखियो ।निर्माण व्यवसायीले बर्क सेड्युल पेश गरेको देखिएन।

४९.२ (२३६-2082-03-17):

न्युन प्रगति एवं पुर्वनिर्धारित क्षतिपुर्ती :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० (१) मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा एक्काइस दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु ब्यवस्था रहेको र सार्वजनिक खरिद नियमावली २०७७ को नियम १२१ मा व्यवसायीको ढिलाईका कारणले सम्झौता अनुसारको काम समयमा हुन नसकेमा ०.०५ % प्रतिदिन पूर्व निर्धारित क्षतिपुर्ति असूल

गर्नुपर्ने व्यवस्था छ । यस निर्माण कार्यको २०८२।०२।३१ सम्म निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा २०८२।०३।१७ मा तेश्रो रनिङ सम्म अध्याबधिक रु १,०२,२९,७७७ भुक्तानी भएकोमा निर्माण कार्यको बित्तिय प्रगति ७८ प्रतिशत मात्र देखिन्छ। सुरु सम्झौता अनुसार कार्य सम्पन्न नभएको जनाइ २०८२।०२।८ मा म्याद थपको निबेदन पेश गरेकोमा लेखापरीक्षण अबधिसम्म सो उपर कारवाही भएको देखिएन। तसर्थ म्याद थप नभएकोले सार्वजनिक निकायको कारण वाट म्याद अपुग नभएको देखिन्छ । तसर्थ सम्झौता रकममा नियमानुसार हर्जाना लगाइ निर्माण कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ।

५० **विल भरपाई तथा खर्चको पुष्ट्याईं**

आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्ब नियमावली २०७७ को नियम ३९(१०) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गर्दा देहायको भुक्तानीको प्रमाण संलग्न भएको नदेखिएकोले प्रमाण पेश हुनुपर्ने देखिएको रु

मिति	भौन	योजनाको नाम	भुक्तानी रकम	कैफियत
०६/०८/२०८१	६	दीप अर्डर एण्ड सप्लायर्सवाट ह्युपाइप खरिद	७०४९९९	४५ सेमी ३० थान र ६० सेमी ६० थानको विल संलग्न गरी यस वर्ष रु १००००० भुक्तानी गरेकोमा जडान प्रतिबेदन नभएको
०७/१३/२०८१	३९	ह्युमपाइप खरिद तथा व्यवस्थापन वडा नं ६	२८६२५७	वालाजी ह्युम पाइप उद्योगलाइ Np3 900,600,450 को खरिद गरिएकोमा जडान प्रतिबेदन नभएको
०९/२८/२०८१	७८	ह्युमपाइप खरिद	४८४८३४	लक्ष्मी रिङ पोल उद्योगलाइ Np3 900,600 को खरिद गरिएकोमा जडान प्रतिबेदन नभएको
१२/२७/२०८१	१४१	श्री शिवपार्वती मन्दिर मर्मत सिर्जना टोल	५९८९७६	गोश्वारा भौचर तथा प्रमाणकागजात नभएको
०३/०८/२०८२	२१०	ह्युमपाइप खरिद तथा व्यवस्थापन वडा नं ६	३५२०५२	वालाजी कंक्रिट उद्योगलाइ उद्योगलाइ Np3 900,600 को १३ थान खरिद वापत भुक्तानी गरिएकोमा जडान प्रतिबेदन नभएको
०३/१७/२०८२	२४३	खाने पानि धारा वितरण वडा नं ८	२९९९०३	सावित्रा ट्रैड लिकवाट धाराको सामाग्री खरिद गरिएकोमा विभिन्न ३९ भरपाइ संलग्न गरिएकोमा जडान प्रतिबेदन नभएको
०३/२०/२०८२	२५२	ह्युमपाइप खरिद तथा व्यवस्थापन वडा नं ८	१२९८२०	जय मा दुर्गा ट्रेड सेन्टरवाट खरिद गरेकोमा ४५० एमएम ९ वटा खरिद गरेकोमा जडान प्रतिबेदन नभएको
०३/२३/२०८२	२७५	खजुरा १ विभिन्न स्थानमा ह्युम पाइप जडान, बलेपुरको नयाँबाटोमा ग्रेडर र रोलर लगाउने,गौघाट १६ नं.प्लटको हनुमान मन्दरमा टहरो निर्माण	२११९८८	लागत अनुमान तयार गरेकोमा कार्यसम्मपन्न तथा नापी तयार नगरेको
०३/२४/२०८२	२७९	खाने पानि धारा बितरण खजुरा ७	१९९८०५	सावित्रा ट्रैड लिकवाट धाराको सामाग्री खरिद गरिएकोमा विभिन्न २६ भरपाइ संलग्न गरी वितरण गरेकोमा लागत अनुमान तथा कार्यसम्पन्न नभएको
०३/२५/२०८२	३०४	खाने पानि धारा वितरण वडा नं ५	१४९७१०	सावित्रा ट्रैड लिकवाट हेण्डपम्प लगायत धाराको सामाग्री खरिद गरिएकोमा विभिन्न १९ भरपाइ संलग्न गरी वितरण गरेकोमा लागत अनुमान तथा कार्यसम्पन्न नभएको
०३/२५/२०८२	३०५	खानेपानीको हेण्डपम्प, खानेपानीको धारा खरिद तथा वितरण	२५००००	सावित्रा ट्रैड लिकवाट हेण्डपम्प लगायत धाराको सामाग्री खरिद गरिएकोमा विभिन्न ३२ भरपाइ संलग्न गरी वितरण गरेकोमा लागत अनुमान तथा कार्यसम्पन्न नभएको
			३६६७५४४	

प्रमाण पेश नगरेको	३६,६७,५४४

५१ **वडा नं २ मा वहुउद्येशीय सामुदायीक भवन निर्माण:- (०८०।०८१-३१)**

यस निर्माण कार्यको लागी मूल्य अभिबृद्धि कर र प्रोभिजनल सम समेत रु १०६०४६९३/- मा नविन निर्माण सेवा संग मिति २०८१।०२।२१ गते सम्झौता भएकोमा सुरु सम्झौता मितिमा कायम अबधि अनुसार मिति २०८४।०३।१५ सम्म निर्माण कार्य सम्पन्न गर्नेगरी सम्झौता भएकोमा यस आर्थिक वर्षमा पहिलो र दोश्रो रनिङ विल भुक्तानी दिएको देखियो ।

न्युन प्रगति :- निर्माण व्यवसायीसंग भएको सम्झौता अनुसार ३७ महिनाभित्र निर्माण कार्य सम्पन्न गर्नेपर्नेमा यस आर्थिक वर्षमा दोश्रो विलसम्म ४९,४३,२७७ को वित्तिय प्रगति भएको देखियो । सम्झौताको १३ महिना अर्थात ३५ प्रतिशत म्याद व्यतित भैसक्दा ४६ प्रतिशत मात्र प्रगति भएको देखियो ।निर्माण व्यवसायीले बर्क सेड्युल पेश नगरेकोले सो समेत पेश गर्न लगाइ तोकिएको अबधिमा कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ।

५२ **वडा नं १ कार्यालयको भवन निर्माण क्रमागत (ठेन् ०८०।०८१-२६)** (२३७-2082-03-17):

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ (१)मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई अधिकार प्राप्त अधिकारीले तोकिएको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्न सक्ने तथा खरिद नियमावली २०६४ को नियम ११८ मा तोकिएको प्रकृया अपनाउनुपर्ने उल्लेख छ । पालिकाले कार्यालयको भवन निर्माण क्रमागत ठे नं ०८०।०८१ को कल्पेश्वर सविना जेभीसंग रु १,४०,६४,१५७ को सम्झौता गरी कार्य गर्दा रु १,२७,५९,१६४ को कार्यमुल्याँकन गरी कार्यस्वीकार प्रतिबेदन तयार गरेको छ। निम्नानुसारको आइटममा २५ प्रतिशत भन्दा वढी परिवर्तन भएको तथा कुल खरिद सम्झौतामा ९.२८ प्रतिशत घटी कार्य भएकोमा नियमानुसार भेरियसन आदेश संलग्न जारी नगरी खरिद सम्झौता अनुसार रु १३,०४,९९४ को कार्य नगरी कार्यस्वीकार गरेकोले नियमसम्मत नदेखिएको रु

आइटमको नाम	सम्झौता रकम	मुल्याँकन रकम	फरक प्रतिशत
8.1 woodwork	७९०५००	३४०३८६	५७
electric works	४२३५२०	२९२५६०	३१
sewer waste water treatemnt etc	७३८१००	४५७००७	३८
जम्मा	१४०६४१५७	१२७५९१६३	९

अनियमित भएको	१३,०४,९९४

५३ **ज्ञानोदय नमुना मावि पढ्दै कमाउदै कार्यक्रम वडा नं ३ (ठेनं ३४।०८०।०८१)** (३२३-2082-03-25):

ज्ञानोदय नमुना मा.वि.मा निर्माण उपकरणहरु मार्फत पालिकाले पढ्दै कमाउदै गर्ने अबधारण अनुसार कंक्रिट मिक्सचर, मोल्ड लगायतको निर्माण उपकरणहरु खरिदको लागी रु ११,०६,१५७ मा एस सि इ सप्लयार्स संग मिति २०८१।०३।२१ मा सम्झौता मितिले असार मसान्तसम्म सामाग्री आपुर्तिक गर्नेगरी सम्झौता भएको थियो । सम्झौताकर्ताले समयम कार्य पुरा गर्न नसकेको जनाइ मिति २०८२।०३।०९ को निर्णयले २०८२।३।३० सम्म म्याद थप गरेको देखिएकोमा मिति २०८२।०३।२७ मा रु ९,९८,४४७ को सामाग्री मात्र आपुर्ति भएको टिप्पणी संलग्न गरी जिन्सी दाखिला गरेको देखिन्छ । कार्यक्रमको उद्दयेश्य अनुरुप विद्यालवाट आयआर्जन लगायतमा उपयोग हुनुपर्नेमा कार्यालयकै जिन्सी दाखिलामा रहेको देखिएकोले प्रयोजनमा आएको देखिएन। सार्वजनिक श्रोतको सदुपयोग हुनेगरी तथा वजेट र कार्यक्रमको उद्येश्यअनुरुप हुनेगरी कार्य हुनपर्ने देखिन्छ ।

५४ **गुणस्तर व्यवस्थापन**

ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावलीको नियम १११ अनुसार गुणस्तर परीक्षण तथा नियन्त्रण गर्नुपर्ने व्यवस्था छ । सोही व्यवस्था अनुसार निर्माण व्यवसायीले गुणस्तर आश्वस्तता योजना पेश गर्नु पर्नेमा गरेको पाइएन। नमुना छनौट गरी परीक्षण गर्दा कोटेशनवाट गरिएका कार्यहरुमा १:१/२:३ को कार्य गरेको नापी संलग्न गरिएकोमा गुणस्तर परीक्षण प्रतिबेदन संलग्न गरेको देखिएन। सम्पादन भएको कार्य अनुसार गुणस्तर प्रतिबेदन संलग्न गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

५५ **बहुउद्दयेश्य सभा हल निर्माण(१५-०७६।०७७):-** (१७३-2082-02-01):

यस निर्माण कार्यको लागी मूल्य अभिबृद्धि कर र प्रोभिजनल सम समेत रु ५,४८,७४,५६३/- मा अमर कन्सट्रक्सन काठमाडौसंग मिति २०७६।०२।२१ गते सम्झौता भएकोमा सुरु सम्झौता मितिमा कायम अबधि अनुसार मिति २०७८ असार मसान्त सम्म निर्माण कार्य सम्पन्न गर्नेगरी सम्झौता भएकोमा विभिन्न पटकको निर्णयले म्याद थप गरी २०८१।११।१५ सम्म म्याद थप गरेकोमा यस वर्ष अन्तिम विल भुक्तानी गरेको देखियो । सो अन्तर्गत देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन:-

• अभिलेख व्यवस्थापन:- लुम्बिनी प्रदेश अभिलेख संरक्षण ऐन २०७६ को दफा ७ मा कार्यालयले आफ्नो कार्यालयमा भएका कागजातहरु सुरक्षीत रुपले राख्नुपर्ने उल्लेख छ। पालिकाले उक्त खरिद सम्झौताको म्याद थपको तालिका, जमानत नविकरणको सुची, प्रगति विवरण , विगत पुरानो बर्षमा भएका भुक्तानीको स्पष्ट पार्ने कागजात लगायतको प्रमाणहरु स्पष्ट रुपमा राखेको देखिएन । जिम्मेवार पदाधिकारीले जिम्मेवारी लिइ स्पष्ट रुपमा राख्नुपर्नेतर्फ ध्यान दिनुपर्दछ।

• म्याद थप:- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० (१) मा ऐनको दफा ५६ बमोजिमको निर्धारित प्रकृया अनुसार म्याद थप गर्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको लागी म्याद थपको टिप्पणीसाथ सार्वजनिक खरिद नियमावलीको संसोधनमा भएको व्यवस्था अनुसार हुने म्याद थप गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको बखत वर्क सेड्युल पेश गरेको देखिएन। म्याद थप गर्दाको बखत स्पष्ट प्राबिधिक कारण लगायतको विवरण संलग्न नगरी म्याद थप गरेको देखिएकोले नियममा भएको व्यवस्थाको पालना गरेर मात्र म्याद थप गर्नुपर्ने देखिन्छ।

• As build drawing पेश नगरेको:- निर्माण व्यवसायीसंग भएको सम्झौता अनुसार एज विल्ट नक्सा पेश गर्नुपर्नेमा पेश भएको देखिएन । सम्झौता अनुसार नक्सा पेश गराउनुपर्ने देखिन्छ ।

• गत वर्षसम्म ८ औ विलवापत अध्याबधिक भुक्तानी रु ३६८८२५९९ को भुक्तानी भएकोमा यस आर्थिक वर्षमा ९ , १० र ११ औ विल भुक्तानी गरेको छ। कुल रु ५,१२,८९,८८७ को कार्यस्वीकार प्रतिबेदन संलग्न गरेकोमा पालिकाले सभाहल निर्माण, संचालन, हस्तान्तरण एवं व्यवसायिक दिगोपना सम्वन्धी कार्यविधि तथा कार्ययोजना तर्जुमा गरेको छैन । संचालन मापदण्ड नभएको, संचालन खर्च निरन्तर व्यहोर्नुपर्ने तथा यस प्रकारका संरचना निर्माण गर्दा दिर्घकालीन रुपमा आर्थिक दायित्व वृद्धि हुने भएकोले लाभ लागत विश्लेषण गरेर, आवश्यकतामा आधारित रहेर मात्र सभाहल निर्माण गर्नुपर्ने साथै यसको संरक्षण र उपयोगको उचित व्यवस्थापन हुनेगरी पूर्व तयारी र संचालन कार्यविधि तर्जुमा गर्नुपर्दछ ।

५६ वडा नं ३ खजुरा बजारभित्र नाली निर्माण कार्य ठेनं (४-०७९।०८०)

५६.१ (१०९-2081-12-12):

यस निर्माण कार्यको लागी मूल्य अभिबृद्धि कर र प्रोभिजनल सम समेत रु ८५,६७,३९८ /- मा वशिष्ठ निर्माण सेवा संग मिति २०७९।०७।२८ गते सम्झौता भएकोमा सुरु सम्झौता मितिमा कायम अबधि अनुसार मिति २०८० जेठ मसान्त सम्म निर्माण कार्य सम्पन्न गर्नेगरी सम्झौता भएकोमा विभिन्न पटकको निर्णयले म्याद थप गरी २०८१ पुस मसान्त सम्म म्याद थप गरेकोमा यस वर्ष अन्तिम विल भुक्तानी गरेको देखियो । सो अन्तर्गत देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन:-

म्याद थप:- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० (१) मा ऐनको दफा ५६ बमोजिमको निर्धारित प्रकृया अनुसार म्याद थप गर्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको लागी म्याद थपको टिप्पणीसाथ सार्वजनिक खरिद नियमावलीको संसोधनमा भएको व्यवस्था अनुसार हुने म्याद थप गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको बखत वर्क सेड्युल पेश गरेको देखिएन। म्याद थप गर्दाको बखत स्पष्ट प्राबिधिक कारण लगायतको विवरण संलग्न नगरी म्याद थप गरेको देखिएकोले नियममा भएको व्यवस्थाको पालना गरेर मात्र म्याद थप गर्नुपर्ने देखिन्छ।

विमा तथा कार्यसम्पादन जमानतको म्याद:-निर्माण व्यवसायीले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ अनुसार विमा गर्नुपर्ने , तथा ससम्झौताको GCC १९.१ मा उल्लेख भए अनुसार त्रुटि सच्याउने अबधि सम्मको हुनुपर्ने उल्लेख भएकोमा पालिकाले विभिन्न पटकको निर्णयले म्याद थप गरेको तथा मिति २०८१।१०।२४ मा कार्यस्वीकार गरेको मितिले १३ महिनासमम्म त्रुटि सच्याउने अबधि हुने हुँदा २०८२ फागुन मसान्त सम्मको विमा तथा कार्यसम्पादन जमानतको म्याद हुनुपर्ने देखिन्छ । निर्माण व्यवासायीले पेश गरेको कार्यसम्पादन जमानतको म्याद २०८२।०७।२९ सम्म मात्र भएको देखिएकोले नियमकानुनको परिपालना गर्न जिम्मेवार पदाधिकारीले ध्यान दिनुपर्ने देखिन्छ।

५६.२ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१०२,८०८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५७ **क्याम्पसलाई अनुदान/छात्रवृत्ति**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(ज)मा स्थानीय तहले आधारभूत र माध्यमिक विद्यालयको शिक्षा क्षेत्रमा मात्र कार्य गर्न सक्ने उल्लेख छ । पालिकाले बार्षिक बजेटमा बिनियोजन गरी ज्ञानोदय पब्लिक बहुमुखी क्याम्पस शैक्षिक व्यवस्थापन अनुदान, ज्ञानोदय बहुमुखी पब्लिक क्याम्पस डिग्री कक्षा संचालन तथा व्यवस्थापन तथा ज्ञानोदय पब्लिक क्याम्पसमा अध्ययन छात्राहरु, सीमान्तकृत, दलित, मुस्लिम छात्रवृति खर्च र लुम्बिनी प्राविधिक विश्वविद्यालय छात्रवृत्ति वितरण खर्च शिर्षकबाट देहाय बमोजिम खर्च भएको छ । निम्नानुसार भुक्तानी गरेकोमा खर्च लेख्न मिल्ने आधार देखिदैन ।तसर्थ पालिकाको कार्यक्षेत्र बाहिर गरेको कार्य नियम सम्मत नदेखिएको रकम रू.

गो.भौ.नं/मिति	विवरण	भुक्तानी रकम
३१५।२०८१।१०।०७	कर्मचारीको तलब भत्ता र विभन्न सामाग्रीको खरिद	३१३२४४
५३४।२०८२।०१।१९	एम.एडमा अध्यापन गराउनुहुने शिक्षकको तलब भत्ता	७९९९४०
६३५।२०८२।०२।२८	कर्मचारीको तलब भत्ता र विभन्न सामाग्रीको खरिद	१६८४००
७०९।२०८२।०३।११	ज्ञानोदय पब्लिक व्यवस्थापनमा वि.एड तहमा अध्ययनरत ६० जना छात्राहरुलाई छात्रवृति व्यवस्थापन अनुदान र लुम्बिनी प्रावविधिक विश्वविद्यालयमा BTech पढ्ने विद्यार्थीलाई छात्रवृति	९१७९८९
जम्मा		२१९९५७३

अनियमित भएको	२१,९९,५७३

५८ **व्युटीपार्लर तालिम**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा पालिकाले योजना संचालन गर्दा आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष सहयोग पुग्ने, उत्पादनमुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने र जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने विषयमा प्राथमिकता दिई योजना संचालन गर्नुपर्ने व्यवस्था रहेको छ ।यस आ.ब मा विभिन्न वडामा व्युटीपार्लर तालिम संचालन वापत देहायबमोजिम भुक्तानी भएको छ । सो कार्यक्रम संचालन गर्दा कुन मितिमा कुन कार्यक्रम सम्पन्न गरिएको हो, सो को कार्यतालिका समाबेश नभएकोले यकिन हुन सकेन । साथै यस तालिमबाट महिलाहरुमा भएको रोजगारी सिर्जना, सो बाट भएको आर्थिक विकास र तालिम लिएपश्चात व्युटी पार्लर कार्यक्रमलाई निरन्तरता भए नभएको सम्बन्धमा पालिकाबाट निरन्तर अनुगमन हुनुपर्दछ ।

गो.भौ.नं/मिति	विवरण	भुक्तानी पाउने	रकम रू.	कैफियत
१८३।२०८१।०८।११	वडा नं ६ का ३८ जना महिलाहरुको लागि व्युटी पार्लर तालिम संचालन	सारा व्युटी पार्लर एण्ड ट्रेनिङ सेन्टर	१९८२०९	
३८०।२०८१।११।१३	वडा नं ७ का २९ जना महिलाहरुलाई २ महिने व्युटीपार्लर तालिम	सारा व्युटी पार्लर एण्ड ट्रेनिङ सेन्टर	३५४०००	
४७९।२०८१।१२।१६	वडा नं ५ को २७ जना महिलाहरुलाई व्युटी पार्लर तालिम	सारा व्युटी पार्लर एण्ड ट्रेनिङ सेन्टर	३८४०००	

५९ **मदरसा संचालन तथा व्यवस्थापन अनुदान** (676-2082-03-04):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) सरकारी निकायले खर्च गर्दा विल भरपाई र रित पुगेको वा नपुगेको भनि चेकजाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाभित्र रहेका १८ वटा मदरसाहरुमा कार्यपालिकाको निर्णयबाट प्रति मदरसा रु.५०,००० ले भुक्तानी भएको अनुदानको प्रयोजन सहितको खर्चको प्रमाण पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	९,००,०००

६० **अन्य निकायको खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानीय तहले आफ्नो कार्यक्षेत्र तथा अधिकार क्षेत्र अन्तर्गत मात्र सार्वजनिक श्रोत साधन उपयोग गर्नुपर्ने तथा दफा ७३ मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकाले छुट्टै अस्तित्व र स्वामित्व भएको सम्बन्धित तालुक निकायबाटै बजेट विनियोजन हुने संघीय कार्यालय तथा कार्यक्षेत्र अन्तर्गत नपरेको संस्थाको निर्माण लगायतको कार्य समेत योजनामा समावेश गरी वजेट तथा कार्यक्रम तयार गरेको देखियो ।तसर्थ स्थानीय सरकार संचालन ऐनको मर्म तथा भावनाअनुरुप कार्य नभएकोले देहाय बमोजिम भएको खर्च नियमसम्मत नदेखिएको रू.

गो.भौ.नं/मिति	विवरण	भुक्तानी पाउने	भुक्तानी रकम
१८७।२०८२।०२।२६ पुजीँगत	सुशिल कोइराला स्मृति भवन निर्मामा वाइरिंग सहायता	सुशील कोईराला स्मृति भवन निर्माण	१७३७१६
२३२।२०८१।०८।२८	इलाका प्रहरी कार्यालय, धनौलीमा सिसिटिभी जडान	रिजाल इन्फोसिस खजुरा	२९५१००
२६४।२०८२।०३।२२ पुजीँगत	रेडक्रश भवन परिसरमा माटो पटान	नेपाल रेडक्रस सोसाइटि वागेश्वरी उपशाखा खजुरा बाँके	९१३००
३२४।२०८२।०३।२५ पुजीँगत	नेपाल राष्ट्रिय कर्मचारी महासंघ भवन निर्माण सहयोग	मिसन कन्सट्रक्सन	२३४८९५
८३३।२०८२।०३।२४	ईलाका प्रहरी कार्यालय धनौलीको सवारी साधन मर्मत	विश्वकर्मा अटो पार्टस सेन्टर	२१७९६६
८०१।२०८२।०३।२२	जिल्ला प्रशासन कार्यालय बाँकेको सवारी साधन मर्मत	न्यू पूर्णा गिरी अटो मोबाइल सेन्टर	८८७०५
४१६।२०८१।११।२८	नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाको नाममा ब्याग खरिद	बर्दियाली व्याग सप्लायर्स	९८४२३
जम्मा			**१२००१०५**

अनियमित भएको	१२,००,१०५

६१ **वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले देहायका वडाहरुमा ज्येष्ठ तथा विपन्न नागरिकहरुलाई व्ल्याङकेट लगायतका सामाग्री वितरण वापत रू.२९,९३,३०६/- भुक्तानी खर्च लेखेको छ ।यस्तो खर्चले नागरिकको जीवनस्तरमा प्रत्यक्ष उपलब्धी हाँसिल नहुने भएकोले कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा नियन्त्रण गरिनुपर्ने साथै यस्तो खर्च गर्दा वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ ।

गो.भौ.नं	कार्यक्रम	भुक्तानी रकम
७१।२०८१।०६।१३	तिज मिलन कार्यक्रम बापत बिल नं १९ खजुरा मिनि पार्क एण्ड रिसोर्ट प्रा.ली. लाई भुक्तानी	२२२६१३
१०३।२०८१।०६।२१	भानु मा.वि.का १ देखि ५कक्षा सम्मका विद्यार्थीहरुलाई झोला वितरण	५९९८०४
२६०।२०८१।०९।१८	वडा नं १ को ८० जना जेष्ठ नागरिकलाई फाइवर शिरक वितरण	१९९९००
३१८।२०८१।१०।०८	पालिकाभित्रका ११० जना जेष्ठ नागरिकलाई ब्लयाङ्केट वितरण	२४८०००
३२८।२०८१।१०।१५	भानु मा.बि को ८७ जना विद्यार्थीलाई झोला वितरण	९५०००
३६८।२०८१।११।०८	पालिकाभित्रको ६०० जना जेष्ठ नागरिक, विधुवा तथा अपाङ्गहरुको लागि कम्बल वितरण	३४९०७०
४४७।२०८१।१२।१२	वडा नं ४ को १७ जना महिला स्वास्थ्य स्वयं सेविकालाई साइकल वितरण	१४९९००
७४९।०८२।०३।१६	खेलकुद सामाग्री खरिद कार्यक्रमबाट युवा क्लबको ड्रेस वितरण	३७९६८
७४४।०८२।०३।१५	खेलकुद सामाग्री खरिद	९९५००
७७५।०८२।०३।१९	खेलकुद सामाग्री वितरण	१९६५०
७९८।०८२।०३।२२	२६ युवाक्लबलाई फुटबल, नेट भलिबल लगायत खेलकुद सामाग्री वितरण	२२३२८८
८५२।०८२।०३।२५	क्लबलाई खेलकुद सामाग्री वितरण कार्यक्रम	६४४९३
८४३।०८२।०३।२४	एकल महिला अपांग तथा घरमूली महिलालाई विद्युतीय तथा सुधारिएको चुल्हो	६८४१२०
जम्मा		**२९९३३०६**

६२ **राजश्व समयमा दाखिला गर्नुपर्ने**

६२.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को दफा २७ बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी दफा २८ (२) बमोजिम आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतको दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही गर्न गराउन सक्ने व्यवस्था छ ।पालिकाको आन्तरीक आयतर्फ सिफारिस शुल्क, दर्ता शुल्क, नवीकरण शुल्क लगायतको सुत्रमा आम्दानी वाँधी लेखांकन गरेको छ भने सो बाहेक अन्य कुनै आय ठेक्का सम्बन्धी स्रोतहरु नरहेको लेखापरीक्षणको क्रममा जनाएको छ। पालिकाले सफ्टवेयरको माध्यमवाट राजस्व संकलन गर्ने गरेको जनाएतापनि राजस्व असुली दाखिला कानूनी व्यवस्था अनुरुप भएको देखिएन। विभिन्न राजस्व शिर्षकवाट रु २,०४,८९,१७१ दाखिला गरेको विवरण पेश भएकोमा केहि वडाहरुवाट संकलित राजस्व सोहि दिनमा नभई केहि दिन ढिलो भएको जानकारी प्राप्त भएकोमा यस सम्बन्धमा पालिकासँग छलफल गर्दा केहि वडाहरुमा भौगोलिक हिसाबले तोकिएको समयमा दाखिला गर्न नसक्ने अवस्था रहेको जनाएको भएतापनि पालिकाले वडा कार्यालयमा संकलित राजस्व समयमा दाखिला गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६२.२

आय उपकरणको परिचालन:- पालिकामा जेसिवी रोलर एम्बुलेन्स लगायतको सामाग्रीहरु रहेको देखिएकोमा आयव्यय तयार नगरेको, भाडामा दिएको तथा प्रयोग भएको अबधिसहितको विवरण , फिर्ता भएपश्चातको अबधि खुलेको विवरण सहितको अभिलेख राखेको देखिएन।यसरी अभिलेख नराखी कार्य गर्दा उद्येश्य विपरीत प्रयोग हुन सक्ने, आम्दानी दाखिला प्रयोग अनुसार नहुन सक्ने लगायतको जोखिम हुने हुनाले यस सम्बन्धमा पालिकाले आन्तरिक नियन्त्रण प्रणाली समेत तयार गरी ध्यान दिनुपर्ने देखिन्छ ।

६३ **अवलोकन भ्रमण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा पालिकाले योजना संचालन गर्दा आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष सहयोग पुग्ने, उत्पादनमुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने र जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने विषयमा प्राथमिकता दिई योजना संचालन गर्नुपर्ने व्यवस्था रहेको छ ।उत्पादनमुखी तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनालाई प्राथमिकता दिनुपर्नेमा पालिकाले कर्मचारीको अवलोकन भ्रमणबाट बजेट विनियोजन गरी खर्च लेखेको छ । पालिकाले यस वर्ष अवलोकन भ्रमण कार्यमा बजेट विनियोजन गरी खर्च लेखेकोमा यस्तो अनुत्पादक क्षेत्रमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । नमुना छनौट गरि परीक्षण गर्दा देखिएका उदाहरणहरु देहाय बमोजिम रहेका छन:-

गो.भौ.नं/मिति	विवरण	रकम
१७४।२०८१।०८।०५	खजुरा प्राथमिक स्वास्थ्य केन्द्रको व्यवस्थापन समिति, वडा नं ३ को जनप्रतिनिधि र स्वास्थ्य संस्थाको जनप्रतिनिधि सहित १५ जनाको ४ दिने मुगु जुम्ला भ्रमण	२०००००
४४९।२०८१।१२।१३	न्यायिक समितिको पदाधिकारी तथा मेलमिलापकर्ताको लागि अन्तरपालिका भ्रमण कार्यक्रम (महोत्तरी र धनुषा जिल्लाको)	१५००००

६४ **सुत्केरी गाई/भैंसी प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उत्पादन र छिटो प्रतिफल प्राप्त सकिने, आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने तथा जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने प्रकृतिको योजना छनौट गरी अधिकतम प्रतिफल दिने योजना छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ ।यस आ.ब मा सुत्केरी गाई/ भैंसी प्रोत्साहन भत्ता वितरण (कृषि फर्मको लागि प्रति पशु रू.२,००० र व्यक्तिगतको लागि प्रति पशु रू.१,५००) वापत रू.२३ लाख ५५ हजार भुक्तानी खर्च लेखेको छ । पालिकाले नगदमा उपलब्ध गराएको अनुदानको उपलब्धी मूल्याङ्कन नभएको र यस्तो कार्यक्रमले पालिकालाई आर्थिक दायित्व बढाएको देखिन्छ । यस्तो प्रकारको वितरणमुखी कार्यले प्रत्येक वर्ष आर्थिक दायित्व वढाउने देखिन्छ। पालिकाले कार्यक्रम संचालन गर्दा उत्पादनमुखी र अधिकतम प्रतिफल दिने र पुँजी सिर्जना हुने कार्यक्रम संचालनमा प्राथमिकता दिई यस्ता प्रकृतिका वितरणमुखी खर्च नियन्त्रण हुनुपर्दछ ।

६५ **महिला जनप्रतिनिधिको लागि पोशाक**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२६** को निर्णयले रू **१२,४३२.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१२,४३२.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१२,४३२.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१२,४३२.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१२,४३२.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१२,४३२.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१२,४३२.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१२,४३२.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१२,४३२.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१२,४३२.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१२,४३२.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१२,४३२.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१२,४३२.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१२,४३२.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१२,४३२.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१२,४३२.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१२,४३२.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१२,४३२.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१२,४३२.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१२,४३२.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६६ **एउटै आपूर्तिकर्ताबाट सिमा भन्दा बढीको सोझै खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटकपटक गरी उल्लेखित सिमाभन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नमिल्ने व्यवस्था रहेको छ। पालिकाले तपशिल बमोजिमको

फर्मबाट निर्माण सम्बन्धी कार्य, मसलन्द तथा मेशिनरी सामाग्री खरिद वापत एउटै आपूर्तिकर्ताबाट सिमाभन्दा बढीको सोझै खरिद गरेकोले सो भुक्तानी नियम सम्मत नदेखिएको रू.

सि.नं	आपूर्तिकर्ताको नाम	कारोबार संख्या	खरिद विवरण	रकम रु.
१	रिजाल इन्फोसिस, खजुरा ६११४४७९२२	८	मेशिनरी सामाग्री खरिद	१०६८१८३
२	कृष्टिना मल्टि स्किल इन्स्टिच्युट प्रा.लि ६०९९५१२०६	५	होजियारी लगायत अन्य तालिम संचालन	२७०४२४२
३	बशिष्ठ निर्माण सेवा ६०४०८८१९८	४	निर्माण सम्बन्धी कार्य	१२३९७४०
जम्मा				५०१२१६५
			अनियमित भएको	५०,१२,१६५

६७ **अन्य संस्था मार्फत कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिष्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिष्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा यस पालिकाले अन्य निकाय मार्फत कार्य गरेको खर्च भुक्तानी दिएको छ खरिद आवश्यकताको पहिचान गर्दा कार्यालय वाहिरवाट गराउनुपर्नाको कारण उल्लेख छैन। यसरी गरिएको खरिद कार्य नियमसम्मत देखिंदैन ।पालिकाले आफ्नो शाखामा भएको जनशक्ति परिचालन गरी यस्ता प्रकृतिको कार्यक्रम संचालन गर्नुपर्ने तथा अनिवार्य रुपमा आवश्यकता विश्लेशण गरेर मात्र खरिद कार्य गर्नुपर्दछ । नमुना छनौट गरि परीक्षण गर्दा देखिएका उदाहरणहरु देहाय वमोजिम रहेका छन:-

गो.भौ.नं/मिति	विवरण	भुक्तानी पाउने संस्था	रकम
२९०।०८२।०३।२३	स्थानीय तहको रोजगार रणनीति तर्जुमा	उत्पीडित सामुदायिक विकास केन्द्र बाँके	९९०४०
३७८।२०८१।११।१३	अचार बनाउने तालिम	प्रंजली समृद्ध नेपाल	१०००००
३५८।२०८१।१२।०२	लागु औषध ओसार पसार तथा रोकथाम सम्बन्धी विद्यालयहरुमा अभिमुखीकरण तालिम	सुरक्षित जीवन पुर्नस्थापना केन्द्र प्रा.लि	१२७५००
४६४।२०८१।१२।१९	५० जना सहभागीलाई कृष्टलको चुरा पोते बनाउने तालिम	दिदी बहिनी समाज	२२४०००
५६५।२०८२।०१।३०	SEE पास गरेका गरिव तथा जेहेन्दार विद्यार्थीलाई बेसिक कम्प्युटर तालिम संचालन	प्रंजलि समृद्ध नेपाल	१९५०००
५८१।२०८२।०२।०६	अपाङ्गता भएका व्यक्तिहरुलाई बीउ बिजन वितरण कार्यक्रम	सहारा अपाङ्ग समुह	१३९९००
६३३।२०८२।०२।२८	विपन्न महिलाहरुलाई लेडिज हेयर कटिङ तालिम संचालन	महिला तथा बालबालिका संरक्षण केन्द्र, बाँके	१०००००
८७४,८५७,८२४-०८२।०३।२३	फोहोरमैला व्यवस्थापन	सुन्दर बिहानी युवा क्लब	४४००३३
८०७।०८२।०३।२२	खजुरा गाँउपालिका फोहोरमैला व्यवस्थापन कार्यविधी र ऐन निर्माण	श्रीवृद्धि नेपाल प्रा.लि.	५९८९०
७६५।०८२।०३।१८	बाल प्रतिभा पहिचान कार्यक्रम	नेपाल रेडक्रस सोसाईटी सितापूर उपशाखा	९९५००
७२१।०८२।०३।१३	होमस्टे प्रवर्द्धन तालिम	पब्लिक मिडिया जोन	५९५७००
७२४।२०८२।०३।१३	जुडो तथा मार्शल आर्ट	मंगोलियन जुडो डोजो	९९९५०
६६१।०८२।०३।०२	महिलाहरुलाई सिप विकास तालिम	सुन्दर बिहानी युवा क्लब	२३५०००
६९७-०८२।०३।०८	कबड्डी प्रतियोगिता संचालन	सफल युवा क्लब	२९९५०
६९३-०८२।०३।०८	घरेलु उद्योग प्रवर्द्धन कार्यक्रम	नेपाल घरेलु तथा साना उद्योग महासंघ	१७३९००
जम्मा			**२७१९३६३**

६८ **हुजुरी गार्मेन्ट सम्बन्धी उद्यमशिलता तथा व्यवसायिक योजना** (७६९-2082-03-19):

कृष्टिना मल्टिस्किल ईन्स्टिच्युट प्रा.लि.बाँके र पालिकाबिच २०८२।०२।२३ मा उद्यमशिलता विकास तालिम संचालन गर्न सम्झौता भएको देखिन्छ । उक्त तालिममा सहभागी छनौट समेत संस्थाले गरेको तथा तालिमको एक मात्र प्रशिक्षकको रुपमा पालिकाको उद्यम विकास सहजकर्ता आशा चौधरी रहेको देखिन्छ। यसरी पालिकाले आफ्नो जनशक्तिले कार्य गर्न नभ्याउने आधारमा संस्थालाई कार्य गर्न दिएको तर प्रशिक्षकको रुपमा पालिकाकै उद्यम शाखाको कर्मचारीलाई संस्थाले कामकाजमा लगाएकोले संस्थालाई कार्य गर्न दिई गो.भौ.नं. ७६९-०८२।०३।१९ बाट भुक्तानी भएको रु.२,९२,६७० नियमसम्मत नदेखिएको रू.

अनियमित भएको	२,९२,६७०

६९ **गाँउपालिकाको भिडियो डकुमेन्ट्री निर्माण** (८०६-2082-03-22):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालयमा रहेको र खरिद गरी वा अन्य कुनै प्रकारले प्राप्त भएको जिन्सी मालसामानको उपयुक्त वर्गिकरण अनुसार आम्दानी बाध्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले भिडियो डकुमेन्ट्री निर्माण गरी विकासका लागि हाम्रो प्रयास नेपाललाई भुक्तानी भएको रु.३,९९,९०० गरेकोमा जिन्सी दाखिला गर्दा खर्च भएर जाने अन्तर्गत दाखिला गरेको देखिन्छ । पालिकाले विगतमा बनाएका भिडियो डकुमेन्ट्रीहरुको अभिलेख समेत नराखेको र यस वर्षको

डकुमेन्ट्री समेत खर्च भएर जाने सामान अन्तर्गत दाखिला गरेकोले सोको उपयोगिता र संरक्षण सम्बन्धमा उचित प्रबन्ध गर्नुपर्ने देखिन्छ ।

७० **दोहोरो मर्मत खर्च भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) सरकारी निकायले खर्च गर्दा विल भरपाई र रित पुगेको वा नपुगेको भनि चेकजाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले गाडी नं. प्र.३-०१-००२झ ५०५८ को मर्मत गरेबापत युनाईटेड लजिस्टिकलाई तपसिल बमोजिम गो.भौ. र मितिबाट भुक्तानी गरेकोमा मिति २०८२।०३।२४ गते सक्कल बिल राखेर भुक्तानी गरेकोमा भोलिपल्ट पुन: सोही बिलको फोटोकपी राखि भुक्तानी भएको रु.५४,५०० दोहोरो भुक्तानी भएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु. ५४,५०० साथै मिति २०८१।०६।१७ गतेको बिल राखि २०८२।०३।२३ मा भुक्तानी भएको रु.१८,१०० सम्बन्धमा समेत एकिन हुनुपर्दछ ।

गो.भौ.नं. र मिति	रकम	गाडी नं	भुक्तानी पाउने	कैफियत
८८४-०८२।०३।२५	रु.५४५००	प्र.३-०१-००२झ ५०५८	युनाईटेड लजिस्टिक	फोटोकपी बिल राखेर भुक्तानी
८४०-०८२।०३।२४	रु.८९८७९	प्र.३-०१-००२झ ५०५८	युनाईटेड लजिस्टिक	सक्कल बिल राखेर भुक्तानी
८२०।०८२।०३।२३	१८१००	प्र.३-०१-००२झ ५०५८	युनाईटेड लजिस्टिक	२०८१।६।१७ को कर बिजक

असुल गर्नुपर्ने	५४,५००

७१ **ड्राईभिङ्ग तालिम** (६७४-2082-03-03):

पालिका र मृग तृष्णा ड्राईभिङ्ग ट्रेनिङ्ग सेन्टर बिच पालिकाका १४५ जना सहभागीहरुलाई ड्राईभिङ्ग तालिम संचालन गर्न २०८१।०९।२६ मा भएको सम्झौता भई ड्राईभिङ्ग ट्रेनिङ्ग सेन्टरलाई रु.७,९७,५०० भुक्तानी भएको छ । २०८१।१०।२७ देखि २०८१।११।२७ सम्म एक महिने तालिम संचालन गर्ने गरी भएको उक्त सम्झौताको बुँदा नं. २ मा प्रति सहभागी प्रतिदिन २० मिनेट तालिम उपलब्ध गराउनुपर्ने उल्लेख गरेको छ । उक्त व्यवस्था बमोजिम एक दिनमा अधिकतम १२ घण्टा तालिम संचालन गरेको अवस्थामा ड्राईभिङ्ग सेन्टरसँग १४५ सहभागीलाई मात्र तालिम दिन न्युनतम ४ वटा हलुका सवारी हुनुपर्ने देखिन्छ । ड्राईभिङ्ग सेन्टरसँग न्युनतम ४ सवारी साधन र प्रशिक्षक ड्राईभर रहेको विवरण पेश भएको छैन । सहभागी संख्या तथा दैनिक सिकाई समय समेतलाई मध्यनजर गर्दा तालिमको उद्धेश्य तथा गुणस्तरीयतामा सिमितता आएको देखिन्छ । तसर्थ यस्ता तालिम संचालन गर्दा सहभागी छनौट तथा तालिम व्यवस्थापन गुणस्तरीय र प्रतिफलमूखी हुने गरी गर्नुपर्दछ ।

७२ **बढी भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२६** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२६** को निर्णयले रू **५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२६** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७३ **भ्याटमा दर्ता भएको फर्मसँग कारोबार गर्नुपर्ने**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले २० हजार भन्दा बढीको निर्माण कार्य वा मूल्य अभिवृद्धि कर नलाग्ने मालसामान वा परामर्श सेवा खरिद गर्दा स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म संस्था वा कम्पनीबाट मात्र खरिद गर्नपर्ने व्यवस्था रहेको छ । नमुना छनौट गरी लेखापरीक्षण गर्दा पालिकाले केही खरिद कार्य गर्दा मूल्य अभिवृद्धि करमा दर्ता भएको फर्म वा कम्पनीसँग खरिद गर्नुपर्नेमा स्थायी लेखा नम्बर प्रमाणपत्र प्राप्त भएको फर्म कम्पनीसँग खरिद भएको पाइयो। पालिकाले खरिद कार्य गर्दा नियमावलीमा भएको व्यवस्था बमोजिम गर्नुपर्दछ ।

७४ **सहकारी संस्थाको अनुगमन** (५७१-2082-02-04):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा सो रकम पुष्टी गर्दा सो सँग सम्बन्धित बिल, भरपाई, प्रमाण, कागजात संलग्न गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाभित्र रहेका विभिन्न सहकारी संस्थाहरुको अनुगमन गरेवापत मितिः २०८२।०१।०८- ८।२५ सम्म विभिन्न ८ दिन अनुमगन वापत पालिकाका अध्यक्ष उपाध्यक्ष सहित १२ जनाको नाममा रू.६३०००/- अनुगमन भत्ता भुक्तानी भएको छ । सो अनुगमनको क्रममा भएको प्रतिबेदन तयार नभएको, संचालन भएको कार्यक्रम प्रमाणित हुने गरी तस्वीर लगायतको प्रमाण संलग्न नभएकोले अनुगमन भएको यकिन गर्न सकिएन। पालिकाले कुनै कार्यक्रमको अनुगमन गर्दा सो कार्यक्रम भएको प्रमाणित हुने गरी प्रमाण संलग्न गर्नुपर्दछ ।

७५ **दरबन्दी पदपुर्ती**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ।पालिकावाट प्राप्त विवरण अनुसार ८६ स्थायी दरबन्दी स्वीकृत रहेकोमा १० रिक्त रही ७६ कर्मचारीको मात्र दरबन्दी पदपूर्ति भएको देखिन्छ। त्यसैगरी सोही ऐनको दफा ८३ (८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ। मेलमिलाप संयोजक ८ जना, ज्येष्ठ नागरिकसँग अध्यक्ष कार्यक्रममा ७ जना, कार्यालय सहायक र कम्प्युटर अपरेटर ८ जना गरी जम्मा २३ जना कर्मचारीको व्यवस्थापन सर्भेक्षण नगरी दरबन्दी बाहेकको तलब भत्ता भुक्तानी भएको रकम नियम सम्मत नदेखिएको रू.

अनियमित भएको	६२,२३,१७८

७६ **पेश्की**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **५००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **५००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **५००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	०

७७ **भत्ता भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ (घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ साथै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (२) मा कार्यालयले चालु आर्थिक वर्षको वजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने, सोही नियमावलीको नियम ३९ (१३) मा चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त

कारण भएमा सम्वन्धित कार्यालयले विल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकवाट स्विकृत ढाँचामा भुक्तानी दिन वाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालय वा आन्तरिक लेखापरीक्षकवाट स्विकृत गराई राख्नुपर्ने व्यवस्था छ। नमुना छनौट गरी परीक्षण गर्दा न्यायिक समिति अन्तर्गत रहेका विभिन्न वडामा २०८१ बैशाख देखि असार सम्म प्रति विवाद मिलाए वापतको रकम रु ७२,९०० भुक्तानी गरेको देखियो । पालिकाले बजेट तथा कार्यक्रममा समावेश गरेर भुक्तानी दिएको देखिएतापनि सम्बन्धित प्रयोजनको भुक्तानी सम्बन्धित आर्थिक वर्षमै गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

७८ **बढी भुक्तानी** (२७-2081-05-30):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **३,८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७९ **जनप्रतिनिधिलाई सवारी साधन भाडा**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१५,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

८० **लोक सेवा आयोग तयारी कक्षा संचालन** (९१-2081-06-20):

आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, २०७७ को दफा ३९ (५) बमोजिम खर्च लेख्दा खर्च प्रमाणित गर्ने विल, भरपाई,कागजात वा प्रमाण संलग्न गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको वडा नं ३ मा आ व २०८१/८२ मा छनोट भएको योजना लोक सेवा आयोग तयारी कक्षा संचालन गरी विभिन्न ७ जनाको नाममा भुक्तानी खर्च भएको छ । उक्त तयारी कक्षामा सहभागी ३७ जना प्रशिक्षार्थीलाई ५० दिनमा ११२ सेसन दिएको प्रतिवेदनमा उल्लेख गरि रू.३,७२,६००/- रकम भुक्तानी गरिएको छ । प्रतिबेदनमा कार्यक्रम संचालन भएको सेसन तथा तथा प्रशिक्षकको विवरण संलग्न नभएकोले संचालित भएको वास्तविक सेसन र प्रशिक्षक तथा कार्यक्रम संचालन भएको मितिको बारेमा एकिन हुन सकेन ।तसर्थ पालिकाले कार्यक्रम संचालन गर्दा उल्लेखित विवरण प्रष्ट हुनेगरी प्रतिबेदन प्राप्तपश्चात भुक्तानी खर्च लेख्नुपर्दछ ।

८१ **संस्था मार्फत लाभग्राही छनौट**

स्थानीय तहमा अनुदान, तालिम, सीप विकास कार्यक्रम लगायतमा लाभग्राही तथा सहभागी छनौट पालिकाको जिम्मेवारीको विषय हो । पालिका र तपसिलका संस्थाबिच तपसिल बमोजिमको कार्यक्रम संचालन गर्ने सम्झौता हुँदा सहभागी छनौटको अधिकार समेत संस्थालाई दिएको देखिन्छ । लाभग्राही तथा सहभागी छनौट गर्ने पालिकाको क्षेत्राधिकार भित्रको कार्य संस्था मार्फत गराउँदा सहभागी छनौटमा पारदर्शिता, विधी तथा मापदण्डको पालना, वास्तविक लाभग्राही छनौट हुने सम्बन्धमा सिमितता कायम भएको देखिन्छ ।

कार्यक्रमको नाम	संस्थाको नाम	तालिम विवरण	गो.भौ.नं. र मिति	भुक्तानी रकम	सहभागी संख्या
उपाध्यक्षसंग एकल महिला रोजगार कार्यक्रम	कृष्टिना मल्टि स्किल ईन्स्टिच्युट प्रा.लि	हातेहोजियारी तालिम	८१८-०८२।३।२३	रु.४,८८,०१९	२० जना
हुजुरी गार्मेन्ट संचालन र व्यवस्थापन तालिम	कृष्टिना मल्टि स्किल ईन्स्टिच्युट प्रा.लि	हुजुरी गार्मेन्ट	८०५-०८२।३।२२	रु.९,८१,४०५	१४ जना
हुजुरी गार्मेन्ट सम्बन्धी उद्यमशिलतातथा व्यवसायीक योजना	कृष्टिना मल्टि स्किल ईन्स्टिच्युट प्रा.लि	हुजुरी गार्मेन्ट	७६९-०८२।०३।१९	रु.२,९२,६७०	१२ जना
दलित समुदायको परम्परागत सिप प्रवर्द्धन आरन सुधार कार्यक्रम	कृष्टिना मल्टि स्किल ईन्स्टिच्युट प्रा.लि	आरन सुधार	६६३-०८२।०३।०२	रु.७,८७,६१०	१२ जना
खजुरा गाँउपालिका खाद्य सुरक्षा सुनिश्चितता गर्न व्यवसायिक कृषि उत्पादन	अष्टम साना किसान कृषि सहकारी संस्था	कृषक पाठशाला	२७८-०८२।०३।१९	रु.६,००,०००	१०० जना
खजुरा गाँउपालिका खाद्य सुरक्षा सुनिश्चितता गर्न व्यवसायिक कृषि उत्पादन	बागेश्वरी बहुउद्धेश्ययी कृषि बजार सहकारी संस्था लि.	कृषक पाठशाला	२७७-०८२।०३।१९	रु.६००,०००	१०० जना

तसर्थ पालिकाले संस्था मार्फत कार्य गराउँदा कार्यालयको जनशक्तिले नभ्याउने तथा दक्षताले नभ्याउने कार्य मात्र गराई लाभग्राही तथा सहभागी छनौटमा प्रत्यक्ष नियन्त्रण कायम राखी कार्यक्रम संचालन तथा व्यवस्थापन गर्नुपर्दछ ।

८२ **कक्षा १२ को विद्यार्थीलाई अग्रेजी विषयको अतिरिक्त पाठ्यसामाग्री वितरण** (७९०-2082-03-21):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तिले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ । पालिका र लर्ड बुद्ध एजुकेशनल ईन्स्टिच्युटसँगको सम्झौता बमोजिम खरिद भएको उक्त अतिरिक्त पाठ्यसामाग्रीको विषयवस्तु अग्रेजी व्याकरण तथा कक्षा १२ को सामान्य पाठ्यक्रमसँग मिल्दोजुल्दो मात्र देखिन्छ । पालिकाको EMIS विवरण अनुसार सामुदायिक र संस्थागत गरी कक्षा १२ मा विद्यार्थी संख्या ५९० रहेकोमा ७६५ थान पुस्तक खरिद गरेको देखिन्छ । पालिकासँग सम्झौता गरेको लर्ड बुद्ध एजुकेशनल ईन्ष्टिच्युटको प्रोपराईटर धर्मा चौधरी स्वयम लेखक रहेको उक्त पुस्तकको विषयवस्तु कक्षा १२ को पाठ्यक्रमका अतिरिक्त थप ज्ञान दिने गरी डिजाईन गरेको देखिदैन् । उक्त पुस्तक हालसम्म पनि विद्यालयमा वितरण नभई स्टोरमा रहेको देखिन्छ ।यसरी खरिद गरेको पुस्तक विद्यालयमा वितरण भई प्रयोगमा नआएको तथा सो विषयको छुट्टै परीक्षा समेत नहुने भएकाले पाठ्यपुस्तक खरिदमा भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु

अनियमित भएको	४,९३,४३५

८३ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

८३.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागि रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्धेश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरुमा गोरेटो बाटो मर्मत, पदमार्ग तथा नाली व्यवस्थापन, मोटरबाटो कुलो निर्माण योजना लगायतका कार्यक्रम सञ्चालनको लागि रु.५२,३१,०००।-वजेट विनियोजन भएकोमा पालिकाले पेश गरेको विवरण अनुसार ७९ जनालाई बढीमा १०० दिन र कम्तिमा ९ दिन गरी औषतमा ४६ दिनको कार्यक्रम

खर्चमा रु.२४,४१,५४०/- र प्रशासनिकमा रु.२०,३०,४६१/- गरी जम्मा रु.४७,७२,००१/- खर्च लेखेको छ । सो सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन:-

८३.२ निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि विशेष व्यवस्था गरेको, दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा रोजगारदाताले दुर्घटना विमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ ।दफा ७८ मा सम्वन्धित गाउँपालिका तथा नगर कार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्वन्धमा लाभग्राही समेतको संलग्नतामा बर्षको कम्तिमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्यिवन गरेको नपाईएकोले सुधार हुनु पर्दछ ।

८३.३ प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानीय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानीय तहको वजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानीय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकी वेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राही परीचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

८३.४ रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा पालिकाले रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा सो वेगर देहाय अनुसारका योजनाहरुमा कार्यपालिकाको निर्णयअनुसार योजनाहरू छनौट गरी वजेट खर्च भएको छ । वेरोजगार पहिचान तथा सोको सूची तयार गरी कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगारी व्यक्तिहरुलाई पर्याप्त रोजगार सृजना गर्दै दिगो र उच्च प्रतिफल प्राप्त हुने योजनामा कार्यक्रम संचालन गर्नुपर्नेमा पालिकाले उत्पादकमुलक र रोजगारमुलक योजना संचालन गरेको पाईएन सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

वडा नं.	योजना	श्रमिकसंख्या	कार्यदिन	जम्माकार्यदिन	जम्माखर्च रकम
१	छोटीलाईन देखि विरपुर र विभिन्न स्थानहरुमा आवश्यकता अनुसारखानेपानी पाइपलाईन विस्तार आयोजना	६	१००	६००	४००८००
2	सितापुर खानेपानी पाइपलाइन विस्तार आयोजना	५	२६.	१३०.	८६८४०
2	स्थानीय राम खत्रीको घरदेखि दक्षिण-पूर्व के-गाउँ प्रकाश थापाको घरजाने बाटो सम्म नयाँ ट्र्याक निर्माण,शुक्र मा.वि. नाली निर्माण, र वडा नं. २अन्तर्गत विभिन्न ठाउँमा नाली निर्माण तथा सरसफाई	५	१००	१००	३३४०००
3	वडा नं. ३ मा विभिन्न स्थानमा बाटो मर्मत,नाली निर्माण तथा सरसफाईआयोजना	५	३०	१५०	१००२००
३	खजुरा एक नं. मा खानेपानी पाइपलाईन विस्तार	५	७०	३५०	२३३८००
४	वडा नं. ४ मा विभिन्न स्थानमा नाली निर्माण तथा सरसफाई	५	७२.	३६०	२४०४८०
४	धर्मभक्त टोलदेखि ईन्द्रवति टोल आउने कच्ची बाटोमा नाली निर्माण	५	२८	१४०	९३५२०
५	मरिमातामन्दिरमा ट्रस निर्माण	५	९	४५	३००६०
6	जनकल्याण मा.वि. वडा नं. ६ मा नमुना लैङ्गिक मैत्री सार्वजनिकशौचालय निर्माण	४	५५	२२०	१४६९६०
6	वडा नं. ६ मा नाली निर्माण तथा सरसफाइ आयोजना	१५	३०	४५०	३००६००
६	वडा नम. ६ स्वास्थ्य चौकीमा वृक्षारोपण तथा विभिन्न स्थानमा नालीनिर्माण र कुलो निर्माण तथा सरसफाई	१४	१५	२१०	१४०२८०
८	वडा नं. ८ का विभिन्न स्थानहरुमा बाटोको दायाबायाँ माटो पटान तथामर्मत आयोजना	५	१००	५००	३३४०००
जम्मा खर्च रु.					२४४१५४०

८४ सचिवालय सहयोगी कर्मचारी

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन,२०७६ को दफा १४(२) मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा पाउने छैन भन्ने व्यवस्था रहेको छ। जसबमोजिम स्थानीय तहका पदाधिकारीले स्वकीय सचिव/सहयोगी, प्रेस सल्लाहकार तथा कानुनी सल्लाहकार राख्न पाउने व्यवस्था देखिंदैन। त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ (८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष अध्यक्ष र उपाध्यक्षको लागि सचिबालय सहयोगी नियुक्ती गरी मासिक रू.१८,०००/- र रू.१५,०००/- को दरले वर्षभरी भुक्तानी भएको (चाडपर्व खर्च समेत) रकम नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	४,२९,०००

८५ **आमा समुहको सदस्यलाई पोशाक** (१७७-2081-08-05):

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उत्पादन र छिटो प्रतिफल प्राप्त सकिने, आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने तथा जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने प्रकृतिको योजना छनौट गरी अधिकतम प्रतिफल दिने योजना छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था रहेको छ ।नमुना छनौट गरी लेखापरीक्षण गर्दा वडा नं ५ मा रहेका आमा समुहका सदस्य, दलित महिला कृषक समुहका सदस्यहरु गरी ३०० जनालाई पोशाक (साडी ब्लाउज) खरिद गरेवापत पञ्चदेवल बिजनेस प्रा.लि को नाममा रू.३,४४,०००/- भुक्तानी खर्च लेखेको छ । यस्ता वितरणमुखी प्रकृतिको खर्चले प्रतिफल सिर्जना नगर्ने र पुँजी सिर्जना नहुने प्रकृतिको कार्यक्रम संचालन भएकोले सो वापत भुक्तानी भएको रकम नियम सम्मत नदेखिएको रकम रू.

अनियमित भएको	३,४४,०००

८६ **शैक्षिकगुणस्तर अभिवृद्धि, नियमन एवं पूर्वाधार व्यवस्थापन**

(क) सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर: कार्यक्रम कार्यान्वियन पुस्तिकामा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । यस पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ ।

(ख)निजी विद्यालय व्यवस्थापन: राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन।अतः पालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ ।

(ग)विद्यालयहरुको लेखापरीक्षण: कार्यक्रम कार्यान्वियन कार्यविधिमा पालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनुपर्ने व्यबस्था छ । पालिका अन्तर्गत ४८ सामुदायिक विद्यालयहरु रहेकोमा आ.व.२०८१।८२को अन्तिम लेखापरीक्षण अवधिसम्म सबै विद्यालयहरूको लेखापरीक्षण नगराएको जानकारी प्राप्त भएको छ । अतः कार्यालयबाट अनुदान निकासा हुने सम्पूर्ण बिद्यालयहरुको समयमै लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी पालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ ।

(घ)अनुगमन: स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा पालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वौकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वियन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धी व्यवस्था गरेको छ ।

पालिकाले विद्यालयको अनुगमन सम्बन्धी निश्चित मापदण्ड निर्धारण गरी सोही अनुरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, धार्मिक तथा परम्परागत विद्यालय आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन। पालिकाले अनुगमन सम्बन्धी निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाई प्रभावकारी तथा शैक्षिक गुणस्तर बृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्थापन गर्नुपर्दछ ।

८७ **दिवा खाजा**

८७.१ पालिकाले बालविकास कक्षा देखि ५ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी दिनको रु.१५ का दरले दिवा खाजा वापत औसत १५० दिनको ८,२५० विद्यार्थीलाई १२,३४,४८५ हाजिरी दिन वापतको रकम भुक्तानी गरेको विवरण उपलब्ध गराएकोमा देहायको भौचर र मितिमा दिवा खाजावापतको भुक्तानी गरेको देखियो।

क सं	गो.भौ.नं/मिति	रकम रू.
१	९७।२०८१।१०।१८	४६३३७८५
२	१६१।२०८१।१२।२८	४२५८८३०
३	२३५।२०८२।०३।०५	४०९३३८०
४	३०।२०८१।०७।०२	५५३१२८०
जम्मा		१,८५,१७,२७५

कार्यक्रम कार्यान्वयन कार्यविधिको क्रियाकलाप नं.२.७.११.१ तोकिएका विद्यार्थीको दिवा खाजाका लागि सङ्घीय सरकारबाट शशर्त अनुदानका रूपमा वित्तीय हस्तान्तरित गर्दा राष्ट्रियस्तरमा देखिने अनुपस्थिति दर, विद्यालय छाडने दर लगायतलाई आधार मानी औसतरूपमा प्रति विद्यार्थी वार्षिकरूपमा १८० दिनका दरले उपलब्ध भएसम्म स्थानीय उत्पादन समेतमा आधारित दिवा खाजा व्यवस्थापनका लागि सामुदायिक विद्यालयका प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्मका सबै विद्यार्थीका लागि रकम दिने, दिवा खाजा व्यवस्था गर्दा बजारबाट खरिद गरिएका जङ्क फुडलाई निषेध गर्ने, ताजा र पोषिलो दिवा खाजाका लागि उपलब्ध भएसम्म स्थानीय कृषि उपजमा आधारित खाद्यान्न स्थानीय कृषक, कृषिमा आधारित सहकारी/साना कृषक समुहबाट खरिद गर्ने, स्थानीय कृषकसँग खरिद गरिएका खाद्यान्नको परिणाम खुल्ने विवरण र बिलभरपाई सुरक्षितरूपमा राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसमितिबाट अनुमोदन गर्ने व्यवस्था मिलाउने, विद्यालयबाट सञ्चालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने लगायतका व्यवस्था भएकोमा सबै सामुदायिक विद्यालयमा एक दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने र उक्त निरीक्षण पुस्तिकामा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी एवम् कर्मचारी र निरीक्षण अनुगमनमा खटिएका व्यक्तिले आफ्नो राय सुझाव उल्लेख गर्ने व्यवस्था रहेको छ।पालिकाले उल्लेखित सबै कार्य गरेको देखिएन।पालिकाले कार्यविधिको पालना गरी दिवा खाजाको व्यबस्थापन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

८७.२ नमुना छनौट गरी परीक्षण गर्दा विद्यालयले दिवा खाजाको भुक्तानी माग गर्दा केही विद्यालयले खाजाको विल तथा कक्षामा उपस्थित विद्यार्थीको संक्षिप्त विवरण समावेश गरी विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसमितिबाट अनुमोदन समेत नगराई हाजिरीको विवरण पठाउने गरेको देखियो।पालिकाले मागका आधारमा रकम भुक्तानी गरेको देखिएकोमा कार्यक्रम कार्यन्वयन कार्यविधिको पालना गारि विद्यालयले रकम निकासा माग गर्ने र विद्यार्थिको वास्तविक संख्या यकिन गरेर मात्र पालिकाले दिवा खाजाको रकम भुक्तानी गर्नुपर्दछ।

८८ **पाठ्यपुस्तकमा बढी निकासा**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२,८९१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **१६,५८८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२१,८२७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२६** को निर्णयले रू **९६,७७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

८९ स्यानिटरी प्याड

२८३।२०८२।०३।२२ पालिकाले सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुको लागि निःशुल्क रुपमा स्यानिटरी प्याड वितरणको लागि सत्कार मेडिसिन सप्लायर्सलाई भुक्तानी दिएको छ । यस सम्बन्धमा देखिएको व्यहोरा देहाय बमोजिम छ।

८९.१ स्यानिटरी प्याड व्यबस्थापन कार्यविधि, २०७६ को अनुसूची १ मा स्यानिटरी प्याडको न्यूनतम मापदण्ड तोकेको छ।जसमा प्याडको लम्बाई २४०mm + २० mm , चौडाई ६० देखि ७५mm, मोटाई १५mm+ २mm हुनुपर्ने व्यवस्था छ। पालिकाले ए जी हेल्थ ईन्डष्ट्रिज प्रा.लि बाट प्रति प्याड रु.३८ का दरले ४३,०९० प्याकेट खरिद गरी रू.१८,५०,२८४/- भुक्तानी दिएकोमा पालिकाले २८० mm लम्बाइ भएको स्यानिटरी प्याड खरिद गरेको देखियो भने आधिकारीक तहबाट जाँच गराएको देखिएन।पालिकाले तोकिएको स्पेसिफिकेसन अनुसार गुणस्तरीय प्याड खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ।

८९.२ सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ६(४) मा विद्यालयका सम्पर्क व्यक्तिले छात्राहरुलाई एउटा महिनावारी चक्रका लागि बढीमा सोह्र वटासम्म सेनिटरी प्याड उपलब्ध गराउनु पर्ने व्यवस्था छ, जसअनुसार प्रत्येक छात्राले १० महिनामा २० प्याकेट प्याड पाउनुपर्ने देखिन्छ। पालिकाले पेश गरेको IEMIS तथ्याङ्क अनुसार कक्षा ६-१२ सम्मका छात्राको संख्या ३,६४६ जना रहेकोमा पालिकाले ४३,०९० प्याकेट प्याड खरिद गरेको देखिन्छ।पालिकाले वर्षान्तमा प्याड खरिद गरी विद्यालयलाई वितरण गरेको देखिन्छ।पालिकाले स्यानिटरी प्याड पालिकामा मौज्दात नरहेको जनाएकोमा विद्यालयमा मौज्दात रहेको संख्यात्मक विवरण प्राप्त भएन।पालिकाले विद्यालयमा रहेको स्यानिटरी प्याडको मौज्दात संख्या यकिन गरी सोको आधारमा छात्रा विद्यार्थीलाई स्यानिटरी प्याड पुग्ने गरी खरिद गर्नुपर्दछ त्यस्तै विद्यालयमा पठाइसकेको प्याडको गुणस्तरीयता कायम हुने गरी भण्डारण भए नभएको अनुगमन गर्नुपर्दछ।

८९.३ सोही कार्यविधिको दफा १६ मा सामुदायिक विद्यालयमा सेनिटरी प्याडको प्राप्ति, सुरक्षित भण्डारण, वितरण, सदुपयोग तथा किशोरी स्वास्थ्य र प्रजनन स्वास्थ्य सम्बन्धी सचेतनाका लागि विद्यालयस्तरीय सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यबस्था भएकोमा सो समिति गठन भएको पाइएन।पालिकाले विद्यालयमा सेनिटरी प्याडको प्राप्ति, सुरक्षित भण्डारण, वितरण, सदुपयोगका लागि समिति गठन गर्नुपर्ने साथै दफा २१मा यस कार्यक्रमको कार्यान्वयनको प्रगति विवरण मन्त्रालयले तोकेको ढाँचामा चौमासिक रुपमा विद्यालयले स्थानीय तहमा र स्थानीय तहले प्रदेश सामाजिक विकास मन्त्रालय र मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था रहेकोमा पालिकाले सो पठाएको पाइएन ।

९० कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन कार्यविधि को क्रियाकलाप नं. २.७.१३.१३ को ९.१ मा विद्यालयमा शैक्षिक गुणस्तर सुद्दृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत विद्यालयमा पुस्तकालय,

प्रयोगशाला तथा आइसिटी व्यवस्थापन (फिक्सिङ, किताब खरिद तथा इ पुस्तकालयसमेत) का लागि अनुदान दिने व्यवस्था छ। कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानबाट विद्यालयमा रकम निकासा दिएकोमा देखिएको व्यहोरा निम्नानुसार छ।

गो भौ नं मिति	विद्यालयको नाम	रकम	प्रयोजन
२८६।०३।२२	जनसेवा मा वि पुरैना गिजरा	६४२१५०	पुस्तकालय, ई पुस्तकालय
२८७।०३।२२	जनता नमुना मा वि सन्तकुटी	६४२१५०	पुस्तकालय, ई पुस्तकालय
२९९।२०८२।०३।२४	शुक्र मा वि, के गाउँ	६३८५००	आ.इ.टी ल्याब
३००।२०८२।०३।२४	नेपाल राष्ट्रिय आदर्श आ वि,डि गाउँ	६४७३००	आ.इ.टी ल्याब

कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानबाट पालिकाले निकासा भएको रकमबाट आवश्यकता अनुसारका पुस्तक खरिद गरे नगरेको, पुस्तकालयको सही व्यवस्थापन भए नभएको, पुस्तकालयमा विद्यार्थीको पहुँच भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन। पालिकाले अनुदान रकम उपलब्ध गराउनु पहिले र पछि पालिकाबाट नियमित रुपमा अनुगमन गरी अनुदान दिइसकेपछि अनुदानको सही सदुपयोग भए नभएको र विद्यालयले निर्धारीत मापदण्ड र प्रक्रिया अनुरुप कार्यन्वयन गरे नगरेको नियमित अनुगमन गर्नुपर्दछ।

९१ **स्थानीय पाठ्यपुस्तक** (२८५-2082-03-22):

कार्यक्रम कार्यान्वयन कार्यविधिको क्रियाकलाप नं २.४.६.२ मा स्थानीय विषय/मातृभाषाको पाठ्य सामाग्री व्यवस्थापन अन्तर्गत विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिम स्थानीय तह/विद्यालयबाट विकास भई स्वीकृत भएको पाठ्यक्रममा आधारित स्थानीय विषय/मातृभाषाको समेत पठ्यपुस्तक/पाठ्यसामग्री स्वीकृत गरी स्थानीय तहले प्रत्येक विद्यार्थीलाई मुद्रीत प्रति उपलब्ध गराउने गरी रकम वा पाठ्यसामग्री विद्यालयलाई उपलब्ध गराउने उल्लेख छ। यस प्रयोजनका लागि तोकिएको कक्षाका लागि विषयगत मूल्य सूचीमा उल्लेखित १०० पूर्णाङ्कका विषयका लागि पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत मूल्य सूचीमध्ये न्यूनतम मूल्य तोकेको विषयको मूल्यभन्दा वढी खर्च संघीय अनुदानबाट नगर्ने व्यवस्था रहेकोमा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागी निःशुल्क पाठ्यपुस्तक अनुदान शिर्षकबाट पालिकाभित्रका ४९ विद्यालयलाई पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेको मूल्य सूचीलाई आधार नलिई स्थानीय पाठ्यपुस्तकको खरिद वापतको सबै रकम संघीय शशर्तबाट रू.१५,६०,७०९ भुक्तानी गरेको नियम सम्मत नदेखिएको रकम रू.

अनियमित भएको	१५,६०,७०९

९२ **तलब बढी निकासा** (56-2081-08-01):

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२६** को निर्णयले रू **९९,९८३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

९३ **विद्यालयलाई अनुदान** (१९६-2082-02-26):

कार्यक्रम कार्यान्वयन कार्यविधिको क्रियाकलाप नं. २.७.१३.१३ मा शैक्षिक सत्र २०८० सम्म विज्ञान विषय बाहेक विषय सञ्चलित नमुना विद्यालयमा १००० सम्म विद्यार्थी भए प्रति विद्यालय १० लाख, १००१ देखि २५०० सम्म विद्यार्थी भए प्रति विद्यालय १५ लाख र २५०० भन्दा वढी विद्यार्थी भए प्रति विद्यालय २० लाख अनुदान यस शीर्षकबाट उपलब्ध गराउने, यस उपक्रियाकलापको रकम विद्यालयको गुरुयोजनाअनुसार खर्चका क्षेत्र सहित स्थानीय तहमा चालु आवमा विनियोजित रकम खर्च गर्ने कार्ययोजना सहित स्थानीय तहमा माग गर्ने, स्थानीय तहले कार्ययोजनाको रुजु गरी कार्यप्रगतिका आधारमा विद्यालयलाई अनुदान उपलब्ध गराउने, यस क्रियाकलापबाट विद्यालयले गाडी खरिद, स्वीमिङपुल निर्माण जस्ता पुँजीगत नगर्ने, पाँच वर्ष पूरा भएका नमुना विद्यालयमा भौतिक निर्माण कार्यका लागि हाल बजेट विनियोजन नभएको हुनाले कार्य सम्पन्न गर्नका लागि विद्यालयले यसै शिर्षकबाट खर्च गर्न सक्ने, स्थानीय तहबाट विद्यालयले सम्झौता अनुरूप कार्यको नियमित अनुगमन गरी कार्य प्रगति केन्द्रको विद्यालय शिक्षा मापदण्ड निर्धारण

शाखामा पठाउने व्यवस्था छ ।पालिकाले देहायका विद्यालयलाई अनुदान उपलब्ध गराएको देखिन्छ।विद्यालयलाई दिइएको अनुदान रकमको सदुपयोगिता, तोकिएको क्षेत्रमा खर्च गरे नगरेको यकिन गर्ने तथा विद्यालयले गरेको सम्झौता अनुरूप कार्यको नियमित अनुगमन गरी कार्य प्रगती तोकिएको शाखामा पठाउनुपर्दछ।

क्र सं	विद्यालयको नाम	रकम रू
१	ज्ञानोदय मा वि खजुरा	१५०००००
२	जनता नमुना मा वि, सन्तकुटी खजुरा	१५०००००
जम्मा		३००००००

९४ **लेखापरीक्षण प्रतिवेदन**

शिक्षा नियमावली, २०५९ को नियम १७१ मा सामुदायिक विद्यालयको लेखापरीक्षक नियुक्ती गरी लेखापरीक्षण गराउने व्यवस्था छ । शिक्षा युवा तथा खेलकुद विकास शाखामा सामुदायिक विद्यालयहरुले आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण प्रतिवेदन पेश गरेको पाईयो। केही विद्यालयहरुले नमुना छनौट गरी लेखापरीक्षण प्रतिवेदन अध्ययन गर्दा देहायका विद्यालयलाई निकासा गरेको शशर्त र गाउँपालिकाको स्रोत सालबसाली रुपमा खर्च गर्नु पर्ने रकम खर्च नगरी विद्यालयको खाता राखेको देखिएकोले खर्च नभएको रकम सम्बन्धित विद्यालयबाट असुल गर्नु पर्ने रकम रू.

क्र.सं.	विद्यालयको नाम	शीर्षक	आय	खर्च	फरक
१	मैटहवा मा वि चन्द्रनगर	निःशुल्क पाठ्यपुस्तक	१९६०१६	१७५२९१	२०७२५
	जम्मा				२०७२५
		छात्रवृति	२१३०९०	२०५५७०	७५२०
२	आदर्श मा वि,डिगाउँ	निःशुल्क पाठ्यपुस्तक	३७४५९७	३०१६४०	७२९५७
	जम्मा				८०४७७
३	ने रा मा वि गोदहना	तलब भत्ता	६८९८४१०	६६९२७३१	२०५६७९
	जम्मा				२०५६७९
४	ज्ञानोदय नमुना मा वि	पाठ्यपुस्तक	१५४२६८७	८०१७०२	७४०९८५
		ल्याव व्यवस्थापन	२५००००	१११२२४	१३८८७६
		ईन्टरनेट	१२०००	०	१२०००
जम्मा					८९१८६१
कुल जम्मा					११९८७४२

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **१८,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **७५,१४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **३०७,६७२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२६** को निर्णयले रू **१०६,१५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	११,९८,७४२

९५ **प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामग्री**

क्रियाकलाप नं. २.७.१३.५० प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामग्री तथा डिजिटल सिकाई सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान प्राविधिक धार (कक्षा ९-१२) सञ्चालित विद्यालयलाई प्रति विद्यार्थी लागत अनुदान स्थानीय तहले अनुदान वितरण गर्नुपूर्व साविकको शिक्षा विभाग तथा हालको शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राविधिक धार सञ्चालन अनुदान प्राप्त गर्ने निर्णय भएका अनुसूची ७ मा उल्लेखित विद्यालय तोकिएको मापदण्डअनुसार सञ्चालन भए नभएको अनुगमन गर्ने, यस प्रकृतिका विद्यालयमा अध्ययनरत कक्षा ९-१२ सम्मका विद्यार्थीहरूको विवरण EMIS मा अद्यावधिकमा अद्यावधिक गर्न लगाउने र EMIS मा अद्यावधिक सङ्ख्याको यकीन गरी शिक्षण सिकाइ सामग्री, ल्याब असिष्टेण्टका लागि पारिश्रमिक, उपकरण तथा प्रयोगात्मक सामग्री व्यवस्थापन तथा व्यवहारिक अभ्यासका लागि प्रति विद्यार्थी रू.१५,०००/- का दरले हुन आउने रकम एकमुष्ट रूपमा विद्यालयलाई अनुदान दिने व्यवस्था छ।देहायका विद्यालयलाई अनुदान दिएकोमा अनुदान वितरण गर्नुपूर्व अनुगमन गरेको, शिक्षण सिकाइ सामग्री, ल्याब असिष्टेण्टका लागि पारिश्रमिक, उपकरण तथा प्रयोगात्मक सामग्री व्यवस्थापन तथा व्यवहारिक अभ्यासका दिएको अनुदान रकम विद्यालयले सोही कार्यका लागि प्रयोग गरेको भन्ने विवरण लेखापरीक्षणका क्रममा खुल्न आएन। विद्यालयले अनुदान दिनुभन्दा पहिले अनुगमन गर्ने र दिइएको अनुदान तोकिएको क्रियाकलाप सञ्चालनमा खर्च गरे नगरेको सुनिश्चित गर्नुपर्दछ।

क सं	विद्यालयको नाम	रकम रू
१	ज्ञानोदय माध्यमिक विद्यालय	२२३५०००
२	जनता नमुना मा वि सन्तकुटी	१७४००००
जम्मा		**३९७५०००**

९६ **वित्तीय साक्षरता कार्यक्रम सञ्चालन** (२५७-2082-02-15):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२६** को निर्णयले रू **७,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

९७ **वृक्षारोपण कार्यक्रम**

दिगो वन व्यवस्थापन तथा वृक्षारोपण कम्पोनेन्ट शिर्षकबाट गाउँपालिकाद्वारा सार्वजनिक जग्गामा निजी तथा सार्वजनिक जग्गामा बाँस र हरियाली प्रवर्द्धन तथा आय आर्जन गर्न आँप, लिची, कागती लगायतका विरुवा खरिद बापत हरिनारायण हाइटेक फलफूल कृषि नर्सरी फार्मलाई रू.४,६५,२१४ भुक्तानी गरेको देखिन्छ।विरुवाहरु स्थानीय किसान, निजी जग्गा वा सार्वजनिक जग्गामा कहाँ रोपण गरिएको हो सो सो विवरण खुल्न आएन।पालिकाले सोको अभिलेख व्यवस्थित गरी वितरणमा पारदर्शिता कायम गरी अनुदानको सही सदुपयोग गर्नेतर्फ ध्यान दिनुपर्दछ।

९८ **शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम** (२८०-2082-03-20):

कार्यक्रम कार्यन्वयन कार्यविधिको क्रियाकलाप नं.२.७.१३.११ मा स्थानीय तहले नियमित रूपमा सञ्चालनमा रहेका र मापदण्ड पूरा गरेका सामुदायिक सिकाइ केन्द्रलाई एकमुष्ठरू ३ लाख अनुदान उपलब्ध गराउने, पारिश्रमिक भुक्तानीपश्चात बाँकी अनुदानबाट

सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन मापदण्ड २०७८ ले उल्लेख गरेबमोजिमका वार्षिक कार्यक्रमहरू तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ।देहायका सामुदायिक सिकाई केन्द्रले पारिश्रमिक भुक्तानी पश्चात बाँकी रहेको रकम रू.१,७०,०००/- का दरले कुल रू.८,५०,०००/- कुन कार्यक्रमका लागि खर्च गरेको हो सोको विवरण पेश भएन। पालिकाले सिकाई केन्द्रले के कस्ता कार्यक्रमका लागि खर्च गरेको छ सोको विवरण माग गरी यकिन गर्नुपर्ने देखिन्छ।

सि.नं	सिकाई केन्द्र	तलबको रकम रकम	कार्यक्रम रकम	जम्मा रकम
१	राधापुर सामुदायिक सिकाई केन्द्र	१३००००	१७००००	३०००००
२	सामुदायिक सिकाई केन्द्र, खजुरा ३ बाँके	१३००००	१७००००	३०००००
३	उढरापुर सामुदायिक सिकाई केन्द्र,खजुरा ५	१३००००	१७००००	३०००००
४	सितापुर सामुदायिक सिकाई केन्द्र, खजुरा २	१३००००	१७००००	३०००००
जम्मा		५२००००	८५००००	१२०००००

९९ **शिक्षक विद्यार्थी अनुपात**

स्थानीय तह अन्तरगत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार पदपूर्ति भइ नेपाल सरकारले तोकेको मापदण्ड अनुसार शिक्षक संख्या र विद्यार्थीको अनुपात मिलाई नियमित पठनपाठनको व्यावस्था हुनुपर्दछ । यस पालिका अन्तरगत रहेका ४८ वटा विद्यालयहरुको शिक्षक दरबन्दी तथा पदपूर्ति र विद्यार्थी माग गर्दा पालिकाबाट पेश हुन आएन । यस सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ साथै शिक्षक विद्यार्थी अनुपात नेपाल सरकारको मापदण्ड अनुसार तराई जिल्लामा ५० हुनुपर्नेमा मापदण्ड अनुसार नभएमा विद्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गरी शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयमा सामाजिक न्याय, समानुपातिक वितरण, भौगोलिक विषमतालाई ध्यान दिँदै गुणस्तरीय शिक्षा प्रर्वद्धनमा जोड दिन दरबन्दी मिलान तथा पुनर्वितरण गर्नुपर्दछ ।

१०० **निकासा विवरण**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शिर्षकमा स्वीकृत भएको रकम सो सेवा वा कार्यको निमित्त स्वीकृत सिमाभित्र रहेको र कुनै काम अनावश्यक रुपमा दोहोरो हुने गरी विभिन्न निकाय वा कर्मचारीबाट नगरिएको सुनिश्चित भएको एकिन गरी खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राखु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्टर खाता अद्यावधिक गरी राखु पर्दछ।

१०१ **अनुदानमा बङ्गुर वितरण** (५५२-2082-01-28):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवारी व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन बिल पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ ।नमुना विधिबाट लेखापरीक्षण गर्दा बङ्गुर व्यवसायलाई उन्नत जातको १४४ वटा विर, बच्चा ५०% अनुदानमा बङ्गुर संघर्षशिल सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेडबाट खरिद गरी ६७ जना कृषकलाई वितरण गरिएको छ । वितरण गरिने बङ्गुर स्वस्थ भएको व्यवस्था हुनुपर्नेमा खरिद गरिएको पशु स्वस्थ भए नभएको भेटेनरीको स्वास्थ्य जाँचको प्रमाणपत्र भएको पाइएन । पालिकाले पशुपन्छी खरिद गरी वितरण गर्दा अनिवार्य रुपमा भेटेनरीबाट स्वास्थ्य जाँच गराउनुपर्दछ ।

१०२ **कृषि अनुदान**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धि अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ ।यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत रू.२९,९३,३०६/- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकीकरण गर्नु गराउनु पर्दछ ।

गो भौ नं मिति	कार्यक्रम	खर्च रकम रू.
४०६।२०८१।११।२७	५१ जना गरिव तथा विपन्न वर्गको लागि ६३० वटा कुखुराको चल्ला वितरण	१९३८५०
४५२।२०८१।१२।१४	२२ जना व्यवसायिक कृषकलाई ६०% अनुदानमा च्याफ कटर वितरण	४८९६६०
५५३।२०८२।०१।२८	६७ जना कृषकलाई ५० प्रतिशत अनुदानमा बङ्गुर वितरण	४९७४००
६३९।२०८२।०२।२९	२०४ जना कृषकलाई ५० प्रतिशत अनुदानमा गहुँको बीउ बितरण	७७७४२०
५१७/२०८२/ ०१/ ०८	५० प्रतिशत अनुदानमा गहुँको बीउ बितरण	९९९१८०
जम्मा		**२९५७५१०**

१०३ **खाद्य सुरक्षा** (३०८-2082-03-25):

सार्वजनिक खरिद नियमावलीको दफा ८५ (४) मा सार्वजनिक निकायले एक लाख रुपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्ने व्यवस्था छ। पालिकाले खजुरा गाउँपालिकामा खाद्य सुरक्षा सुनिश्चित गर्न व्यवसायिक कृषि उत्पादन शिर्षकबाट डेलिभरी पाइप, MULCHING PLASTIC लगायतका सामाग्री खरिद गरेकोमा खरिद विलमा डेलिभरी पाइपको स्पेशिफिकेशन नखुलाई आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग नगरी लागत अनुमान वेगर न्यु शिव ट्रेडर्स लाई कर कट्टी गरी ७,८९,२७२ भुक्तानी गरेको देखियो।खरिद नियमावलीको पालना नगरी खरिद गरेको नियम सम्मत नदेखिएको रुकम रू.

अनियमित भएको	७,८९,२७२

१०४ **न्यानो झोला**

स्थानीय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, सुरक्षित निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम शिर्षकबाट देहायको गो भौ नं र मितिमा न्यानो झोला खरिद गरेकोमा देखिएको व्यहोरा निम्नानुसार छ ।

गो भौ नं मिति	भुक्तानी पाउने	दर	परिमाण	रकम रू
७५।२०८१।०९।०२	सिरिज नेटवर्क प्रा लि	७९०	५००	४४६३५०
२४८।२०८२।०३।१३		७९०	५००	४४६३५०
जम्मा			१०००	८९२७००

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक बर्ष २०८१।८२ मा स्थानीय तहवाट सञ्चालन गरिने स्वास्थ्य तर्फका शशर्त अनुदान अन्तर्गतका कृयाकलापहरु संचालन सम्वन्धी मार्गदर्शनको ब.उ.शि.नं. ३७००११०३ परिवार कल्याण कार्यक्रम अन्तर्गत पृष्ठ-८६ मा न्यानो झोला आपूर्ति भइसकेपछि स्थानीय तहले स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको एकिन गर्न आधिकारीक तहबाट गुणस्तर चेक जाँच गराई भुक्तानी दिनु पर्ने, न्यानो झोलामा प्रयोग हुने फलाटिन कपडाको गुणस्तर कम्तीमा १२० GSM को १०० प्रतिशत कटन हुनुपर्ने, भित्री भागमा प्रयोग हुने कपडा सुति नरम १०० प्रतिशत कटन हुनु पर्ने र यो कार्यक्रम सम्पन्न भईसकेपछि सम्बन्धित स्थानीय तहले अभिलेख राखी, प्रदेश स्वास्थ्य निर्देशनालय र परिवार कल्याण महाशाखामा प्रतिवेदन पठाउनु पर्नेछ व्यवस्था

छ। न्यानो झोला स्पेशिफिकेशन अनुसार सामान प्राप्त भए नभएको तथा कार्यविधीले तोकेको साइजमा न्यनो झोला आए नआएको पालिकाले निश्चित गरेको देखिएन। कार्यक्रम सम्पन्न भईसकेपछि सम्बन्धित स्थानीय तहले अभिलेख राखी, प्रदेश स्वास्थ्य निर्देशनालय र परिवार कल्याण महाशाखामा प्रतिवेदन पठाउनु पर्नेमा सो समेत गरेको पाइएन। गुणस्तरीय झोला खरिद गर्नुपर्ने तथा लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ साथै कार्यविधिको पालना गर्नुपर्दछ।

१०५ औषधी खरिद

पालिकाले यस आ.ब मा आधारभुत र आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिदका लागि रु.२२,०८,५४३/- खर्च लेखेको छ । सो सम्बन्धमा देखिएको व्यहोरा निम्न छन्ः-

गो भौ नं मिति	सप्लायर्स	रकम
१४५।२०८१।१२।२७	सिर्जना मेडिसिन सप्लायर्स	६४००००
७९।२०८१।०६।१५	रमन मेडिसेल्स	४५००००
२२४।२०८२।०३।०२	सिर्जना मेडिसिन सप्लायर्स	४९२०००
२८४।२०८२।०३।२२	रमन मेडिसेल्स	४९७०००
६६४।२०८२।०३।०२	सिर्जना मेडिसिन सप्लायर्स	१२९५४३
जम्मा		२२,०८,५४३

-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सोही नियमावलीको नियम ९ र सम्वन्धित मालसामानको स्पेशिफिकेसनको अधीनमा रही तयार गर्नुपर्नेछ। यसरी लागत अनुमान तयार गर्दा सम्वन्धित सार्वजनिक निकाय जस्तै जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्लो वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, उद्योग बाणिज्य संघले जारी गरेको दररेट आदिलाई आधार मान्नुपर्ने व्यवस्था छ ।लागत अनुमान तयार गर्दा केही फर्मवाट दररेट लिइ औषत दर कायम गरेको देखियो । लागत अनुमानको आधारका रुपमा दररेट लिइएका आपुर्तिकर्ताहरु आधिकारीक विक्रेता भए नभएको सम्बन्धमा कार्यालयले यकिन गरेको देखिएन। यसरी स्पष्ट आधारवेगर लागत अनुमानको तयारी गर्दा खरिद कार्य मितव्ययी र प्रतिस्पर्धी नहुन सक्ने देखिन्छ ।यस्तै प्रकृतिको सामान खरिद गर्ने निकायहरुको लागत अनुमानको दररेट निर्धारण प्रकृया, बजारको वास्तविक दर तथा गुणस्तर समेत विश्लेषण गरी लागत अनुमान तयार हुनुपर्दछ ।

- आपूर्ति हुने औषधी डब्लु.एच.ओ. सर्टिफाइड भएको औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख भएको भएतापनि पालिकाकै स्वास्थ्यकर्मीबाट मुचुल्का उठाई राख्ने गरेको देखियो।पालिकाले सम्बन्धीत विषय विज्ञबाट मुचुल्का उठाई राखेमा औषधी खरिदमा गुणस्तरीयताको सुनिश्चितता हुने तथा उक्त औषधीको प्याकेटमा निःशुल्क वितरणको लागि भनी खुलाउनुपर्दछ।

- औषधीको आवश्यकता निर्धारण गर्दा विगतको विरामी संख्या, जिल्ला स्वास्थ्य कार्यालय वा नेपाल सरकारको अन्य कार्यालयबाट प्राप्त हुने औषधी, सरकारले निशुल्क वितरण गर्ने भनि घोषणा गरेका औषधी, गैर सरकारी संस्थाबाट प्राप्त हुने भएमा सो समेतको यकिन गरी तथ्याङ्कको आधारमा मात्र खरिद गर्नुपर्दछ।स्वास्थ्य चौकीमा औषधी पुगेपछि केस रजिष्टरको आधारमा औषधी खर्चगरी औषधीको मौज्दात यकिन गर्ने व्यवस्था मिलाउनु पर्दछ त्यस्तै पालिकाबाट औषधी वितरण भएको औषधी स्वास्थ्य कार्यलयले व्यवस्थित अभिलेख राखी वितरण गरे नगरेको, स्वास्थ्य संस्थाले भणडारण व्यवस्थित गरे नगरेको र औषधीको उपयोगको अवस्था अनुगमन समेत गर्नुपर्दछ । तसर्थ औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, बाँकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१०६ सामाजिक सुरक्षा

१०६.१ सामाजिक सुरक्षा सञ्चचालन कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार गरिनु पर्दछ । पालिकाले सामाजिक सुरक्षा अन्तर्गत यस वर्ष रु.२४,३६,९९,५६७ बैङ्कलाई निकासा गरेकोमा देखिएका व्यहोराहरु

निम्नानुसार छन् ।

-लाभग्राहीको अभिलेख:- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मुल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यस्था छ । सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन ।साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वियनमा ल्याएको छ । उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरी फोटो सहितको पुरा विवरण अभिलेख राखी अद्यावधिक राख्नुपर्दछ ।

-यकिन नभएको : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधिको बुँदा नं १५ अनुसार भत्ता खाइपाई आएको कुनै व्यक्तिको मृत्यु भएमा मृत्यु भएको दिनसम्मको भत्ता भुक्तानी दिने व्यवस्था गरेको छ ।पालिकाले ६ वटा बैङ्कबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको जनाएको छ। पालिकाले लगत कट्टा पछि बैङ्कमा रहेको रकम यकिन गरेको देखिएन साथै बैङ्कले पालिकालाई फिर्ता गरेको रकमको विवरणको समेतको अभिलेख राखेको देखिएन। मृत्यु पछि वा अन्य कारणले खातामा रहेको रकमको सम्वन्धमा पालिकाले कुनै विवरण राखेको छैन। फिर्ता गर्न बाँकि रकम यकिन गरी पालिकाले वाँकी रकम संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

१०६.२-पारदर्शिताः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३३ मा स्थानीय तहको लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता वितरण सम्बन्धि जानकारी स्थानिय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने छ । त्यस्ता विषय सम्बन्धि सूचना स्थानीय एफ.एम लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्ने, स्थानीय तहले भुक्तानी गरेको रकम बुझिलिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्दछ। भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली सम्बन्धित स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था छ। पालिकाको निर्णय पुस्तिका तथा वेवसाईट अवलोकन गर्दा उल्ललेखित कार्यहरु भएको पाइएन ।

- सामाजिक सुरक्षा तथा संरक्षण तर्फको सामाजिक सुरक्षा भत्ता बितरण भई बैङ्कमा बाँकी रहेको रकम सम्बन्धमा कार्यालयको बिवरणमा एकिन हुन सकेन ।आगामी दिनमा कार्यालयले अघिल्लो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण पश्चात आगामी त्रैमासिकको लागि रकम निकाशा माग गर्दा अघिल्लो त्रैमासिकमा बचत हुन गएको वास्तविक रकम को.ले.नि.का. एकलखाता कोषमा फिर्ता गरेर मात्र निकाशा माग गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ मा ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनु पर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनु पर्नेछ, कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा, वा ऐन, नियामावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनु पर्ने, यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नु पर्ने, कुनै लाभग्राहीका प्रचलित कानून बमोजिमका सूचकले घटना दर्ता नगराएको अवस्थामा पनि स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जानकारी कुनै श्रोतबाट पाएमा आवश्यक सत्य तथ्य बुझी वडा कार्यालयले लाभग्राहीको लगत कट्टा गर्नु पर्ने, यसरी लगत कट्टा गर्दा स्थानीय तहलाई जानकारी गराई लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेकोमा दोहोरो दर्ता, बसाईसराई, नवीकरण नगराएको, मृत्युको गरी वर्षभरिमा जम्मा ३९ जनाको मात्र लगत कट्टा गरेको देखियो पालिकाले लगत कट्टा समयमै गर्ने र लगत अद्यावधिक गर्नेतर्फ ध्यान दिनुपर्दछ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : खजुरा गाउँपालिका, बाँके , खजुरा गाउँपालिका , बाँके

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	वस बहादुर राना	२०८०-८-२०	२०८२-०६-०२
कार्यालय प्रमुख	दिल बहादुर पौडेल	२०८२-०६-०२	हाल सम्म कार्यरत
लेखा प्रमुख	प्रदिप सुनार	२०७५-११-११	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,३८५,८८५	३१,१७७,८०९	११,४०८,८१३	०	०	१,५००,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	४६,४७२,५०७
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	२,९९२,४१२
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	४३,४८०,०९५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		८८८५४०७३.११	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४७२८२१७७२.८	चालु खर्च	५२०५३६७७४.१
प्रदेश सरकारबाट अनुदान	२२४४२००९	पूँजीगत खर्च	१७९४४३२९७.२
राजश्व बाँडफाँट	१४१४१४२८७	वित्तीय/अन्य व्यवस्था	२८८१११९८९.२
आन्तरिक आय	२०४८९१७१.५		
अन्य आय	२९२५७२७५२.१२		
कुल आय	९४९७३९९९२.४२	कुल खर्च	९८८०९२०६०.५
बाँकी मौज्दात		५०५०२००५.०३	

अनुसूची - २

बेरूजु दफा ३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

क.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.व.को कारोबार			गत आ.व. को कारोबार		
			नगद	तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		१४,९४,८२,७६८.९५	०	१४,९४,८२,७६८.९५	१३,४२,२०,०१९.८४	०	१३,४२,२०,०१९.८४
१३०००	अनुदान		४९,५१,३५,२३१.३२	०	४९,५१,३५,२३१.३२	४९,५१,०६,६३९.२६	०	४९,५१,०६,६३९.२६
१४०००	अन्यराजस्व		१,२६,०५,६४४.९९	०	१,२६,०५,६४४.९९	१,२६,६९,२८१.२३	०	१,२६,६९,२८१.२३
१५०००	विविधप्राप्ति		६२,०५४.००	०	६२,०५४.००	२,०८,४०८.००	०	२,०८,४०८.००
क	**कुलजम्मा प्राप्ति**		६५,७२,८५,६९९.२६		६५,७२,८५,६९९.२६	६४,२२,०४,३४८.३३		६४,२२,०४,३४८.३३
३	चालु		५२,०५,३६,७७४.१२	०	५२,०५,३६,७७४.१२	४९,७४,९३,९०५.८३	०	४९,७४,९३,९०५.८३
२१०००	पारिश्रमिक / सुविधा		१०,६५,९७,२६६.६०	०	१०,६५,९७,२६६.६०	२६,९९,२६,६८३.६९	०	२६,९९,२६,६८३.६९
२२०००	मालसामानतथा सेवाको उपयोग		१६,०६,७४,९७६.२५	०	१६,०६,७४,९७६.२५	१६,०५,९९,२८२.०२	०	१६,०५,९९,२८२.०२
२५०००	सहायता (Subsidy)		२४,५०,८३,९१४.२७	०	२४,५०,८३,९१४.२७	६,१०,९८,५८४.१२	०	६,१०,९८,५८४.१२
२७०००	सामाजिकसुरक्षा		६६,६०,६३९.००	०	६६,६०,६३९.००	४९,०७,०८५.००	०	४९,०७,०८५.००
२८०००	अन्यखर्च		१५,१९,९७८.००	०	१५,१९,९७८.००	९,६२,२७१.००	०	९,६२,२७१.००
४	पूंजीगत		१७,९४,४३,२९७.१६	०	१७,९४,४३,२९७.१६	२१,६०,६८,१०५.४४	०	२१,६०,६८,१०५.४४
३१११०	भवनतथा संरचना		५,५८,४७,१८६.६२	०	५,५८,४७,१८६.६२	२,७८,६१,९६४.५०	०	२,७८,६१,९६४.५०
३११२०	सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		८५,३१,२८५.००	०	८५,३१,२८५.००	१,७१,३२,२२०.७७	०	१,७१,३२,२२०.७७
३११३०	अन्यपूँजीगत खर्च		३८,७८,२२४.००	०	३८,७८,२२४.००	३८,३९,८०७.००	०	३८,३९,८०७.००
३११४०	सुरक्षाउपकरण		१३,०७,६८३.००	०	१३,०७,६८३.००	०	०	०
३११५०	सार्वजनिकनिर्माण		१०,८३,४०,७१७.४१	०	१०,८३,४०,७१७.४१	१६,४९,९७,८८३.१७	०	१६,४९,९७,८८३.१७
३११६०	निर्मितसरचनाकोसुधार खर्च		४,७६,१४७.००	०	४,७६,१४७.००	२,३६,३४५.००	०	२,३६,३४५.००
३११७०	पूँजीगतसुधार खर्च		१०,६२,०५४.१३	०	१०,६२,०५४.१३	१९,९९,८८५.००	०	१९,९९,८८५.००
ख)	**कुलजम्मा भुक्तानी**		६९,९९,८०,०७१.२८		६९,९९,८०,०७१.२८	७१,३५,६२,०११.२७		७१,३५,६२,०११.२७
ग)	**बचत /कमी (ग = क-ख)**		(४,२६,९४,३७२.०२)		(४,२६,९४,३७२.०२)	(७,१३,५७,६६२.९४)		(७,१३,५७,६६२.९४)
घ)	**धरौटी, आकस्मिक**		४३,४२,३०३.९४		४३,४२,३०३.९४	४५,४१,२२९.५०		४५,४१,२२९.५०

	कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)							
घ.१)	कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी							
ङ)	यसआ.ब.को नगद तथा बैक मौज्दात (बचत / (कमी)) (ङ = ग-घ)		(३,८३,५२,०६८.०८)		(३,८३,५२,०६८.०८)	(६,६८,१६,४३३.४४)		(६,६८,१६,४३३.४४)
च)	गतआ.व.को नगद तथा बैक मौज्दात		८,८१,२१,२८३.११		८,८१,२१,२८३.११	१५,५६,७२,५०६.५५		१५,५६,७२,५०६.५५
छ)	विनिमयनाफा/ घाटा तथा अन्य समायोजन							
ज)	आ.व.अन्तको बाँकी नगद तथा बैक मौज्दात (ज= ङ+च+छ)		४,९७,६९,२१५.०३		४,९७,६९,२१५.०३	८,८८,५६,०७३.११		८,८८,५६,०७३.११

बेरूजु दफा १८ सँग सम्बन्धित विवरण - अनुसूची -४

आम्दानी शीर्षक	२०७९/८० को राजश्व	२०८०/८१कोराजश्व	२०८१/८२को अनुमान	२०८१/८२को राजश्व	बढी/ घटी(२०८०। ०८१ को तुलनामा)
सम्पतीकर	४४१६१७०.२९	५४४६०८३.८	३५००००.	३४४३७३.२५	-५१०१७१०.५५
भुमिकर/ मालपोत	३४५०.	५२९३४.	४३०००००.	४२५६७३३.९५	४२०३७९९.९५
वहालकर	२१४०६६७.५६	२५३४८३९.३९	२५०००००.	३०९०७८५.२६	५५५९४५.८७
व्यवसायले भुक्तानी गर्ने		११५५.	०.		-११५५.
वहालविटौरी कर	४७९०४८.५	२७६३९०.	७५००००.	२२८५३०.५	-४७८५९.५
कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमालाग्ने कर		९३५०.	१००००.	१५८००.	६४५०.
अन्यकर	१३७८५९१.१५	४१६३९५.३७	१५०००००.	१३८००.	-४०२५९५.३७
सरकारीसम्पत्तीको वहालबाट प्राप्त आय	१३७४३२५.	०.	१४२००००.	०.	०.
पर्यटनशुल्क		०.	२००००.	०.	०.
अन्यविक्रिबाट प्राप्त रकम		१०००.	०.		-१०००.
कृषिउत्पादनको बिक्रीबाट प्राप्त रकम		५८७००.	१२००००.	११९४८०.	६०७८०.
अन्यसेवा शुल्क तथा बिक्री		९८६७२६.	१००००००.	४५४९५०.	-५३१७७६.
न्यायिकदस्तूर		१२९८०.	२००००.	४०८५०.	२७८७०.
शिक्षाक्षेत्रको आम्दानी		३४७६००.	४०००००.	१७६१००.	-१७१५००.
परीक्षाशुल्क	१०४६३२.	०.	४००००.	०.	०.
अन्यप्रशासनिक सेवा शुल्क		४५७५५०.	५०००००.	६७०५००.	२१२९५०.
नक्सापासदस्तुर	१०१६२३०.२२	१६८०८४३.४१	२३७२९००.१३	१५३५५८६.६७	-१४५२५६.७४
सिफारिशदस्तुर	८४०५५१.	३६१९५२५.	१५०००००.	३८५०५५०.	२३१०२५.

व्यक्तिगतघटना दर्ता दस्तुर	७०२४००.	६४४८००.	५०००००	६८०२००.	३५४००.
नाताप्रमाणित दस्तुर	१८५२१२.२३	३९९८००.	१०००००	५३६५५०.	१३६७५०.
अन्यदस्तुर	२३५७४१४.३९	११९८२०८.०८	१५०००००	९४०००७.८७	-२५८२००.२१
व्यावसायरजिष्ट्रेशन दस्तुर	५९१९००.	८५२००.	७२०७०९९.८७	२६५९७५.	१८०७७५
अन्यक्षेत्रको आय	२४२९६.०८	१६५००.	४००००.	६७३८७०.	६५७३७०
प्रशासनिकदण्ड जरिवाना र जफत		८००.	५३००००.	१३००.	५००.
धरौटीसदरस्याहा	१६२००००.	०.	९०००००.	०.	०.
चालुहस्तान्तरण		०.	१००००.	०.	०.
पुजिगतहस्ताणतरण		३००.	१००००.	०.	-३००
अन्यराजस्व	२३५४७१७.३९	२०९८२६३.४२	१४०००००.	२१८३५२५.	८५२६१.५८
व्यवसायकर		४२०२००.	५०००००.	३४७६५०.	-७२५५०.
बेरूजू		२०८४०८.	५०००००.	६२०५४.	-१४६३५४.
जम्मा	**१९५८९६०५.८१**	**२०९७४५५१.४७**	**३००००००००.**	**२०४८९१७१.५**	**-४८५३७९.९७**

बेरूजु दफा ३१ सँग सम्बन्धित विवरण - अनुसूची -५

विवरण	परिमाण	खरिद दर	बोलपत्रबाट खरिद दर	फरक	बढी व्ययभार
७४५-०८२।०३।१५ सत्य मेडिसेल्सलाई भुक्तानी भएको रु. ४ , ९९ , ९९०					
Paracetamol 500 MG	५०००	१	१	०	१६५०
Amoxycillin DT 250MG	२५००	४	२	२	४७२५
Chlorpheniramine 4MG Tab	५००००	३	०	२	१२१०००
Ciprofloxacin 500MG Tab	५०००	७	२	४	२२३५०
Ranitidine 150MG	२३०००	२	१	१	२८७५०
Amlodepin 5 MG Tab	१००००	४	०	४	३९७००
Azothromycin 500 MG	५००	२६	११	१५	७६८०
Clotrimazole Cream	५००	५४	१३	४१	२०२५०
Amoxycillin cap 500 MG	५०००	७	४	३	१५८००
जम्मा					२६१९०५
गो.भौ.नं. ७८९-०८२।०३।२९ बाट आर्लिन मेडिको फर्मालाई भुक्तानी रु. २ , १९ , ९७२					
Amlodepin 5 MG Tab	१४०००	४	०	४	५५५८०
Chlorpheniramine 4MG Tab	१४०००	३	०	२	३३८८०
Clotrimazole Cream	५३५	५४	१३	४१	२१६६८
Ranitidine 150MG	१००००	२	१	१	१२५००
जम्मा					१२३६२८
गो.भौ.नं. ७८९-०८२।०३।२९ बाट रमन मेडिसेल्सलाई भुक्तानी रु. १५३९८५					
Amlodepin 5 MG Tab	६०००	४	०	४	२३८२०
Amoxycillin cap 500 MG	२५००	७	४	३	७९००
Ciprofloxacin 500MG Tab	२५००	७	२	४	१११७५
Calamin Lotion	२००	५२	१२	४०	७९१४

30 ML					
Vitamin B complex Tab	९५००	३	१	२	१९०९५
जम्मा					६९९०४
गो.भौ.नं. ७९-०८१।०६।१५ बाट रमन मेडिसिेल्सलाई भुक्तानी रु. २ , ५० , ०००					
Calamin Lotion 30 ML	३००	५२	१२	४०	११८७१
Clotrimazole Cream	५००	५२	१३	३९	१९२९०
Neomycin Cream 10 gm	५००	६०	१५	४६	२२८२५
Metronidazole 400 mg	७५०	३५	१	३४	२५४२५
जम्मा					७९४११
गो.भौ.नं. ३३०-०८१।१०।१५ बाट रमन मेडिसिेल्सलाई भुक्तानी रु. ३ , ५० , ०००					
Amoxycillin cap 500 MG	१६००	६९	४	६५	१०४२७२
Amoxycillin DT 250MG	१०००	४३	२	४१	४०६८०
Chlorpheniramine 4MG Tab	२०००	२२	०	२१	४२६६०
Clotrimazole Cream	१०००	५२	१३	३९	३८७३०
Ranitidine 150MG	१०००	१७	१	१६	१६३००
Cephexim	१००	१७२	५	१६७	१६७१५
जम्मा				0	२५९३५७
गो.भौ.नं. ४६५-०८१।१२।२० बाट रमन मेडिसिेल्सलाई भुक्तानी रु. १ , २९ , ८१२					
Ranitidine 150MG	१५०००	२	१	१	१२३००
Chlorpheniramine 4MG Tab	२००००	२	०	२	३९६००
Ibuprofen 400mg	४६०	१७	१	१६	७५०७
Vitamin B complex Tab	२००	२६	१	२५	५०४६
जम्मा					६४४५३

कुल जम्मा रु.	८, ५८ , ६५७

बेरूजु दफा ४६.२ सँग सम्बन्धित विवरण - अनुसूची - ६

मिति	भौन	योजनकोनाम	लागतअनुमान	सम्झौतारकम	भुक्तानीकम	लागतअनुमानको तुलनामा घटी प्रतिशत	भुक्तानीपाउने
०६/२०/२०८१	१६	अशफाकको घरदेखि झोतु खांको घर सम्म आर.सी.सी	९७३८५८	९६३२१३	९५००००	१.०९	एपिनिर्माण सेवा
०७/०१/२०८१	२३	वडा नं २सामुदायिक भवन अगाडी सोइलिंङ्ग र आ.र.सि. कार्य	९७३५०८	९७०२९९	९६८२९०	०.३३	सौरभकन्सट्रक्सन
०७/१२/२०८१	३०	गापाभित्रका विपन्न वर्ग भवन स्तरोन्नती कार्य	२४५२२५	२४४५७५	२३७६०३	०.२७	जय गुरुदेवकन्सट्रक्सन
०७/१३/२०८१	३९	ह्युमपाइपखरिद तथा व्यवस्थापन वडा नं ६	६७२३६२	६७२३६२	६७२३६२	०.००	श्रीबालाजी ह्युम पाइप तथा विद्युत पोल उद्योग
०९/०१/२०८१	५९	लल्लुकोखाँको घर देखि मतिन खाँको घर सम्म बाटो पि.सि.सी. (कलहंसन गाउँ)	२४३४९२	२३८१४८	२३६८०३	२.१९	आर्चिविल्डर्स प्राली
०९/१२/२०८१	६६	वागेश्वरीमन्दिर देखि दक्षिण वाटो स्तरोन्नति	३४०३३२	३३८०४८	३२४१३३	०.६७	भवानीनिर्माण सेवा
०९/२४/२०८१	७१	६ नं वडाकार्यालय मर्मत	१९४४५२	१९१४१९	१८१६८९	१.५६	वशिष्ठनिर्माण सेवा
०९/२५/२०८१	७३	वडा नं ५अन्तर्गत सडक मर्मत	३०४१११	२९७९४९	२९६५९३	२.०३	शुभशान्तीनिर्माण सेवा
०९/२९/२०८१	८४	रामपुरडाँडामा माटो ग्राभेल	४८६९७९	४८५४४९	४८५०९३	०.३१	सविनाकन्सट्रक्सन एण्ड सप्लायर् स
१०/१३/२०८१	९६	वडाकार्यालय शौचालय मर्मत	९९६७१	९३५९९	९२५८७	६.०९	कृष्ण लिलाकन्सट्रक्सन
१०/१५/२०८१	९८	एसीखरिद	५४९३००	५४९३००	५४९३००	०.००	विगइन्फोसिस तथा रिजाल इन्फोसिस वाट खरिद
११/२७/२०८१	११४	सुमनपौडेलको घर देखि सितारानी थारुको घर सम्मको बाटो पि.सि.सि वडा नं ६	२९९३६०	२८८०७८	२८६९९१	३.७७	भवानीनिर्माण सेवा
११/२९/२०८१	११६	वडा नं ८को मर्मत कार्य	४८६५४७	४७८३७६	४७५९७९	१.६८	इन्फ्राविल्डर्स
११/२९/२०८१	११७	मोहनकार्कीको घर देखि शुभकामना बहुउद्देश्यीय सहकारि भवन हुदै कल्पना लामाको घर सम्मढकनी सहित नाली निर्माण	९७२३५६	९६६४६९	९५७४११	०.६१	पुनर्निर्माण सेवा

१२/०४/२०८१	११८	वडा नं ३सहिद स्मारकको प्रांगनमा विधुतीकरण इन्टरलक पेन्ट तथा शिलालेख निर्माणको कार्य	७३९०९०	७३४१८९	७२५८५९	०.६६	अशोकनिर्माण सेवा
१२/०४/२०८१	११९	विभिन्न ३योजना	९४४८३५	९४१८३९	९३३७१३	०.३२	सिद्दमालिका निर्माण सेवा
१२/०७/२०८१	१२७	गुलरियासडक खण्डको दक्षिण रिशिकेश जि सी को घर हुँदै राजु रानाभाट बाटोनिर्माण वडा नं ३	१९४२१०	१९२४१५	१८६९२२	०.९२	प्रभुडेभलपमेन्ट
१२/१०/२०८१	१३०	खजुरा गापा३र ४ विभिन्न स्थानमा मर्मत	९७१७२६	९६३६५२	९५७४२९	०.८३	स्ट्रेटलाइन कन्सट्रक्सन प्राली
१२/१७/२०८१	१३२	वडा नं २ र५ को विभिन्न स्थानमा ग्राभेल र मर्मत	९१४७९२	९१०७५५	९०००३१	०.४४	हेमाकन्सट्रक्सन
१२/१७/२०८१	१३३	४ नं वडाकार्यालय पार्टेशन तथा रेलिङ्ग अलमुनियम कार्य	२३८४०३	२३६०१२	२३४८५१	१.००	मन्सुसप्लायर्स
१२/२१/२०८१	१३६	सडकका‍लोपत्रे तथा पि.सी.सी. रमेश थारुको घर देखि घिया चौक सम्म वडा नं ८	६७४२६४	६७११२३	६६७७२४	०.४७	डिजिटकन्सट्रक्सन एण्ड विजि ग्रुप
१२/२१/२०८१	१३८	पर्खालनिर्माण इ्दगाह, चमकदारपुर	२९२०३९	२८९३३४	२८८६७१	०.९३	प्रभुडेभलपमेन्ट विल्डर्स
१२/२५/२०८१	१४०	सुरेशयादवको घरदेखि दक्षिण यादव टोल सम्म बाटो पि.सि.सी. (कलहंसन गाउँ)	१४५९१५	१४२७९०	१३८२०६	२.१४	आर्चिविल्डर्स प्राली
१२/२९/२०८१	१४४	देव स्थलबसन्तपुर मन्दिर मर्मत	९७०८५	९४०८८	८७४६५	३.०९	आर्चिविल्डर्स प्राली
०१/०९/२०८२	१५३	समि अहमदशेषको घर देखि कृष्ण परियारको घर सम्म बाटो ग्राबेल	२९१९०९	२८६४०९	२८१२२८	१.८८	शुभ एन एसकन्सट्रक्सन प्राली
०१/०९/२०८२	१५४	ज्ञानबहादुर शाहीको घर देखि शेर बहादुर बोहराको घर सम्म बाटो ग्राबेल	२९१७७४	२८७३२३	२८२३८२	१.५३	शुभ एन एसकन्सट्रक्सन प्राली
०१/२१/२०८२	१६२	विभिन्न ३योजना	९७३९९८	९६०३८४	९५२१६१	१.४०	सौरभकन्सट्रक्सन
०१/२५/२०८२	१६६	पक्कि नालीनिर्माण असफाक खाँको घर देखि ठुलो मस्जीद सम्म	२४३०६०	२३८३४४	२३७४५२	१.९४	वशिष्ठनिर्माण सेवा

०१/३०/२०८२	१७२	वडा नं ७विभिन्न सडक मर्मत	४८६२१२	४७६८९५	४७२८५६	१.९२	डि एसकन्सट्रक्सन
०२/०५/२०८२	१७७	बाटोस्तरोन्नती छगौडेपुर	९७३३२	९५६०७	९४४३४	१.७७	वशिष्ठनिर्माण सेवा
०२/१२/२०८२	१८०	खजुरा १किराना नाला पुल देखि दक्षिण पिकनिक स्थल बाटो स्तर उन्नती सम्म	३४०९४८	३३८५०८	३३५५२६	०.७२	मान्सीएण्ड पुर्वान्सी कन्ट्रक्सन
२०८२/०२/३०	२०२	३ वटायोजना	७३०४६०	७२७४५३	७२६१६५	०.४१	वशिष्ठनिर्माण सेवा
२०८२/०२/३१	२०३	पुजनी पोखरी पसियान टोल मन्दिर मर्मत,हडियामरिमाता मन्दिर डलैपुर मर्मत	२९१८०२	२८९४७८	२८४२३५	०.८०	वसुधरानिर्माण सेवा
०३/०२/२०८२	२०६	वाटो मर्मतवडा नं ६	४८६९८२	४८१८०८	४७८१९८	१.०६	पंचकोशीकन्सट्रक्सन ज्वाला ट्रेडर्स एण्ड सप्लायर्स
०३/०३/२०८२	२०७	बि गाउँ ९४नं देखी उत्तर खजुरा गाउँपालिका जोड्ने बाटो स्तरउन्नती , बि गाउँ ३३ नंदेखी पुर्व पेडारी नालातिर जाने बाटो स्तरउन्नती	९९९९८५	९६५३४४	९६३७०४	३.४६	बि फोरनिर्माण सेवा
०३/१२/२०८२	२१९	बाटोस्तरोन्नती छगौडेपुर	१९४८२६	१९२८७०	१९१२०३	१.००	मान्सीएण्ड पुर्वान्सी कन्ट्रक्सन
०३/१२/२०८२	२२०	बहुउद्देश्यीयसभाहलमा पानी टंकी र गेट निर्माण	९९९४६३	९६८४०६	९६२९५८	३.११	विकासनिर्माण सेवा
०३/१५/२०८२	२२७	सडक मर्मतखजुरा गा.पा. ८ बाँके	३८९०७५	३८४४०९	३८२४००	१.२०	कृष्णाविल्डर्स
०३/१५/२०८२	२२८	कवरिस्तानमर्मत खजुरा गा.पा. ८ बाँके	९६९०२	९५९५७	९४६५०	०.९८	के आरकन्सट्रक्सन
०३/१७/२०८२	२३८	श्रीमनकामना मा.वि. बलभद्रपुर ई गाउँको फिल्ड माटोपटान	७७३९८०	७६९९३१	७६४४४४	०.५२	सीता कर्णनिर्माण सेवा
०३/१७/२०८२	२४०	भण्डारीयामस्जिदमा धर्मशाखा निर्माण	१०६८९६	१०५७९८	१००४३२	१.०३	सीता कर्णनिर्माण सेवा
०३/१७/२०८२	२४१	वडा नं ४का विभिन्न ठाउँमा बाटो मर्मत तथा ह्यमपाईप जडान	९१८८५	९०६२५	८८८८९	१.३७	सीता कर्णनिर्माण सेवा
०३/२०/२०८२	२५२	ह्युमपाइपखरिद तथा	१२९८२०	१२९८२०	१२९८२०	०.००	जय मादुर्गा ट्रेड सेन्टर

		व्यवस्थापन वडा नं ८					
०३/२०/२०८२	२५५	पुजनीतालतथा मन्दिर संरक्षण	४८६४६१	४८४९९९	४८०८९६	०.३०	प्रशिद्दनिर्माण सेवा
०३/२२/२०८२	२६०	२योजना	४४५०००	४४५०००	४४५०००	०.००	के एस जनरलअर्डर एण्ड सप्लायर्स
०३/२३/२०८२	२७०	ग्राभेलमाटोको कार्य वडा नं ७	३००७८३	२९५४७१	२९१८२१	१.७७	नवदुर्गानिर्माण सेवा प्राली
०३/२३/२०८२	२७६	खजुरा१ को विभिन्न स्थानमा बाटो ग्राभेल	३८९५६९	३८६९८६	३८४९९३	०.६६	निरजनिर्माण सेवा
०३/२४/२०८२	२८०	वडानं ७ कलहंस गाउँको सुन्दर खाँको घर देखि जमिलको इट्टा भट्टा सम्म बाटोस्तरउन्नती	९७३५८१	९५८९५९	९३८३८१	१.५०	शुभमनिर्माण सेव
०३/२४/२०८२	२८५	पालिकाभित्रका विभिन्न मर्मत संभार	९२३७४३	९०८९२२	९०१६३२	१.६०	केस ग्रुपप्राली
०३/२४/२०८२	२९२	प्रशासनिकभवन प्रांरङ्गनमा माटो पटान र ग्रावेल	९९३८८४	९६१२२४	९३९७६८	३.२९	स्काइमेरिडियन इन्जिनियरिङ एण्ड कन्सट्रक्सन
०३/२५/२०८२	२९५	लज्जीरामअहिरको घर देखि रामु यादवको घर सम्म बाटो आर.सी.सी. (बठवा गाउँ)	२९१४३३	२८५४३७	२७५५८०	२.०६	शुभशान्तीनिर्माण सेवा
०३/२५/२०८२	३०१	श्रीमाताघटघटेश्वर जगदम्वा मन्दिर वडा नं ३	१९४५१८	१९१०९०	१८८४४२	१.७६	निरजनिर्माण सेवा
०३/२५/२०८२	३०७	वडा नं २गौरीनगर स्कुलमा लघुउद्दमका लागि थप पुर्वाधार निर्माणगर्न भवन मर्मत	४३०५२३	४२५७०९	४४९०६२	१.१२	नेत्रविल्डर्स प्राली
०३/२५/२०८२	३०९	मस्जिददेखि फेरन खाँको घर सम्म उत्तर र दक्षिण फौजदारको घर सम्म बाटो आर.सि.सी. (बर्गदही)	५८४७०६	५७६९९१	५७२७९५	१.३२	तेज श्रीइन्जिनियरीङ एण्ड कन्सट्रक्सन
०३/२५/२०८२	३१०	नर बहादुरशाहीको घर देखि गगन परियारको घर सम्म बाटो स्तरोन्नती (सिमलघारी)	३८९३२१	३८५४३६	३६९५१८	१.००	तेज श्रीइन्जिनियरीङ एण्ड कन्सट्रक्सन
०३/२५/२०८२	३११	खड्कयोगिको घर देखि टिकानाथ योगिको घर	२७२००१	२६८९७१	२६३७२९	१.११	एपिनिर्माण सेवा

		सम्म बाटो पि.सि.सी. / **देबबहादुर वलीको घर देखि अजिम खाँको घर सम्म बाटो पि.सि.सी. (सिमलघारी)**					
०३/२५/२०८२	३१२	खजुरा वडानं ३ का विभिन्न स्थानहरु विधुत पोल	१९२९०१	१८९८४४	१७२४०९	१.५८	शुभशान्तीनिर्माण सेवा
०३/२५/२०८२	३१३	राम जानकीमन्दिर उत्तर तर्फ १४ नं देखि सुमित्रा विकको घर सम्म जाने बाटो ग्रावेल	२९९८५६	२९००७१	२८५३८५	३.२६	पवनविल्डर्स
०३/२५/२०८२	३३०	खजुराव्याटमेन्टन कभर्ड हलमा ट्रस्ट निर्माण	९९११५१	९६४६६४	९६४६६४	२.६७	प्रेसियसनिर्माण सेवा
०३/२५/२०८२	३३३	वडा नं ३राम कुमारको घर देखि सभाहल जाने बाटोमा ग्रावेल तथा इन्टरलक विछ्याउने कार्य रमोहन कार्कीको घर देखि क गाउँ तर्फको बाटो स्तरउन्ती	२९९१९९	२८८७८०	२८६०९३	३.४८	लाइटकन्सट्रक्सन
०३/२५/२०८२	३३६	वडा नं ५महेश गुप्ताको घर देखि रझेना पानी पोखरी सम्मको बाटो स्तरउन्नती तथा नालीनिर्माण	९७३४८०	९७१०४०	९६६०४५	०.२५	ह्याप्पीहोम इन्जिनियरि एण्ड कन्सट्रक्सन वैजनाथ ५ वाँके
०८२/०३/२५	३३८	जाहिरपुर्वासलामत नाउको घर देखि खलिल बेहनाको घरसम्म पक्कीनाली निर्माण वडा नं ६	४८६३७८	४८२२०९	३१७९७४	०.८६	शिवमकन्सट्रक्सन खजुरा ३ वाँके
०३/२५/२०८२	३४१	जैतुन चर्चपिसिसि वडा नं ६ सिमलघारी देखि वलिचोकसम्म सडकको नालीमा बाटो क्रस गर्ने स्थानमास्लाप निर्माण	३४०५६३	३३४४२६	३२८०००	१.८०	पवनविल्डर्स
०३/२५/२०८२	३४३	सिमलघारीचोक देखि वली चोक सम्म विद्युत पोल खरिद तथा जडान	१८१२४८	१८१२४८	१८९०००	०.००	वैष्णवीनिर्माण सेवा
			३०५११५२०	३०११६३२७	२९६७००२९		

दररेट संलग्न गरी खरिद गरिएको मेसिनरी औंजारहरु

मिति	भौन	कार्यक्रमकोनाम	भुक्तानीरकम	आपुर्तिकर्ता	खरिदसंख्या
०३/२५/२०८२	३०२	गाउँपालिकाकोप्रशासनिक भवन र बैठक हलमा एसि जडान	९९७९९०	आइ आरकम्प्युटर्स	दररेट मागगरी १० थान खरिद गरिएको
०३/२४/२०८२	२८२	अन्यसरकारी कार्यालयमा एसि लगाएतका मेसिनरी सामान / मेशिनरी तथा औजार	४९८८९५	इन्फिनिटीभइन्टरप्राइजेज	१ थान एसीव्याट्रि लगायतको खरिद
१०/१५/२०८१	९८	रजनवामस्जिद एसी जडान/ नुरनी मस्जिद एसी जडान/ स्वास्थ्य संस्थालाई आवश्यक ल्यापटपखरिद कार्यको लागी खर्च	५४९३००	विगइन्फोसिस रिजाल इन्फोसिसि	कार्यक्रमअनुसार दर संलग्न गरी खरिद
०३/२४/२०८२	२८३	मेशिनरीतथा औजार	७०५०६९	संजिताइन्टरप्राइजेज	३ वटा दरसंलग्न गरि खरिद
०७/१२/२०८१	३८	मेशिनरीतथा औजार	९९०००	रिजालइन्फोसिस	मेसिनरीसामान
०८/१२/२०८१	४८	मेशिनरीतथा औजार	२०९३९९	रिजालउग्रतारा इन्फोसिस	विभिन्नसामाग्री
१२/०६/२०८१	१२६	मेशिनरीतथा औजार	१२६५६०	निन्जाइन्फोसिसि	विभिन्नसामाग्री
१२/२९/२०८१	१४३	मेशिनरीतथा औजार	५२०५०	विभिन्न ३सप्लायर्स	विभिन्नसामाग्री
०१/०२/२०८२	१४८	मेशिनरीतथा औजार	२२८६०	ग्लोवरइन्फोटेक	विभिन्नसामाग्री
०३/०२/२०८२	२०५	मेशिनरीतथा औजार	३६४९००	ग्लोवरइन्फोटेक दुर्गा इन्फोटेक	विभिन्नसामाग्री
०३/०२/२०८२	२०५	मेशिनरीतथा औजार	२६९९५०	दुर्गाइलेक्ट्रिक	विभिन्नसामाग्री
०३/२५/२०८२	२९८	मेशिनरीतथा औजार	१६९१५९	दुर्गाइलेक्ट्रिक	विभिन्नसामाग्री
०३/२५/२०८२	३०८	मेशिनरीतथा औजार	४६२०००	उग्रताराइन्फोटेक	ल्यापटपव्याट्रि लगयातको खरिद
०३/२५/२०८२	३२६	मेशिनरीतथा औजार	४७६०००	इन्फिनिटीभइन्टरप्राइजेज, युनिक कम्प्युटर्स	इन्भर्टरव्याट्री लगायतको सामाग्रीहरु
			५००३१३२		

दररेट संलग्न गरी खरिद गरिएको विद्युत पोल तार जडानको कार्यहरु

मिति	भौन	योजनको नाम	लागत अनुमान	सम्झौता रकम	भुक्तानी कम	भुक्तानी पाउने
१०/१४/२०८१	९७	वडाको आवश्यक स्थानमा विद्युत पोलतार जडान वडा नं ५	५८३६०७	५७७८७१	५६७११६	टिके इन्जिनियरीङ एण्ड कन्स्ट्रक्सन
०१/०८/२०८२	१५२	बिद्युत तार पोल गापा			३९९५००	आधिखोला सप्लायर्स
०१/२१/२०८२	१६३	खजुरा १ विभिन्न टोलमा विद्युपोल र तार जडान कार्यक्रम	६३३१२८	६३१०७१	६३०७४४	सुर्यउदय निर्माण सेवा
०३/१७/२०८२	२४२	बिद्युत तार पोल खरिद तथा जडान खजुरा ७	७७८९०७	७६५७०६	७१६४७३	ओम शान्ति ट्रेड एण्ड सप्लायर्स
०३/१९/२०८२	२५०	विद्युत तारपोल खरिद तथा जडान खजुरा गा.पा. ८ बाँकि	६४७५१३	६३८०४८	६१६७२८	जय वालाजी कन्स्ट्रक्सन
०३/१९/२०८२	२५१	विद्युत तारपोल खरिद तथा जडान खजुरा गा.पा. १ र ३ बाँकि			२१०९९६	के एसके एण्ड जनरल अर्डर सप्लायर्स
०३/२२/२०८२	२५८	मैटहवा मन्दिरमा वत्ति जडान			१२५०००	दुर्गा इलेक्ट्रिक्सवाट खरिद
०३/२५/२०८२	३१५	विधुत तार पोल उर्जा वडा नं ४			६४७२५८	पञ्चदेवि निर्माण सेवा
०३/२५/२०८२	३१६	के गाउँ ९७ नं प्लट देखि उत्तर तर्फको के १०१ नं को प्लट सम्म माटो पटान तथा ग्रावेल-	१५०७७४	१४९०३२	१६७२०२	अशोक निर्माण सेवा
०३/२५/२०८२	३२०	नेपालगंज गुलरिया सडक देखि बेल बहादुर घिमिरेको घरसम्म जाने बाटो पटान तथा ग्रावेल			९३७६५	स कन्स्ट्रक्सन प्राली
					४१७४७८२	

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।